जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ • अंक १३९ • २०८३ साल आश्विन २० गते मंगलबार (6 October, Tuesday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## पिपराका प्रमुख प्रशासकीय अधिकृत मिश्रको जिम्मेवारी रद्द

**टुडे समाचारदाता**

जनकपुरधाम । सरुवा भएर नयाँ जिम्मेवारीमा जानुपर्ने कर्मचारी पिपरा गाउँपालिकामै बसेपछि भूमि व्यवस्था, सहकारी, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले प्रमुख प्रशासकीय अधिकृत सन्तोषकुमार मिश्रको आर्थिक तथा प्रशासनिक जिम्मेवारी रद्द गरेको छ ।

मन्त्रालयले जनाए अनुसार पिपरा गाउँपालिकामा कार्यरत प्रमुख प्रशासकीय अधिकृत मिश्रलाई यसअघि नै अन्यत्र सरुवा गरिएको थियो । तर, सरुवा भएको निकायमा हाजिर नगरी उनी सोही गाउँपालिकामै कार्यरत रहँदै आएका थिए । यसैबीच नयाँ खटाइएका प्रमुख प्रशासकीय अधिकृतलाई समेत गाउँपालिकाले हाजिर गराएन ।

सरुवा भएर पनि साविककै कार्यालयमा कार्यरत रहेको तथा नयाँ प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराइएको विषयमा मन्त्रालयले उनको आर्थिक तथा प्रशासनिक जिम्मेवारी रद्द गरेको छ ।

मन्त्रालयले पिपरा गाउँपालिकालाई नयाँ प्रमुख प्रशासकीय अधिकृतका रूपमा खटाइएका कर्मचारीलाई आर्थिक तथा प्रशासनिक जिम्मेवारीसहित तत्काल कामकाजमा लगाउन निर्देशन दिएको छ ।

त्यस्तै, सरुवा भएका शाखा अधिकृतलाई समेत तत्काल सरुवा भएको निकायमा हाजिर हुन मन्त्रालयले निर्देशन दिएको छ ।

### महेन्द्र यादव फेरि सहमहामन्त्रीमा उठ्दै

# रामपल्टन र मुक्ता यादवको पनि दाबी, धनुषाबाट पदाधिकारीमा पनि उम्मेदवारी

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको १५औँ महाधिवेशनमा पूर्वसहमहामन्त्री तथा पूर्वमन्त्री महेन्द्र यादवले पुनः सहमहामन्त्री पदमा उम्मेदवारी दिने घोषणा गरेका छन् । १४औँ महाधिवेशनमा मधेशी क्लस्टरतर्फबाट सहमहामन्त्री निर्वाचित भएका यादवले एक कार्यकालको अनुभवलाई आधार बनाउँदै यसपटक पनि सोही पदमा दोहोरिने तयारी गरेका छन् ।

१४औँ महाधिवेशनमा तत्कालीन सभापति शेरबहादुर देउवा समूहबाट मधेशी क्लस्टरतर्फ २ हजार २६ मत प्राप्त गरी सहमहामन्त्री निर्वाचित भएका यादवले दोस्रो कार्यकालको दाबी व्यक्तिगत महत्वाकांक्षाभन्दा संगठनात्मक अनुभवलाई निरन्तरता दिने उद्देश्यमा केन्द्रित रहेको बताएका छन् ।

यादवको पुनः उम्मेदवारीलाई केवल पद दोहोऱ्याउने चाहनाका रूपमा मात्र नभइ मधेशी प्रतिनिधित्व, कांग्रेसभित्रको शक्ति सन्तुलन, अघिल्लो कार्यकालको अनुभव र पछिल्लो राजनीतिक समीकरणसँग जोडेर हेर्न सकिन्छ ।

असोज २० गते हुने उम्मेदवारी दर्ताका लागि यादवसँगै मधेशी क्लस्टरतर्फबाट धनुषाका रामपल्टन साहले पनि सहमहामन्त्रीमा उम्मेदवारी दिने घोषणा गरेका छन् । धनुषाकी मुक्ता कुमारी यादवले पनि सहमहामन्त्री पदमा उम्मेदवारी दिने घोषणा गरेकी छन् । तर उनले मधेशी क्लस्टरबाट उम्मेदवारी दिने हुन् वा महिला क्लस्टरबाट भन्ने अझै स्पष्ट भएको छैन । मुक्ता यसअघि गगन थापा समूहबाट सहमहामन्त्रीको जिम्मेवारी सम्हालिसकेकी छन् ।

धनुषाबाट उपसभापति पदमा चन्द्रमोहन यादव तथा सदस्य पदमा मनोजकुमार साहले मधेशी क्लस्टर, प्रफुल्लकुमार घिमिरेले भूगोल र मिनाक्षी झाले महिला क्लस्टरतर्फबाट उम्मेदवारी घोषणा गरेका छन् ।

धनुषाका चार निर्वाचन क्षेत्रमध्ये क्षेत्र नम्बर १ र ३ बाट मात्र महाधिवेशन प्रतिनिधि सहभागी भएका छन् । कांग्रेस नेता जीवनाथ चौधरीका अनुसार दुवै क्षेत्रबाट ४१-४१ जना प्रतिनिधि सहभागी छन् । क्षेत्र नम्बर २ र ४ भने विवादित छन् ।



धनुषा क्षेत्र नम्बर ४ को विवादका कारण केन्द्रले महेन्द्र यादव, चन्द्रमोहन यादव, योगेन्द्र पँजियार र नवलकिशोर यादवलाई प्रतिनिधिका रूपमा मनोनित गरी सहभागी गराएको छ। तर धनुषा कांग्रेसका सभापतिसमेत रहेका योगेन्द्र पँजियारले उक्त मनोनयनको विरोध गर्दै आफूले नमान्ने बताएका छन् । क्षेत्र नम्बर २ को विवाद भने अझै टुंगिएको छैन ।

देउवा समूहका प्रभावशाली मधेशी नेताका रूपमा चिनिएका यादव विशेष महाधिवेशनमा सहभागी भएका थिएनन् । त्यसपछि भने उनले विशेष महाधिवेशनमा सहभागी नभएका नेताहरूलाई समेत गगनकुमार थापालाई सभापति स्वीकार गर्दै पार्टीभित्र एकताबद्ध भएर अघि बढ्नुपर्ने धारणा राख्दै आएका छन् ।

देउवा समूह छाडेर थापा नेतृत्वमा आउनुको कारणबारे यादव भन्छन्, "म कुनै समूहको होइन, कांग्रेसको नेता हुँ । कांग्रेस जहाँ छ, म त्यहाँ छु । देउवा वा गगन समूहभन्दा पनि पार्टीको आधिकारिकता र कांग्रेसलाई थप सशक्त र मजबुत बनाउने पक्षमा म छु ।" एकपटक सहमहामन्त्रीको जिम्मेवारी सम्हालिसकेपछि फेरि त्यही पदमा उम्मेदवारी दिनुको कारणबारे यादवले पदभन्दा पार्टी र संगठनलाई प्राथमिकता दिएको बताए ।

उनका अनुसार दोस्रो कार्यकालको दाबी व्यक्तिगत महत्वाकांक्षाभन्दा आफूले हासिल गरेको संगठनात्मक अनुभवलाई निरन्तरता दिने उद्देश्यमा केन्द्रित छ । पदाधिकारी तहमा हासिल गरेको अनुभवलाई पार्टी र मधेशबीचको सम्बन्ध थप बलियो बनाउने अवसरका रूपमा लिँदै उनले सहमहामन्त्रीमा पुनः उम्मेदवारी दिन उपयुक्त ठाने ।

## कांग्रेसको संशोधित विधान पारित

**टुडे समाचारदाता**

जनकपुरधाम । नेपाली कांग्रेसको १५औँ महाधिवेशनअन्तर्गत दोस्रो दिनको बन्दसत्रले महामन्त्री प्रदीप पौडेलले पेस गरेको संशोधित विधान पारित गरेको छ ।

प्रवक्ता देवराज चालिसेका अनुसार संशोधित विधानमा केन्द्रीय कार्यसमिति २९७ सदस्यीय रहने व्यवस्था गरिएको छ । जसअनुसार एक सभापति, एक वरिष्ठ उपसभापति, चार उपसभापति, तीन महामन्त्री र १५ सहमहामन्त्री रहनेछन् । उपसभापति र महामन्त्रीमा कम्तीमा एक-एक जना महिला अनिवार्य गरिएको छ । विधानमा विभिन्न समावेशी क्लस्टरबाट केन्द्रीय सदस्यको प्रतिनिधित्व सुनिश्चित गरिएको छ । साथै सातै प्रदेशबाट ३५ वर्षमुनिका २१ जना युवा, अपांगता भएका व्यक्तिबाट एक जना र प्रजातन्त्र सेनानीबाट तीन जना केन्द्रीय सदस्य रहने व्यवस्था छ । केन्द्रीय कार्यसमितिले थप ६६ जना सदस्य मनोनित गर्नेछ ।

विधान पारित भए पनि सभापति, उपसभापति र कोषाध्यक्षको प्रतिवेदन भने मंगलबारको बन्दसत्रबाट पारित गरिनेछ । मंगलबार बिहान १० बजेदेखि उम्मेदवारी मनोनयन शुरु हुने भएकाले विधान सोमबार नै पारित गरिएको छ ।

### 'मधेशको खानेपानी समस्या समाधान गर्न केन्द्रको साथ आवश्यक'

# जमिनमुनिको पानीको सतह घट्दै, तिहारपछि समस्या गम्भीर बन्ने चेतावनी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले तराई-मधेशमा देखिँदै गएको खानेपानीको समस्या तत्काल समाधान गर्न संघीय सरकारको सहयोग आवश्यक रहेको बताएका छन् ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा सोमबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को २१औँ बैठकमा मुख्यमन्त्री यादवले तराई-मधेशमा जमिनमुनिको पानीको सतह कमजोर हुँदै गएको भन्दै समयमै आवश्यक कदम चाल्न संघीय सरकारको ध्यानाकर्षण गराएका छन् ।



मुख्यमन्त्री यादवले तिहारपछि तराई-मधेशमा खानेपानीको समस्या थप गम्भीर बन्न सक्ने चेतावनी दिँदै यसको यथासक्य छिटो व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । उनले खानेपानीको समस्या समाधानका लागि आवश्यक योजना, स्रोतसाधन र सहकार्य सुनिश्चित गर्न सरकारसँग आग्रह गरे ।

उनले भने, "तराई-मधेशमा अहिले जमिनमुनिको पानीको सतह कमजोर भइरहेको छ, तिहारपछि थप समस्या हुन्छ । यसका लागि केन्द्र सरकारको साथ आवश्यक छ ।"

मुख्यमन्त्री यादवले खानेपानीको समस्या केवल तत्कालीन आवश्यकता पूरा गर्ने विषय मात्र नभइ दीर्घकालीन रूपमा समाधान गर्नुपर्ने विषय भएको बताए। तराई-मधेशमा बढ्दो पानीको संकटले सर्वसाधारणको दैनिक जीवन, कृषि तथा अन्य आर्थिक गतिविधिमा समेत असर पार्न सक्ने भएकाले संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय आवश्यक रहेको उनको भनाइ थियो ।

बैठकमा प्रधानमन्त्री बालेन्द्र साहले संघ, प्रदेश र स्थानीय तहबीचको समन्वयमा विपद् व्यवस्थापनको काम उच्च प्राथमिकताका साथ अघि बढिरहेको बताए । उपलब्ध स्रोतसाधन र जनशक्ति परिचालन गरी विपद् व्यवस्थापनका कामलाई तीव्रता दिइएको उल्लेख गर्दै उनले विपद् प्रभावित क्षेत्र र प्रदेश सरकारलाई आवश्यक सहयोग उपलब्ध गराइने बताए ।

प्रधानमन्त्री साहले विभिन्न क्षेत्रमा पछिल्लो समय आएको बाढीपहिरोबाट भएको क्षतिको अध्ययन तथा व्यवस्थापनमा सरकार केन्द्रित रहेको जानकारी दिए । भोटेकोशी-त्रिशूली, गण्डकीलगायतका क्षेत्रमा बाढीपहिरोबाट भएको क्षतिको मूल्यांकन गरी पुनःस्थापना तथा पुनर्निर्माणका काम अघि बढाइरहेको उनले बताए ।

विपद् जोखिम न्यूनीकरणका लागि पूर्वसूचना प्रणालीलाई थप सुदृढ र व्यवस्थित बनाउने सरकारको तयारी रहेको प्रधानमन्त्री साहले बताए । हिमपहिरोको जोखिम न्यूनीकरणका लागि पनि आवश्यक काम भइरहेको उल्लेख गर्दै उनले सम्भावित विपद्को पूर्वतयारी, जोखिम पहिचान र समयमै सूचना प्रवाहलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

प्रधानमन्त्री साहले विपद् व्यवस्थापनका क्रममा आफ्नो ज्यान जोखिममा राखेर खटिएका राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, स्वयंसेवक तथा राजनीतिक दलका प्रतिनिधिलगायत सबैप्रति कृतज्ञता व्यक्त गरे। विपद्को समयमा उद्धार, राहत र पुनःस्थापनाका काममा सबै पक्षको सहकार्य आवश्यक रहेको उनको भनाइ थियो ।

बैठकमा नेपाली कांग्रेस संसदीय दलका नेता भीष्मराज आङ्देम्बेले विपद्मा परी लामो समयदेखि सम्पर्कविहीन रहेका व्यक्तिलाई मृतक वा सोसरह घोषणा गर्न सकिने गरी कानुनी व्यवस्था संशोधन गर्नुपर्ने धारणा राखे । विपद्को समयमा सबै पक्ष एकजुट भएर अघि बढ्नुपर्ने उल्लेख गर्दै उनले उद्धार, राहत तथा पुनःस्थापनाका काममा आवश्यक सहयोग र सहकार्य गर्न आफूहरू तयार रहेको बताए ।

त्यस्तै, गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले असोज ९ देखि ११ गतेसम्म आएको बाढीका कारण प्रदेशमा ठूलो क्षति भएको भन्दै पुनर्निर्माणका लागि विशेष 'प्याकेज' आवश्यक रहेको बताए । उनका अनुसार बाढीपहिरोका कारण गण्डकी प्रदेशमा ३५ जनाको मृत्यु, पाँच जना बेपत्ता र १५ जना घाइते भएका छन् ।

बाढीका कारण ४०६ घर पूर्ण रूपमा र ७३६ घर आंशिक रूपमा क्षतिग्रस्त भएका छन् । २६ किलोमिटर सडक अवरुद्ध हुनुका साथै विभिन्न १३६ स्थानमा सडक तथा पुलमा क्षति पुगेको मुख्यमन्त्री पाण्डेले जानकारी दिए । मध्यपहाडी लोकमार्ग, कालीगण्डकी करिडोरअन्तर्गतको सिद्धार्थ राजमार्ग तथा डुम्रे-बेंसीसहर-चामे सडकमा समेत बाढीले क्षति पुऱ्याएको उनले बताए ।

सडक मर्मतका लागि तत्काल करिब ३५ करोड रुपैयाँ र पुल मर्मतका लागि तीन अर्ब ८७ करोड रुपैयाँ आवश्यक पर्ने अनुमान गरिएको छ । सडक तथा पुलको स्थानीय पुनर्निर्माणका लागि भने आठ अर्ब ३७ करोड रुपैयाँभन्दा बढी खर्च लाग्ने अनुमान गरिएको मुख्यमन्त्री पाण्डेले बताए ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतबहादुर कार्कीले नेपालतर्फका ४७ वटा हिमताल विस्फोटको उच्च जोखिममा रहेको जानकारी दिए ।

बागमती प्रदेशका मुख्यमन्त्री किरण थापा मगरले पनि बाढी प्रभावित क्षेत्रमा संघीय तथा स्थानीय सरकारसँग समन्वय गरी प्रदेश सरकारले काम गरिरहेको जानकारी दिए । रसुवाका बाढी प्रभावित क्षेत्रमा पाँच वटा झोलुंगे पुल र दुई स्थानमा बेलिब्रिज निर्माणका लागि बोलपत्र आह्वान गर्ने तयारी भइरहेको उनले बताए ।

राष्ट्रिय परिषद्को बैठकमा प्रस्तुत धारणा र प्रस्तावहरूले विपद् व्यवस्थापनलाई तत्कालीन उद्धार र राहतमा सीमित नराखी दीर्घकालीन जोखिम न्यूनीकरण, पूर्वतयारी, पुनःस्थापना र पुनर्निर्माणसँग जोडेर अघि बढाउनुपर्ने आवश्यकता औँल्याएका छन् । विशेषगरी तराई-मधेशमा देखिँदै गएको भूमिगत जलस्रोतको संकटलाई समयमै सम्बोधन गर्न संघ, प्रदेश र स्थानीय तहबीच प्रभावकारी समन्वय र पर्याप्त स्रोतसाधन परिचालन आवश्यक देखिएको छ ।



# दलित सशक्तीकरणका लागि मन्त्री दासको विभिन्न घोषणा

टुडे समाचारदाता



जनकपुरधाम । दलित समुदायको अधिकार, सम्मान तथा सशक्तीकरणका विषयक तीन दिवसीय “डिजनिटी डिफेन्डर्स” तालिम जनकपुरधाममा सम्पन्न भएको छ ।

जनकपुरधाममा सोमबार तालिमको समापन कार्यक्रममा बोल्दै खेलकुद तथा समाज कल्याणमन्त्री रामलखन दासले दलित समुदायको मुक्ति र अधिकार सुनिश्चित गर्न सर्वहारा वर्गको आन्दोलन आवश्यक रहेको बताएका छन् । उनले सरकारलाई सही बाटो देखाउने अधिकार दलित समुदायको पनि भएको उल्लेख गर्दै विरोधसँगै प्राप्त अधिकारको प्रभावकारी प्रयोग गर्नुपर्ने धारणा राखे ।

मन्त्री दासले दलित समुदायबाट मन्त्री बनेपछि समुदायका अपेक्षाहरू पूरा गर्ने जिम्मेवारी आफ्नो काँधमा आएको बताउँदै दलित उत्थानका लागि विभिन्न कार्यक्रम अघि बढाइएको जानकारी दिए ।

उनले लोकसेवा तयारीका लागि बजेट विनियोजन गरिएको, खानेपानी तथा शौचालय व्यवस्थापनका योजनाहरू सञ्चालनमा ल्याइएको र दलित समुदायका समस्याको समाधानका लागि आफू प्रतिबद्ध रहेको बताए ।

उनले “एक घर, एक दलित, एक रोजगार” कार्यक्रम ल्याउने घोषणा गर्दै दलित युवाहरूलाई विभिन्न सीपमूलक तालिम प्रदान गरी सोही अनुरूप रोजगारीको अवसर सिर्जना गरिने बताए । यसका साथै बिना धितो एक लाखदेखि पाँच लाख रुपैयाँसम्म ऋण उपलब्ध गराउने व्यवस्था गरिने बताए ।

छुवाछुत, मन्दिर प्रवेशमा रोक तथा दलितमाथि हुने सबै प्रकारका विभेदविरुद्ध लड्न आवश्यक कानुनी तथा संस्थागत व्यवस्था गरिने उनको भनाइ थियो । उनले दलित विकास समितिलाई विधेयक तयार गर्न निर्देशन दिइएको र विधेयक बनेपछि समितिका सदस्यहरूको सेवा-सुविधाको व्यवस्था गरिने बताए ।

उनले दलितमाथि हुने अन्याय र विभेदविरुद्ध पालिकास्तरसम्म संयन्त्र निर्माण गरिने तथा दलित सशक्तीकरणसम्बन्धी विधेयक निर्माण गरी कार्यान्वयन गर्ने प्रतिबद्धता व्यक्त गरे ।

खेलकुदमार्फत समाज परिवर्तन सम्भव रहेको उल्लेख गर्दै मन्त्री दासले दलित बालबालिकाका लागि विशेष खेलकुद कार्यक्रम सञ्चालन गरिने बताए । यसबाट दलित बालबालिकामा बहुमुखी क्षमता विकास हुने विश्वास उनको थियो ।

दलित लाइभ म्याटर्स ग्लोबल एलायन्सका अध्यक्ष प्रदीप परियारको अध्यक्षतामा भएको तालिममा सहभागीहरूले दलित अधिकार, सामाजिक न्याय, समानता र सम्मानजनक जीवन सुनिश्चित गर्न राज्य, समुदाय र सरोकारवालाहरूबीच थप सहकार्य आवश्यक रहेको धारणा राखेका थिए ।

# चाडपर्व शुरु भएसँगै मठमन्दिरमा सजावटको रौनक



काठमाण्डु । नेपालीको महान चाड वडादसैं, तिहार र छठ नजिकिएसँगै काठमाडौं उपत्यकाभित्रका मठमन्दिर, शक्तिपीठ तथा विभिन्न धार्मिकस्थल क्षेत्रमा सर-सफाइसहित सजावटको रौनक बढेको छ ।

चाडपर्वलाई लक्षित गर्दै उपत्यकाका विभिन्न धार्मिक तथा सांस्कृतिक सम्पदामा सरसफाइ, रङ्गरोगन, मर्मतसम्भार तथा आकर्षक सजावटको काम तीव्र पारिएको छ । दसैंका अवसरमा विशेष गरी शक्तिपीठ तथा देवीदेवताका मन्दिरमा दर्शन र पूजाआजाका लागि ठूलो सङ्ख्यामा भक्तजन आउने भएकाले मन्दिर व्यवस्थापन समिति, स्थानीयवासी तथा विभिन्न सङ्घसंस्थाले आवश्यक तयारी थालेका हुन् ।

धार्मिक सम्पदालाई व्यवस्थित तुल्याएर भक्तजनको आवागमन सहज बनाउने तथा मन्दिर परिसरलाई आकर्षक बनाउने उद्देश्यले विभिन्न काम भइरहेको छ । खासगरी गुह्येश्वरी, भद्रकाली, मैतीदेवी, कालिकास्थान, शोभा भगवती, नक्साल भगवती, इन्द्रायणीलगायत प्रमुख शक्तिपीठ तथा मठमन्दिरमा अहिले सरसफाइसँगै रङ्गरोगन, बत्ती जडान, प्रवेशद्वार सजावट तथा आवश्यक मर्मतसम्भारका काम भइरहेका छन् ।

मैतीदेवी मन्दिर क्षेत्र प्रबन्ध समितिका सदस्य सचिव रमेश खड्गीका अनुसार चाडपर्वमा भक्तजनको चाप बढ्ने भएकाले मन्दिर परिसरलाई व्यवस्थित र आकर्षक बनाउने काम भइरहेको छ । उहाँका अनुसार मन्दिरको बाहिरी तथा भित्री भागको सरसफाइ, रङ्गरोगन तथा आवश्यक मर्मतसम्भारसँगै भक्तजनको आवागमनलाई सहज बनाउने तयारीसमेत भइरहेको छ । “चाडपर्वका समयमा मन्दिरमा भक्तजनको सङ्ख्या उल्लेख्य रूपमा बढ्ने भएकाले अहिलेबाटै सरसफाइ र व्यवस्थापनको कामलाई प्राथमिकता दिएका छौँ”, उहाँले भन्नुभयो । दसैंमा विशेषगरी देवीका शक्तिपीठमा दर्शन तथा पूजाआजा गर्ने धार्मिक परम्परा रहेकाले घटस्थापनादेखि नै काठमाडौं उपत्यकाका विभिन्न धार्मिकस्थलमा भक्तजनकको घुइँचो लाग्ने गरेको पाइन्छ । नवरात्रमा देवीका मन्दिरमा विशेष पूजाआजा हुने भएकाले देशका विभिन्न स्थानबाट समेत भक्तजन राजधानीका धार्मिकस्थलमा आउने परम्परा छ ।

भक्तजनको बढ्दो चापलाई ध्यानमा राखेर मन्दिर व्यवस्थापन पक्षले खानेपानी, सरसफाइ, बत्ती, सुरक्षा तथा आवतजावत व्यवस्थापनलाई प्राथमिकतामा राखेको जनाएको छ । मन्दिरमा दर्शनका लागि आउने भक्तजनलाई लामो समयसम्म लाइनमा बस्न नपरोस् भन्ने उद्देश्यले परिसर व्यवस्थापनमा समेत विशेष ध्यान दिइएको छ । मन्दिरमा भक्तजनको भीड बढ्ने समयमा दर्शन तथा पूजाआजा व्यवस्थित गर्न आवश्यक व्यवस्थापन मिलाउने, मन्दिर परिसरमा फोहर हुन नदिने तथा भक्तजनलाई सहज रूपमा दर्शन गर्ने वातावरण तयार गर्ने काम भइरहेको जनाइएको छ ।

मैतीदेवीका स्थानीयवासी दीपक महर्जनका अनुसार मन्दिर तथा आसपासका क्षेत्रमा सरसफाइ र सजावटको काम सुरु भएसँगै चाडपर्वको अनुभूति बढ्न थालेको छ । “साँझपख मन्दिर तथा धार्मिकस्थलमा झिलिमिली बत्ती बल्न थालेपछि छुट्टै रौनक देखिन थालेको छ”, उहाँले भन्नुभयो । काठमाडौं उपत्यकामा रहेका प्राचीन मठमन्दिर तथा शक्तिपीठ धार्मिक आस्थाका केन्द्र मात्र नभई ऐतिहासिक तथा सांस्कृतिक सम्पदासमेत भएकाले चाडपर्वका बेला त्यहाँको वातावरण अझ आकर्षक बन्ने गरेको छ ।

परम्परागत वास्तुकला र आधुनिक सजावटको संयोजनले धार्मिकस्थलमा देखिने बेग्लै आकर्षणले विदेशी पर्यटकलाई रौनकता प्रदान गर्दै आएको छ । चाडपर्वका लक्षित गरी धार्मिकस्थल आसपासका सडक तथा सार्वजनिक क्षेत्रको सरसफाइमा समेत ध्यान दिन थालिएको छ । चाडपर्वका समयमा मन्दिर आसपासमा हुने भीडभाडका कारण पैदलयात्रु तथा सवार ासाधनको आवागमन प्रभावित नहोस् भन्ने विषयमा सम्बन्धित निकायले ध्यान दिनुपर्ने स्थानीयवासीको भनाइ छ ।

आगामी दसैं, तिहार, छठलगायतका चाडपर्वमा धार्मिकस्थलमा ठूलो सङ्ख्यामा मानिस जम्मा हुने भएकाले सुरक्षा व्यवस्थालाई विशेष प्राथमिकता दिइएको जिल्ला प्रहरी परिसर काठमाडौंका प्रवक्ता एवं प्रहरी उपरीक्षक दानबहादुर थापाले जानकारी दिनुभयो ।

उहाँका अनुसार भक्तजनको भीडलाई व्यवस्थित गर्ने, सम्भावित दुर्घटना रोक्ने तथा चोरी, पाकेटमारीलगायतका आपराधिक गतिविधि नियन्त्रण गर्ने ठोस योजना अघि बढाइएको छ । उता मन्दिर व्यवस्थापन पक्षले भक्तजनलाई दर्शनका क्रममा अनुशासन कायम गर्न, मन्दिर परिसरमा फोहर नगर्न तथा धार्मिक एवं सांस्कृतिक सम्पदाको संरक्षणमा सहयोग गर्न आग्रह गरेको छ ।

भीडभाडका समयमा पाकेटमारी तथा अन्य आपराधिक गतिविधि हुनसक्ने भएकाले भक्तजनलाई आफ्ना बहुमूल्य सामान तथा व्यक्तिगत सामग्री सुरक्षित राख्नसमेत आग्रह गरिएको छ । काठमाडौं महानगरपालिका-९ सिनामङ्गलका स्थानीयवासी राजेश लामिछानेले दसैं धार्मिक पर्वसँगै पारिवारिक भेटघाट, सामाजिक सद्भाव र सांस्कृतिक परम्पराको निरन्तरतासँग जोडिएको पर्व भएकाले यस समयमा मठमन्दिरमा विशेष चहलपहल हुने बताउनुभयो ।

काठमाडौं उपत्यकाका मठमन्दिर तथा शक्तिपीठमा चाडपर्व लक्षित सजावटले धार्मिक तथा सांस्कृतिक वातावरण थप जीवन्त बनेको छ । प्राचीन सम्पदाको मौलिकता कायम राख्दै रङ्गरोगन, बत्ती तथा फूलमालालगायतका सजावट थपिँदा राजधानीका धार्मिकस्थलमा दसैंको उल्लास झल्किन थालेको छ ।रासस

# विनिताको जीवनमा उथलपुथल

काठमाण्डु । साथीको लहैलहैमा लागेर सुरु भएको कुलतले बिनिता थापा (नाम परिवर्तन) को जीवनमा ठूलो उथलपुथल ल्यायो ।

शुरुमा गलत सङ्गतको प्रभाव सामान्य जस्तो लागे पनि विस्तारै उहाँ लागुऔषधको लतमा फस्दै जानुभयो । लत बढ्दै गएपछि परिवार, आफन्त र समाजसँगको सम्बन्धसमेत बिग्रिँदै गयो । दुर्व्यसनकै कारण उहाँले परिवार र समाजबाट अपहेलित हुनुपर्यो । उहाँका कारण परिवारले समेत विभिन्न समस्या झेल्नुपर्‍यो । विगत सम्झँदा उहाँलाई आफ्नो जीवनप्रति पछुतो लाग्छ । अहिले भने विनिता विगतलाई छाडेर सामान्य जीवनमा फर्किन चाहनुहुन्छ ।

‘‘गलत सङ्गतले गर्दा सुरुमा के भइरहेको छ भन्ने नै बुझिन । विस्तारै लत बस्दै गयो । त्यसपछि परिवार र समाजबाट टाढिँदै गएँ । अहिले भने त्यो जीवनबाट बाहिर निस्केर पहिलेजस्तै सामान्य जीवन बाँच्न चाहन्छु’’, विनिताले भन्नुभयो ।

विनिताको जस्तै कथा गीता तामाङ (नाम परिवर्तन) को पनि छ । परिवारभित्रको असमझदारी र बढ्दो मानसिक तनाबले उहाँलाई विस्तारै मदिराको लततर्फ धकेल्यो । सासुससुरासँगको सम्बन्धमा आएको समस्याले उहाँ तनाबमा रहने गर्नुहुन्थ्यो । तनाब कम गर्ने बहानामा सुरु भएको मदिरा सेवनपछि उहाँको दैनिकीको हिस्सा बन्दै गयो ।

समयसँगै मदिराको लत बढ्दै गयो । आफ्नो नियन्त्रणभन्दा बाहिर जान थालेपछि परिवारले उहाँलाई पुनःस्थापना केन्द्रमा ल्यायो । अहिले उहाँ केन्द्रमै रहेर पुरानो बानीबाट बाहिर निस्कने प्रयास गरिरहनुभएको छ ।

‘‘परिवारमा समस्या थियो । सासुससुरासँग कुरा मिल्दैनथ्यो । तनाबमा हुँदा मदिरा सेवन गर्न थालेँ । पछि त्यही बानी लतमा परिणत भयो । अहिले यहाँ बसेर आफूलाई परिवर्तन गर्ने प्रयास गरिरहेकी छु’’, गीताले भन्नुभयो ।

उहाँमा विगतको तुलनामा सुधार देखिन थालेको छ । नियमित परामर्श, अनुशासित दैनिकी र केन्द्रको वातावरणले उहाँलाई नयाँ जीवनप्रति आशावादी बनाएको छ । उहाँ अब विगतको समस्या बिर्सिएर परिवारसँग पुनः सहज सम्बन्ध कायम गर्दै सामान्य जीवन बिताउन चाहनुहुन्छ ।

विनिता र गीता प्रतिनिधि पात्र मात्र हुनुहुन्छ । ललितपुरको महालक्ष्मी नगरपालिका-९ लामाटारस्थित ग्रेस फाउण्डेसन महिला पुनर्स्थापना केन्द्रमा अहिले उहाँहरूजस्तै ११७ महिला तथा किशोरी पुनःस्थापनाको प्रयासमा हुनुहुन्छ । तीमध्ये १३ देखि १५ वर्ष उमेर समूहका किशोरीको सङ्ख्या उल्लेख्य रहेको केन्द्रले जनाएको छ । कसैलाई साथीको गलत सङ्गतले दुर्व्यसनतर्फ धकेलेको छ भने कसैको जीवनमा पारिवारिक तनाब, सामाजिक परिवेश वा अन्य परिस्थितिले त्यसको आधार तयार गरेको छ । तर, उनीहरूको साझा चाहना भने एउटै छ, विगतको लतबाट मुक्त भएर सामान्य जीवनमा फर्किनु ।

केन्द्रमा रहेका महिला तथा किशोरीको पुनःस्थापनाका लागि पठनपाठन, योग, खेलकुद तथा विभिन्न सिर्जनात्मक गतिविधि सञ्चालन हुँदै आएका छन् । विगतमा आफैं दुर्व्यसन वा अन्य समस्याबाट गुज्रिएर पुनःस्थापित भएका केहीले अहिले केन्द्रमा रहेका अन्यलाई आफ्ना अनुभव सुनाउने र हौसला दिने गरेका छन् । केन्द्रका कार्यक्रम संयोजक जुनराज भण्डारीका अनुसार



हालसम्म करिब १० हजार महिलाले केन्द्रबाट सेवा लिइसकेका छन् । उहाँ विगत नौ वर्षदेखि संस्थासँग आबद्ध हुनुहुन्छ ।

‘‘यहाँ आउने धेरैजसो महिला विभिन्न पारिवारिक, सामाजिक तथा दुर्व्यसनसम्बन्धी समस्याबाट प्रभावित हुनुहुन्छ । कतिपय मदिराको लतमा परेर पारिवारिक सम्बन्ध बिग्रिएका हुन्छन् भने कतिपय लागुऔषधको दुर्व्यसनका कारण पुनःस्थापनाका लागि आउनुहुन्छ’’, राजभण्डारीले राससँग भन्नुभयो ।

उहाँका अनुसार पुनःस्थापनाको प्रक्रियामा रहेका व्यक्तिलाई परिवार र समाजको साथ सबैभन्दा महत्त्वपूर्ण हुन्छ । तर, यस्ता केन्द्र सञ्चालनका लागि आवश्यक स्रोतको अभाव भने चुनौतीका रूपमा रहेको उहाँ बताउनुहुन्छ । ‘‘संस्थाले आफ्नो स्रोत र क्षमताले भ्याएसम्म सहयोग गरिरहेको छ । तर, यस्ता केन्द्र सञ्चालन गर्न आर्थिक स्रोतको आवश्यकता धेरै हुन्छ । सरकारी निकायबाट पनि आवश्यक सहयोग हुन सके अझ प्रभावकारी रूपमा काम गर्न सकिन्थ्यो’’, संयोजक राजभण्डारीले भन्नुभयो । ग्रेस फाउण्डेसनका सञ्चालक विगेन्स नेम्वाङका अनुसार केन्द्रमा रहेका महिला तथा किशोरीलाई नियमित रूपमा मनोपरामर्श तथा आवश्यक सहयोग प्रदान गरिँदै आएको छ । दुर्व्यसनबाट प्रभावितलाई उपचार गरेर मात्र नभइ मानसिक रूपमा तयार पार्दै अध्ययन तथा सामाजिक जीवनमा पुनःस्थापित गराउने प्रयास भइरहेको उहाँले बताउनुभयो ।

‘‘केन्द्रमा रहेका किशोरी तथा महिलालाई हामीले नियमित रूपमा परामर्श दिँदै आएका छौँ । दुर्व्यसनबाट बाहिर निस्कन उपचारसँगै निरन्तर परामर्श र सकारात्मक वातावरण आवश्यक हुन्छ । त्यसैअनुसार केन्द्रको वातावरण तयार गर्ने प्रयास गरेका छौँ’’, नेम्वाङले भन्नुभयो ।

उहाँका अनुसार केन्द्रमा रहेर केही किशोरीले आफ्नो अध्ययनलाई समेत निरन्तरता दिइरहेका छन् । केन्द्रमै बसेर कक्षा ८ देखि १२ सम्मका साथै स्नातक तहसम्मको अध्ययन गर्ने किशोरीसमेत रहेको उहाँले जानकारी दिनुभयो । ‘‘यहाँ आएपछि पढाइ नै रोक्नुपर्छ भन्ने होइन । केन्द्रमै बसेर केही किशोरीले कक्षा ८ देखि १२ सम्मको अध्ययन गरिरहेका छन् । केहीले स्नातक तहसम्मको अध्ययनलाई पनि निरन्तरता दिइरहेका छन् । उपचारसँगै उनीहरूको भविष्य पनि निर्माण गर्नुपर्छ भन्ने हाम्रो उद्देश्य हो’’, नेम्वाङले भन्नुभयो ।

केन्द्रबाट उपचार तथा पुनःस्थापनापछि घर फर्किएकामध्ये करिब ३० प्रतिशत पूर्णरूपमा स्वस्थ भएको आफ्नो अनुभव रहेको उहाँले बताउनुभयो । पुनर्स्थापनापछि दुर्व्यसनबाट मुक्त भएका केही किशोरी पुनः केन्द्रमै आएर अन्यलाई सहयोग गरिरहेका छन् ।

‘‘केन्द्रबाट उपचारपछि घर फर्किएकामध्ये धेरै व्यक्ति पूर्ण रूपमा स्वस्थ भएर सामान्य जीवनमा फर्किनुभएको हाम्रो अनुभव छ । अझ खुसीको कुरा त के छ भने यहाँबाट सुधार भएर गएका केही किशोरी अहिले फेरि यहीँ आएर सेवा गरिरहनुभएको छ । उहाँका अनुसार केन्द्रमा ललितपुर तथा काठमाडौं आसपास लगायतका क्षेत्रबाट दुर्व्यसनमा फसेका महिला तथा किशोरी आउने गरेका छन् ।

‘‘देशका धेरै ठाउँबाट दुर्व्यसनमा फसेका महिला तथा किशोरी यहाँ आउने गर्नुहुन्छ । हाम्रो पहुँच काठमाडौं उपत्यकामा मात्र सीमित छैन । देशका विभिन्न ठाउँबाट परिवारले आफ्ना छोरी तथा आफन्तलाई लिएर आउनुहुन्छ’’, उहाँले भन्नुभयो ।

केन्द्रमा नेपालबाट मात्र नभइ विदेशमा रहेका नेपाली परिवारबाट समेत उपचार तथा पुनःस्थापनाका लागि किशोरी ल्याउने गरिएको छ । विदेशमा बसिरहनुभएका नेपाली पनि छोरीलाई लिएर यहाँ आउनुहुन्छ । विदेशमा बसेर सबै सुविधा हुँदाहुँदै पनि छोरी दुर्व्यसनमा फसेपछि कसरी सहयोग गर्ने भन्ने समस्या उहाँहरूमा हुने गरेको देखिन्छ ।

दुर्व्यसनको समस्या देशका विभिन्न ठाउँमा रहे पनि अझै धेरै प्रभावितले समयमै उचित परामर्श र उपचार पाउन नसकेको उहाँको अनुभव छ । धेरै ठाउँमा सही परामर्श र उपचार नपाएर दुर्व्यसनमा फसेका समस्यामै रहनुभएको छ । परिवारले समस्या थाहा पाए पनि कहाँ लैजाने, कसरी उपचार गर्ने र कसरी पुनःस्थापना गर्ने भन्ने जानकारी छैन ।

दुर्व्यसनबाट प्रभावितलाई समाजबाट अलग गर्नेभन्दा उनीहरूको अवस्था बुझेर परिवार र समाजले सकारात्मक वातावरण दिनुपर्नेमा उहाँले जोड दिनुभयो । दुर्व्यसनमा फसेको व्यक्तिलाई हेर्ने दृष्टिकोण परिवर्तन गर्नुपर्छ ।

उहाँहरूलाई समस्याका रूपमा मात्र हेर्नुभन्दा सुधार र पुनःस्थापनाको अवसर दिनुपर्छ । उचित परामर्श, उपचार र परिवारको साथ पाउने हो भने उहाँहरू फेरि सामान्य जीवनमा फर्कन सक्नुहुन्छ भन्ने विश्वास गरिएको छ । वरिष्ठ मनोपरामर्शदाता निर्मला बस्नेतका अनुसार पछिल्लो समय बालबालिका तथा किशोरकिशोरीमा दुर्व्यसनको समस्या बढ्नुमा देखासिकी, सामाजिक सञ्जालको दुरुपयोग, गलत साथीको सङ्गत र परिवारले पर्याप्त समय दिन नसक्नेजस्ता कारण प्रमुख छन् ।

‘‘देखासिकी गर्ने प्रवृत्ति बढेको छ । सामाजिक सञ्जालको दुरुपयोग र गलत साथीको सङ्गतले पनि किशोरकिशोरीलाई गलत बाटोतर्फ धकेलिरहेको छ । परिवारले पर्याप्त समय दिन नसक्दा उनीहरूको व्यवहारमा आएको परिवर्तन समयमै पहिचान हुन नसक्ने अवस्था छ’’, बस्नेतले भन्नुभयो ।

उहाँका अनुसार बालबालिकालाई हप्काउने वा नियन्त्रण गर्नेभन्दा उनीहरूसँग खुलेर संवाद गर्ने र परिवारमै आफ्ना समस्या राख्न सक्ने वातावरण बनाउन आवश्यक छ । सामाजिक सञ्जालको प्रयोगलाई पूर्ण रूपमा रोक्नुभन्दा यसको सही प्रयोगबारे अभिभावकले सचेत गराउनुपर्ने उहाँको भनाइ छ ।

‘‘बालबालिकालाई समय दिने, उनीहरूको कुरा सुन्ने र साथीको जस्तो व्यवहार गर्ने हो भने धेरै समस्या सुरुमै पहिचान गर्न सकिन्छ । दुर्व्यसनमा फसेकालाई दोषीका रूपमा हेर्नुभन्दा समस्या बुझेर आवश्यक परामर्श, उपचार र पारिवारिक सहयोग दिनुपर्छ’’, उहाँले भन्नुभयो । बस्नेतले दुर्व्यसनबाट मुक्त हुन शारीरिक उपचारसँगै मानसिक रूपमा बलियो बन्न आवश्यक रहेको बताउनुभयो । पुनःस्थापनापछि पनि परिवार र समाजले सकारात्मक व्यवहार गर्दै निरन्तर साथ दिन सके प्रभावित व्यक्ति सामान्य जीवनमा फर्कन सहज हुने उहाँको भनाइ छ ।रासस


## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | दैनिक योजनाहरु व्यवस्थित गर्दै अघि बढनुपर्ने छ । |
| वृष : | पढाइलेखाइमा गरेको मेहनतले भविष्यमा सकारात्मक नतिजा दिनेछ । |
| मिथुन : | पारिवारिक वातावरण र आन्तरिक सुख-सुविधामा केही खर्च बढ्न सक्छ। |
| कर्कट : | साथीभाइ तथा छिमेकीको पूर्ण सहयोग प्राप्त हुनेछ । |
| सिंह : | आर्थिक कारोबार गर्दा आज विशेष सावधानी अपनाउनु होला । |
| कन्या : | तपाईंको रचनात्मक क्षमतामा उल्लेखनीय वृद्धि हुनेछ । |
| तुला : | बौद्धिक क्षमताको सबैतर्फ प्रशंसा हुनेछ। |
| वृश्चिक : | अचानक धन लाभ हुने योग रहेको छ। |
| धनु : | भाग्यले पूर्ण साथ दिने हुनाले धार्मिक तथा सामाजिक कार्यमा रुचि बढ्नेछ । |
| मकर : | व्यापारिक मामिलामा संयमता अपनाउनु नै हितकर हुन्छ । |
| कुम्भ: | नयाँ व्यक्तिहरुसंगको भेटघाटले भविष्यमा ठुलो लाभ पुर्याउनेछ । |
| मीन: | गुप्त शत्रुहरुबाट अलि सतर्क रहनुपर्नेछ, तर धैर्यताले सबै बाधा हटाउनेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कपिलेश्वरमा एक महिला घरमै मृत भेटिए

टुडे समाचारदाता



जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिका १६ कपिलेश्वरमा एक २० वर्षीया विवाहित महिला आफ्नै घरमा मृत अवस्थामा फेला परेकी छन् । प्रियंका दास भन्ने महिला आइतबार साँझ आफ्नै सुत्ने कोठामा मृत फेला परेको धनुषा प्रहरीले जनाएको छ ।

परिवारका अनुसार प्रियंकालाई सिलिङ पंखामा सलको पासो लगाएको अवस्थामा देखिएपछि उनका श्रीमान् विनोद दासले पासो खोली शवलाई ओछ्यानमा राखेका थिए । घटनाको जानकारी पाएपछि प्रहरी चौकी कपिलेश्वरको टोली घटनास्थल पुगेको थियो ।

घटनाको प्रकृति शंकास्पद देखिएपछि प्रहरीले घटनास्थलको मुचुल्का उठाउने तथा आवश्यक अनुसन्धान अघि बढाएको जनाएको छ । घटनापछि स्थानीयवासीले प्रियंकाको मृत्यु आत्महत्या नभई हत्या भएको आशंका गर्दै प्रहरी प्रशासनसमक्ष छानबिनको माग गरेका छन् । उनीहरूले घटनास्थलको निरीक्षण तथा सत्यतथ्य सार्वजनिक गर्न माग गर्दै विरोधसमेत गरेका थिए ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालका अनुसार घटनाबारे प्रारम्भिक अनुसन्धान भइरहेको छ । अनुसन्धानका लागि मृतकका श्रीमान् विनोदलाई प्रहरीले नियन्त्रणमा लिएको छ । प्रहरीले शव परीक्षणलगायत अनुसन्धानबाट मृत्युको वास्तविक कारण खुल्ने जनाएको छ ।

घटना हत्या, आत्महत्या वा अन्य कारणबाट भएको भन्ने विषयमा अनुसन्धानपछि मात्रै निष्कर्षमा पुग्न सकिने प्रहरीले जनाएको छ ।

# सञ्चारमन्त्रीलाई प्रदेश सञ्चार रजिष्ट्रारहरुद्वारा ध्यानाकर्षण

टुडे समाचारदाता



जनकपुरधाम । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा. बिक्रम तिमिल्सिनालाई प्रदेश तहका सञ्चारसम्बन्धी निकायका प्रमुख तथा रजिष्ट्रारहरूले संघीयताको मर्मअनुसार आमसञ्चार सम्बन्धी कानुन निर्माण तथा विद्यमान कानुनी व्यवस्थामा सुधार गर्न मन्त्री तिमिल्सिनाको ध्यानाकर्षण गराएका छन् ।

प्रदेशका सञ्चारसम्बन्धी निकायका प्रमुख तथा रजिष्ट्रार हरूले संयुक्त रूपमा तयार पारेको सुझावपत्र मन्त्री तिमिल्सिनालाई हस्तान्तरण गर्दै संविधानको धारा २३२ को भावनाअनुसार सञ्चारसम्बन्धी कानुनलाई संघीय संरचनाअनुकूल बनाउनुपर्नेमा जोड दिएका हुन् ।

सुझावपत्र मधेश प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्र खड्गा, गण्डकी प्रदेशका प्रेस रजिष्ट्रार विमला भण्डारी, बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवती प्रसाद सापकोटा, कोशी प्रदेशका प्रेस रजिष्ट्रार लिला भट्टराईलगायतले संयुक्त रूपमा हस्तान्तरण गरेका हुन् ।

प्रदेशका सञ्चार नेतृत्वले प्रस्तावित आमसञ्चारसम्बन्धी विधेयक तथा प्रेस काउन्सिल ऐनलाई संशोधन गरी सञ्चार क्षेत्रको नियमन, दर्ता, वर्गीकरण र पत्रकार कल्याणका अधिकार प्रदेश तहमा प्रभावकारी रूपमा हस्तान्तरण गर्नुपर्ने सुझाव दिएका छन् । सुझावमा केन्द्रीय सञ्चारसम्बन्धी नियामक निकाय तथा काउन्सिल गठन गर्दा सातै प्रदेशको अनिवार्य प्रतिनिधित्व सुनिश्चित गर्नुपर्ने उल्लेख छ ।

साथै, प्रदेश तहका निकायलाई स्पष्ट जिम्मेवारी, अधिकार र कार्यक्षेत्र तोकी सञ्चार क्षेत्रको नियमनलाई विकेन्द्रित गर्नुपर्ने माग गरिएको छ ।

त्यसैगरी, पत्रपत्रिकाको दर्ता तथा अभिलेखीकरण, अनलाइन सञ्चारमाध्यमको दर्ता र नवीकरण तथा आमसञ्चार माध्यमको वर्गीकरणसम्बन्धी अधिकार प्रदेशका नियामक निकायलाई दिनुपर्ने सुझाव दिइएको छ ।

आचारसंहिता उल्लङ्घनसम्बन्धी उजुरी प्रदेशस्तरमै दर्ता गरी छानबिन र मेलमिलापको प्रक्रिया अघि बढाउन सक्ने कानुनी व्यवस्था गर्नुपर्नेमा पनि जोड दिइएको छ । त्यसका लागि प्रदेश संयोजकलाई आवश्यक अधिकार प्रदान गर्न सुझाव दिइएको छ ।

पत्रकारको सामाजिक सुरक्षा र कल्याणका लागि प्रदेशस्तरमै पत्रकार कल्याण कोष सञ्चालन गर्नुपर्ने, वरिष्ठ पत्रकारको मापदण्ड निर्धारण तथा ज्येष्ठ पत्रकार पेन्सनलगायतका सुविधा प्रदेशबाटै कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्ने सुझावसमेत दिइएको छ ।

मिडिया र पत्रकारसम्बन्धी विवाद तथा मुद्दामा फौजदारी प्रकृतिको कडा सजायको सट्टा देवानी कानुनी प्रक्रियाबाट नियमन गर्ने व्यवस्था गर्नुपर्ने सुझावमा उल्लेख छ ।

साथै, सामाजिक सञ्जाल प्रयोगकर्ता र व्यवसायिक रूपमा पत्रकारिता गर्ने पत्रकारबीच स्पष्ट कानुनी भिन्नता निर्धारण गर्नुपर्ने माग गरिएको छ ।

सुझावपत्र बुझ्दै मन्त्री तिमिल्सिनाले प्रदेश सञ्चार निकायबाट प्राप्त सुझावलाई सकारात्मक रूपमा लिएको बताए । उनले मिडिया कानुनलाई थप समावेशी, व्यवहारिक तथा संघीयताको मर्मअनुकूल बनाउन आवश्यक पहल गर्ने प्रतिबद्धता व्यक्त गरे ।

## फरार ६ प्रतिवादी पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । विभिन्न मुद्दामा अदालतबाट कैद तथा जरिवाना सजाय तोकिएपछि फरार रहेका ६ जना प्रतिवादीलाई धनुषा प्रहरीले पक्राउ गरेको छ ।

अदालतको फैसला कार्यान्वयन गर्ने क्रममा प्रहरी टोलीले खोजतलास तथा आवश्यक समन्वय गरी उनीहरूलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

पक्राउ परेकाहरूलाई आवश्यक कारबाहीका लागि धनुषा जिल्ला अदालतमा पेश गरिएको प्रहरीले जनाएको छ । पक्राउ परेकामध्ये तीन जना सवारी ज्यान, एक जना लागुऔषध, एक जना सवारी अंगभंग र एक जना वन पैदावरसम्बन्धी मुद्दाका प्रतिवादी रहेका छन् ।

अदालतको फैसलाअनुसार सवारी ज्यान मुद्दामा एक जनालाई ४ महिना कैद र २ हजार रुपैयाँ जरिवाना, अर्का एक जनालाई २१ दिन कैद र २ हजार रुपैयाँ जरिवाना तथा अर्का एक जनालाई २ महिना कैद र २ हजार रुपैयाँ जरिवाना तोकिएको थियो ।

त्यस्तै, लागुऔषध मुद्दामा ३ महिना कैद र ३ हजार रुपैयाँ जरिवाना, सवारी अंगभंग मुद्दामा १० हजार रुपैयाँ तथा वन पैदावर मुद्दामा ५ हजार रुपैयाँ जरिवाना सजाय तोकिएको जिल्ला प्रहरी कार्यालय धनुषाले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता एवं सूचना अधिकारी प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले फरार प्रतिवादी पक्राउ गर्ने अभियानअन्तर्गत उनीहरूलाई पक्राउ गरिएको जानकारी दिए ।

# इँटा भट्टामा अलपत्र ४२ भारतीय नागरिकको प्रहरीद्वारा उद्धार

टुडे समाचारदाता



रौतहट । रौतहटमा कामका लागि भारतबाट ल्याइएका ४२ जना भारतीय नागरिकलाई प्रहरीले इँटा भट्टाबाट उद्धार गरी भारतीय सुरक्षा निकायको जिम्मा लगाएको छ ।

गुजरा नगरपालिका-५ लक्ष्मीपुरस्थित मदिना इँटा भट्टामा काम गरिरहेका उनीहरूलाई ल्याउने भारतीय ठेकेदार सम्पर्कविहीन भएपछि कामदार तथा उनीहरूसँगै आएका परिवारका सदस्य अलपत्र परेका थिए।

अलपत्र पर्नेमा १२ पुरुष, ११ महिला, १० आश्रित बालक र ९ बालिका गरी ४२ जना रहेका छन्। उनीहरू भट्टामै असहज अवस्थामा रहेको सूचना पाएपछि जिल्ला प्रहरी कार्यालय रौतहट तथा इलाका प्रहरी कार्यालय लक्ष्मीनिया विजयपुरबाट संयुक्त प्रहरी टोली परिचालन गरिएको थियो।

प्रहरी निरीक्षक रादेश खत्रीको नेतृत्वमा पुगेको टोलीले घटनास्थलको अवस्था बुझेर उनीहरूको उद्धार गरेको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

उद्धारपछि उनीहरूलाई आइतबार साँझ करिब ५ बजे ना.७ ख १६७५ नम्बरको बसमार्फत गौर भन्सार क्षेत्र लगिएको थियो। भन्सार सुरक्षा गार्ड रौतहटको समन्वयमा सीमा क्षेत्रमा आवश्यक प्रक्रिया पूरा गरी उनीहरूलाई भारतीय सीमा सुरक्षा बल (एसएसबी) को जिम्मा लगाइएको प्रहरीले जनाएको छ।

त्यसपछि सीमावर्ती भारतीय बर्गिनिया प्रहरीसँग समन्वय गरी सबै ४२ जनालाई सकुशल जिम्मा लगाइएको जिल्ला प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक बसन्त गौतमले सोमबार जारी गरेको सूचनामा उल्लेख छ । प्रहरीले घटनाबारे आवश्यक अनुसन्धानसमेत अघि बढाएको जनाएको छ ।

## मेलमिलापसम्बन्धी ऐन संशोधन गर्न बनेको विधेयकको संविधान विपरीत व्यवस्था हटाउन माग

काठमाण्डु । मेलमिलापसम्बन्धी ऐन, २०६८ लाई संशोधन गर्न बनेको विधेयकमा प्रधानन्यायधीशले जिल्ला न्यायधीशलाई मेलमिलापको जिम्मेवारी दिनु संविधानको धारा १५० विपरीत हुने सांसदहरूले बताउनुभएको छ । प्रतिनिधिसभाको कानुन, न्याय तथा मानवअधिकार समितिको आजको बैठकमा सांसदहरूले विधेयकमाथिको सैद्धान्तिक छलफलका क्रममा संविधानको धारा १५० विपरीत हुने व्यवस्था राख्न नहुनेमा जोड दिनुभएको हो ।

बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले मेलमिलापको काम पनि न्यायिक भएकाले जिल्ला न्यायधीशलाई मेलमिलापकर्ताको भूमिका दिने गरी विधेयकमा प्रस्ताव गरिएको बताउनुभयो । विधेयकमा स्नातक गरेका मानिस नहुने दुर्गम स्थानका वडामा माध्यमिक शिक्षा परीक्षा (एसइई) उत्तीर्ण गरेकालाई मेलमिलापकर्ता बनाउने व्यवस्था गरिएको उहाँले जानकारी दिनुभयो ।

बैठकमा मधुकुमार चौलागाईं, मनिष खनाल, सुलभ खरेल, साजिदा खातुन सिद्धिकीलगायत सांसदहरूले संविधानमा बाझिने गरी जिल्ला न्यायधीशलाई मेलमिलापकर्ताको भूमिकामा राख्न नहुने बताउनुभयो । त्यस्तै स्मृति चौधरी, बलावती शर्मा, प्रकाशचन्द्र परियार, अप्साना बानु, खिमा विक, सरस्वती लामालगायत सांसदहरूले भोटेकोशी बाढी पीडितको समस्या समाधान हुन नसकेको, रसुवाका गोसाइँकुण्ड, आमाछोइङ र उत्तरगया गाउँपालिकामा सडक सञ्जाल विच्छेद भएकाले नुनसमेत लैजान नसकिएको, त्यहाँ फलेका तरकारी कुहिन थालेकाले यो समस्या समाधान गर्न माग गर्नुभयो ।

सांसदहरूले काठमाण्डुका नदी किनारबाट हटाइएका सुकुमवासीलाई राखिएको होल्डिङ सेन्टरको अवस्था नाजुक रहनुका साथै भोटेकोशी बाढीपीडितको व्यवस्थापन नभएको भन्दै दसैँअघि नै उहाँहरूलाई उचित व्यवस्थापन गर्न पनि अनुरोध गर्नुभयो । रासस

## वैकल्पिक बस्ती बसाल्न प्रधानमन्त्रीलाई मुख्यमन्त्री थापाको सुझाव



प्रधानमन्त्री बालेन्द्र साहले उपलब्ध स्रोत साधन र जनशक्ति परिचालन गरी चाँडोभन्दा चाँडो विपद् व्यवस्थापनको काम सम्पन्न गर्ने भन्दै ढुक्क हुन प्रभावित प्रदेशका मुख्यमन्त्रीहरूलाई आग्रह गरेका छन् ।

सोमबार सिंहदरबारमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद् बैठकमा शाहले बाढीपहिरोको क्षतिको समेत अध्ययनसहित त्यसको व्यवस्थापनमा सरकार जुटिरहेको बताएका छन् ।

बैठकपछि बागमती प्रदेशका मुख्यमन्त्री किरण थापाले बागमती प्रदेश सरकारले खोज, उद्धार, उपचार र खाद्यान्न सामग्री वितरणको काम सकिसकेको र अब पुनर्निर्माण तथा पुनस्थापनाको दिशामा अगाडि बढ्नुपर्नेमा आफूले जोड दिएको बताएका छन् ।

बाढीले बगरमा परिणत भएका स्थानमा नभइ सुरक्षित र वैकल्पिक स्थानमा नयाँ शहरीकरण गर्नुपर्ने प्रस्ताव राखेको उनको भनाइ छ । रासस

# झलनाथद्वारा समाजवादी अभियान घोषणा




टुडे समाचारदाता

काठमाण्डु । पूर्वप्रधानमन्त्री तथा नेकपाका वरिष्ठ नेता झलनाथ खनालको नेतृत्वमा 'समाजवादी जागरण अभियान' घोषणा गरिएको छ ।

काठमाण्डुमा सोमबार पत्रकार सम्मेलनमार्फत खनालले अभियान घोषणा गरेका हुन् ।

अभियानको हालै बसेको बैठकले १५ बुँदे प्रस्तावसमेत पारित गरेको छ । प्रस्तावमा बृहत् वाम एकतालाई आजको आवश्यकता भन्दै सम्पूर्ण वामपन्थी शक्तिलाई एकताबद्ध भएर अघि बढ्न आह्वान गरिएको छ । यस्तै एकीकृत क्रान्तिकारी कम्युनिस्ट पार्टी निर्माण तथा नेपाली विशेषताको समाजवादबारे खुला वैचारिक बहस अघि बढाउने उल्लेख छ ।

अभियानमा खनालसहित पूर्वमाओवादी केन्द्रनिकट हरिबोल गजुरेल, पानीराज बम्जन, हेमन्तप्रकाश ओली, महेश्वर दाहाललगायत सहभागी छन् । त्यसैगरी पूर्वअर्थमन्त्री तथा नेकपा एमालेका पूर्वउपाध्यक्ष सुरेन्द्र पाण्डेसहितका नेताहरूको पहलमा 'नागरिक अभियान' घोषणा गरेका छन् ।

पाण्डेसहित पूर्वमन्त्री हृदयेश त्रिपाठी, दीपकुमार उपाध्याय, सर्वेन्द्रनाथ शुक्ललगायतको सहभागितामा ललितपुरमा कार्यक्रम गरी अभियान घोषणा गरिएको छ ।

पाण्डेले अभियान गैरराजनीतिक प्रकृतिको भए पनि राजनीतिक एजेन्डामा छलफल गर्ने बताए । कार्यक्रममा पत्रकार, वकिल तथा राजनीतिक क्षेत्रका व्यक्तिहरू सहभागी भएका थिए ।

दुवै अभियानमा पार्टीगत सीमाभन्दा बाहिर रहेर नयाँ वैचारिक तथा राजनीतिक बहस अघि बढाउने उद्देश्य राखिएको बताइन्छ ।

# अरिङ्गालको झुन्डद्वारा बालबालिकामाथि आक्रमण, दुईको मृत्यु; दुई गम्भीर

टुडे समाचारदाता



रौतहट । वीरगंज संग जोडिएको भारतको बिहारस्थित रक्सौलमा अरिङ्गालको झुन्डको आक्रमणमा परेर दुई बालकको मृत्यु भएको छ। घटनामा अन्य दुई बालक गम्भीर घाइते भएका छन् ।

सीमावर्ती भारतीय बजार रक्सौलको हरैया थाना क्षेत्रअन्तर्गत नेपाली स्टेशन नजिकै गत २ अक्टोबर बिहान पुरानो फुसको घरमा खेलिरहेका चार बालबालिकामाथि अचानक अरिङ्गालको झुन्डले आक्रमण गरेको थियो ।

आक्रमणपछि चारै जनालाई तत्काल उपचारका लागि रक्सौलस्थित डंकन अस्पताल लगिएको थियो । उपचारको क्रममा आईतवार साँझ लखन कुमार मल्लिक (७) को आइतबार साँझ मृत्यु भएको हो। लखनका बुबा स्वर्गीय इन्दल मल्लिक हुन् भने करणका बुबा विजय मल्लिक हुन् ।

यसअघि उपचारकै क्रममा करण कुमार मल्लिक (२ वर्ष ६ महिना) को गत शुक्रबार मृत्यु भएको थियो । घटनामा अरुण कुमार मल्लिक (४) र रक्की कुमार मल्लिक (३ वर्ष ६ महिना) गम्भीर घाइते भएका छन्। उनीहरू दुवैको डंकन अस्पतालमै उपचार भइरहेको छ ।

घटनाबारे 'स्वच्छ रक्सौल'का अध्यक्ष रणजीत सिंहले रक्सौल नगरपालिकाका कार्यपालक पदाधिकारी मनीष कुमारलाई जानकारी गराएका थिए। त्यसपछि नगरपालिकाले मृतक बालकहरूको अन्त्येष्टिका लागि तत्काल ५ हजार रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराएको जनाइएको छ ।

घटनाले पीडित परिवारमा गहिरो शोक छाएको छ । मृतक तथा घाइते बालबालिका अति विपन्न महादलित डुम समुदायका रहेको बताइएको छ ।

स्थानीयवासीले पीडित परिवारको आर्थिक अवस्था कमजोर रहेकाले सरकारी प्रावधानअनुसार राहत तथा क्षतिपूर्ति उपलब्ध गराउन माग गरेका छन् । साथै, अस्पतालमा उपचाररत दुई बालकको उपचारमा आवश्यक सहयोग र प्रभावकारी स्वास्थ्य सेवा सुनिश्चित गर्न सम्बन्धित निकायसँग आग्रह गरेका छन् ।

# टिभीएसको एनटर्क १५० र राईडर १२४ सिसी लन्च

टुडे समाचारदाता




जनकपुरधाम । नेपालका लागि टिभिएस मोटर कम्पनीको आधिकारिक वितरक जगदम्बा मोटर्स प्रालिले टिभिएस एनटर्क १५० र टिभिएस राईडर १२५ सिसी लन्च गरेको छ । टिभिएस एनटर्क १५० सिसि धरानमा र टिभिएस राईडर १२४ सिसी काठमाण्डूमा सार्वजनिक गरिएको हो ।

चर्चित गायक बिपुल क्षेत्रीको कन्सर्टकाबीच सार्वजनिक गरिएको नयाँ स्कुटरलाई कम्पनीले नेपालको पहिलो १५० सीसी हाइपर स्पोर्ट स्कुटरका रूपमा प्रस्तुत गरेको छ भने काठमाडौंस्थित भृकुटीमण्डपमा आयोजित विशेष कार्यक्रममा जगदम्बा मोटर्स प्रा. लि. की अध्यक्ष दीपा अग्रवाल, उपाध्यक्ष दीपक रौनियारले लन्च गरेका हुन् ।

यस नयाँ मोडलको आगमनसँगै नेपालमा टीभीएर राईडर पोर्टफोलियो थप विस्तार भएको छ । २ लाख ७९ हजार ९ सय मूल्य तोकिएको नयाँ टीभिएस राइडर १२५ सिँगल सिटले क्ष्लनभि क्भबत ले राइडरको परिचित स्पोर्टी डिजाइन र प्रदर्शनलाई थप आरामदायी तथा व्यावहारिकतासँग जोडिएको छ ।

विशेषगरी स्टाइल, प्रदर्शन र दैनिक प्रयोगलाई समान महत्व दिने युवा राइडरलाई लक्षित गर्दै यो मोडल प्रस्तुत गरिएको हो । नयाँ टीभीएस राइडरले चालक र पछाडि बस्ने यात्रु दुवैका लागि थप निरन्तर, फराकिलो र सहज बस्ने सिट राखेको छ । यसले राइडरलाई आफ्नो बसाइको स्थिति सहज रूपमा मिलाउन सहयोग गर्नुका साथै दैनिक सवारी, लामो दूरीको यात्रा तथा दुई जनासहितको राइडमा थप आरामदायी रहेको दाबी गरिएको छ ।

कार्यक्रममा बोल्दै जगदम्बा मोटर्स प्रा. लि. की अध्यक्ष दीपा अग्रवालले भनिन, "टीभीएस राइडरले आफ्नो आकर्षक डिजाइन, प्रदर्शन र प्रविधिमार्फत युवा राइडरहरूसँग बलियो सम्बन्ध स्थापित गरेको छ ।

यस्तै एनटर्क १५० मा १४९.७ सीसी एयर-कुल्ड इन्जिन रहेको छ । कम्पनीका अनुसार यसले ७ हजार आरपीएममा १३.२ पीएस पावर र ५ हजार ५०० आरपीएममा १४.२ एनएम टर्क उत्पादन गर्छ । स्कुटरले ० देखि ६० किलोमिटर प्रतिघण्टाको गति ६.३ सेकेन्डमा हासिल गर्ने र अधिकतम गति १०४ किलोमिटर प्रतिघण्टा रहेको कम्पनीको दाबी छ ।

स्टेल्थ एयरक्राफ्टबाट प्रेरित डिजाइनमा तयार गरिएको एनटर्क १५० मा मल्टिपोइन्ट प्रोजेक्टर हेडल्यम्प, एरोडाइनामिक विङलेट्स, जेट-इन्स्पायर्ड भेन्ट्स, कलर्ड अलोय ह्विल्स, नेकेड मोटरसाइकल शैलीको ह्यान्डलबार र टी-सेप्ड टेल ल्याम्प राखिएको छ ।

स्कुटरमा टिभिएस स्मार्टएक्सोनेक्ट प्रविधिमार्फत ५० भन्दा बढी कनेक्टेड फिचर उपलब्ध रहेको कम्पनीले जनाएको छ। टर्न-बाइ-टर्न नेभिगेसन, लास्ट पार्क्ड लोकेसन, कल तथा मेसेज नोटिफिकेसन र विभिन्न राइडिङ मोड यसका प्रमुख स्मार्ट फिचर हुन् ।

सुरक्षा र सुविधातर्फ एनटर्क १५० मा सिङ्गल-च्यानल एबीएस, ट्र्याक्सन कन्ट्रोल, हाजार्ड ल्याम्प, फलो-मी हेडल्यम्प, टेलिस्कोपिक सस्पेन्सन र एडजस्टेबल ब्रेक लेभर्स छन्। यसमा ई-जेड सेन्टर स्ट्यान्ड र २२ लिटर क्षमताको अन्डर-सिट स्टोरेज पनि उपलब्ध छ ।

सार्वजनिक कार्यक्रममा जगदम्बा मोटर्सकी सिनियर मार्केटिङ म्यानेजर करुणा पुडासैनीले एनटर्क १५० मार्फत कम्पनीले एनटर्कको पर्फर्मेन्स, प्रविधि र डिजाइनमा आधारित पहिचानलाई थप अगाडि बढाउन खोजेको बताइन् ।

एनटर्क १५० स्टेल्थ सिल्भर, रेसिङ रेड र टर्बो ब्लु गरी तीन रंगमा उपलब्ध छ। यसको इन्ट्रोडक्टरी मूल्य रु. ३ लाख ६९ हजार ९०० तोकिएको छ ।

# मन्त्रिपरिषद्का पाँच निर्णय

काठमाण्डु । सरकारले नगरपालिकामा स्वच्छ ऊर्जा रूपान्तरणलाई प्रवर्द्धन गर्ने कार्यक्रमका लागि नर्वे सरकारबाट प्राप्त हुने करिब रु १० करोड बराबरको अनुदान सहायता स्वीकार गर्ने निर्णय गरेको छ ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् को कार्यालय, सिंहदरबारमा सोमबार बसेको मन्त्रिपरिषद् बैठकले नेपाल इञ्जिनियरिङ सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोस्रो संशोधन) नियमहरू, २०८३ स्वीकृत गरेको छ ।

सरकारका प्रवक्ता एवं शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलका अनुसार सरकारले वैकल्पिक विकास वित्त परिचालन नियमावली, २०८३ समेत स्वीकृत गरेको छ ।

मन्त्रिपरिषद्ले जेनजी आन्दोलनसँग सम्बन्धित घटनामा फौजदारी अभियोजन भएका मुद्दा फिर्ता गर्न सकिने वा नसकिने विषयमा छानबिन गरी सिफारिस गर्न पूर्वन्यायाधीश बाबुराम रेग्मीको अध्यक्षतामा गठित समितिले पेस गरेको प्रतिवेदनलाई आवश्यक कार्यार्थ गृह मन्त्रालयमा पठाउने निर्णय पनि गरेको छ ।रासस



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ । जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

# गाँजाको भयावह तस्करी

सुनसरीको इनरुवा नगरपालिका-३ सखुवागाछीबाट प्रहरीले २ हजार ५ सय ६६ किलो ५ सय ६० ग्राम गाँजासहित ट्रक र दुई जनालाई नियन्त्रणमा लिएको छ। आइतवार राति करिब १२ बजे सखुवागाछी चोकमा चेकजाँचका क्रममा पूर्वबाट पश्चिमतर्फ आउँदै गरेको ना.७ ख १८२५ नम्बरको ट्रक रोकी जाँच गर्दा बन्दागोभीले छोपेर राखिएको ८३ प्याकेट बनाएर राखिएको गाँजा बरामद भएको प्रहरीले जनाएको छ। प्रहरीले ट्रक चालक धनकुटा शहीदभूमि-२ का ३३ वर्षीय राजु राई र १८ वर्षीय सहचालक सन्दीप राईलाई नियन्त्रणमा लिइ थप अनुसन्धान गरिरहेको जनाएको छ। विशेष सुराकीको सूचनाको आधारमा प्रहरीले ट्रकलाई नियन्त्रणमा लिएर तलाशी गरेको थियो। बरामद गरिएको गाँजा र ट्रकलाई जिल्ला प्रहरी कार्यालय सुनसरीमा राखिएको छ। प्रहरीले सक्रियता बढाएपछि पछिल्लो दुई महिनामा गाँजा बरामदको परिमाण अत्यधिक छ। यस अघि सप्तरी जिल्लामा पनि भारी परिमाणमा गाँजा बरामद भएको थियो। त्यसमा पनि प्रहरीले राती दुई जनाको घरमा छापामारी गरी गाँजा बरामद गरेको थियो। मधेश प्रदेशमा तस्करी नियन्त्रणका लागि कारबाहीलाई तीव्रता दिएसँगै तस्करहरुले मार्ग बदलेको देखिन्छ। नेपालको तराई मधेशमा अब प्रायः गाँजा खेती बन्द भइसकेको छ। गाँजा खेती गर्नेहरुले गाँजाको साटो अर्को बाली लगाउन थालेका छन्। तर गाँजा खेती पहाडी जिल्लामा भारी परिमाणमा हुन थालेको छ। पहाडी जिल्लामा उत्पादन हुने गाँजा तराई मधेशको भू- भाग भएर भारतको बिहार राज्यमा पुर्‍याइने गरिन्छ। बिहारमा मदिराको बिक्री बितरणमा कडाइका साथ रोक लगाएपछि नेपालबाट गाँजाको तस्करी ब्यापक बढेको छ। नेपालमा गाँजा खेती अवैध छ। त्यसको सेवन र ओसारपसारमा पनि रोक लगाइएको छ। भारतको बिहारमा पनि गाँजालाई नशालु पदार्थमा राखिएको छ। बिहारमा पनि गाँजाको खेतीमा रोक र सेवन तथा ओसारपसारमा रोक लगाइएको छ। नेपालको पहाडी जिल्लामा उत्पादन हुने गाँजा तराई मधेशको जिल्लाहरु भएर सोझै बिहार पुर्‍याइने गरिन्छ। अहिले सबै प्रकारको तस्करी नियन्त्रण गर्न भारतीय सीमासित जोडिने जिल्लाहरुमा ब्यापक गस्ती बढाएसँगै भारी परिमाणमा गाँजा बरामद हुन थालेको छ। प्रहरीले गाँजा बरामद गरे पनि गाँजाको कारोबारमा संलग्न मुख्य कारोबारीसम्म पुग्न सकेको छैन। गाँजा ओसारपसारमा संलग्न सवारी साधन अथवा भण्डारण गरी राखिएको स्थानबाट प्रहरीले गाँजा बरामद गरिरहेको छ। तर प्रहरीले गाँजा खेती हुने जिल्लाको स्थानहरुमा गाँजा फडानीको काम गर्दैन। खेतमै गाँजा फडानीको काम गरिए तस्करी नियन्त्रणमा प्रहरीले कम शक्ति खर्चिनु पर्ने थियो। प्रहरीले तराईसित जोडिएका पहाडी जिल्लाहरुमा हुने गाँजा खेतीलाई नै नष्ट गर्ने विशेष अभियान चलाउन आवश्यक छ।

# कांग्रेसले नेता मात्र छान्छ कि आउने १० वर्षको विचार पनि बनाउँछ ?



● हरि शर्मा

**म एउटा प्रश्नबाट सुरु गर्छु – नेपाली कांग्रेसको स्थापना कसरी भएको थियो? केका लागि भएको थियो ?**

जबाफ सजिलो छ – नेपाली कांग्रेसको स्थापना आन्दोलनबाट भएको थियो। कांग्रेसले दुइटा आन्दोलन सँगसँगै लडेको थियो – राष्ट्रिय स्वतन्त्रताको आन्दोलन, प्रजातन्त्रको आन्दोलन। किनभने, २००७ सालको आन्दोलन प्रजातन्त्रको आन्दोलन मात्र थिएन। राष्ट्रिय स्वतन्त्रताको आन्दोलन पनि थियो। बाह्य रूपमा कहिले पनि उपनिवेश नभएको देश राणाहरूको कब्जामा थियो। कांग्रेसले त्यसविरूद्ध आन्दोलन गर्‍यो। त्यो आन्दोलनलाई 'मुक्ति आन्दोलन' पनि भनिन्छ। अनि योद्धाहरूलाई 'मुक्ति सेना' भनिन्छ। त्यसैले कांग्रेस स्थापनालाई हामी अर्को तरिकाले पनि व्याख्या गर्न सक्छौं – प्रजातन्त्र स्थापना गर्न र राष्ट्रियता बलियो बनाउन नै कांग्रेस स्थापना भएको थियो। तर स्वतन्त्रताका लागि गरिएका, मुक्तिका लागि गरिएका आन्दोलनहरू लोकतन्त्रको आन्दोलनमा रूपान्तरित हुन्छन् कि हुँदैनन् ?

यो एउटा गम्भीर प्रश्न हो। स्वतन्त्रताका आन्दोलनहरू प्रकारान्तरले लोकतान्त्रिक आन्दोलन बन्न नसकेका धेरै उदाहरण छन्। विक्रम सम्बत् २००० पछिका दशकमा धेरै मुलुकमा राष्ट्रिय स्वतन्त्रताका आन्दोलन भए। तर ती लोकतान्त्रिक आन्दोलनमा परिणत भएनन्। अफ्रिकादेखि ल्याटिन अमेरिकासम्मका मुलुक र नेपालमै पनि लोकतान्त्रिक आन्दोलन संस्थागत हुन नसकेको अनुभव छ। भारतमा ब्रिटिस साम्राज्यवादको अन्त्य गर्ने स्वतन्त्रताको आन्दोलनबाट अभिप्रेरित भएर नेपालमा पनि राणा शासनविरूद्ध मुक्ति आन्दोलन गरिएको थियो। त्यो बेलाको एउटा विश्वास थियो, भारत स्वतन्त्र भयो भने नेपालमा पनि लोकतान्त्रिक सम्भावना बढेर जान्छ।

यही विचारका आधारमा संगठित हुँदै र पार्टीको रूप धारण गर्दै नेपाली कांग्रेसले राणा शासनविरूद्ध आन्दोलन गर्‍यो। र, त्यही आन्दोलनको बलमा राणा शासन अन्त्य गर्‍यो।

कांग्रेस पार्टीले आफ्नो स्थापनाकालदेखि आरोह-अवरोह व्यहोरेको छ। २००७ सालपछिका दशकमा बिपी कोइरालाको व्यक्तित्वका कारण महाधिवेशनमा व्यक्ति र विचारको प्रधानता थियो। भारतको स्वतन्त्रता संग्राममा सरिक भएका बिपी कोइरालामा त्यति बेलै विश्व दृष्टिकोण बनिसकेको थियो। भारतका 'सोसल डेमोक्र्याट' हरूदेखि युरोपका सोसल डेमोक्रेट्सहरूसँग सम्बन्धका कारण पनि उहाँको व्यक्तित्व र वैचारिक धरातल अन्तर्राष्ट्रिय स्तरको भयो। २०१३ सालमा नेपाली कांग्रेसले वीरगन्ज महाधिवेशन गर्‍यो। नेपाली कांग्रेसले 'प्रजातान्त्रिक समाजवाद' लाई आफ्नो एउटा मुख्य सिद्धान्त मान्यो। त्यो समयानुकूल थियो भन्ने मेरो मान्यता छ।

आज १५औं महाधिवेशनसम्म आइपुग्दा नेपाली कांग्रेसले आफ्नो मूल सिद्धान्त र मान्यता के हो भनेर एक पटक मनन गर्नुपर्छ।

एउटा आधारभूत मान्यता 'डेमोक्रेसी' हो। त्यसलाई लोकतन्त्र वा प्रजातन्त्र जे भने पनि भयो। अहिले हामीले लोकतन्त्र भनिरहेका छौं। यसमा शब्दको फरक मात्र छैन, दोस्रो जनआन्दोलनको ऐतिहासिक सन्दर्भमा यसको अर्थ पनि फरक छ। अर्को आधारभूत मान्यता प्रजातान्त्रिक समाजवाद हो। त्यसको पनि एउटा विशिष्ट सन्दर्भ छ। दोस्रो विश्वयुद्धपछिको गरिबी विश्वव्यापी रूपमै थियो। त्यही भएर आर्थिक समानता मूल मुद्दा बन्यो। राज्यले स्रोतहरूको पुनर्वितरण गर्नुपर्छ भन्ने मान्यता बलियो थियो। नेपालमा पनि त्यो कुरा महत्त्वपूर्ण थियो। कांग्रेसले सोभियत युनियनमा जस्तो राज्यनियन्त्रित अर्थतन्त्र अर्थात् राज्यले नै सबै कुरा उत्पादन र वितरण गर्नुपर्छ भनेन। बरू राज्यका स्रोतको पुनर्वितरण गर्नुपर्ने विचारबाट नेपाली कांग्रेस निर्देशित भयो भन्ने मलाई लाग्छ। त्यो महत्त्वपूर्ण पक्ष थियो। २०१३ सालको वीरगन्ज महाधिवेशन र २०१५ सालको पहिलो आमनिर्वाचन ताकाको नेपाललाई हेर्‍यो भने अधिकांश मानिस गाउँमा बसोबास गर्थे। 'हरियो वन नेपालको धन' भन्ने भनाइ बलियो थियो। त्यही भएर वनलाई राष्ट्रियकरण गर्न जरूरी थियो। जमिनको पुनर्वितरण गर्न जरूरी थियो। औद्योगिकीकरणको सुरूआत पनि गर्नुपर्ने थियो। वीरगन्ज महाधिवेशनले समाजवाद (सोसलिजम) भनिसकेपछि राज्यले नै औद्योगिक नीति बनाउनुपर्छ भन्ने भयो। जब २०१६ सालमा बिपी कोइरालाको सरकार बन्यो, त्यसले औद्योगीकरणका नीतिहरू लिएर आयो। त्यो बेला राष्ट्र बैंक मात्रै थियो, पछि वाणिज्य बैंकहरू खुल्न सुरू भयो। उद्योगहरू खोल्ने नीति आयो।

सबै कुराको समयसापेक्षता हुन्छ। त्यो बेला एउटा साधारण मानिसलाई के चाहिन्छ भनेर सोध्यो भने 'मलाई सानो बस्ने जग्गा चाहिन्छ, दुहुनो गाई चाहिन्छ' भन्थ्यो होला। त्यही भएर बिपीले हरेक नेपाली नागरिकलाई एउटा सानो जमिन, बस्नको निम्ति घर र एउटा दुहुनो गाई होस् भन्नुभयो। अहिले एउटा युवालाई के चाहिन्छ भनेर सोध्यो भने मलाई गजबको एउटा ल्यापटप चाहिन्छ भन्ला। यो आवश्यकताका कुरा समयानुकूल हुन्छन्। त्यसलाई नेतृत्वले बुझ्न सक्नुपर्छ। अहिलेको महाधिवेशनको सन्दर्भमा म सुन्दै छु – नेपाली कांग्रेसको विचारमा प्रजातान्त्रिक समाजवाद पुरानो भइसक्यो, काम नलाग्ने भइसक्यो। तर मलाई के लाग्छ भने प्रजातान्त्रिक समाजवाद एउटा मन्त्र मात्रै होइन। यो एउटा 'निर्देशक विचार' हो। त्यसलाई कसरी समयानुकूल बनाउने र व्याख्या गर्ने भन्ने कुरा चाहिँ यस्तै महाधिवेशनहरूमा विचारविमर्श गर्नुपर्छ। वीरगन्ज महाधिवेशनमा बिपीले नै दस्तावेज लेख्नुभयो। प्रस्तुत गर्नुभयो। सुवर्ण शमशेरहरू हुनुहुन्थ्यो। पढालिखा मानिसहरू थिए। उहाँहरूले पनि छलफल गर्नुभयो। बिपीले हाँकेको समय भएकाले विचारविमर्श पनि राम्रो भयो। २०१७ सालमा राजा महेन्द्रले बिपीलाई अपदस्थ गरेर पञ्चायती शासन थोपरेपछि नेपाली कांग्रेसको आन्दोलन फेरि प्रजातन्त्रको आन्दोलनमा सीमित भयो। त्यसैले त्यो कालमा आर्थिक विचार बहस धेरै पाइन्न। २०४६ सालको परिवर्तनपछि र बहुदलीय व्यवस्थाको पुनर्स्थापनापछि फेरि कांग्रेसको नेतृत्वमा देश गयो। मैले त्यो बेला परिवर्तन र नेपाली कांग्रेसको नेतृत्व र विकासक्रमलाई नजिकबाट हेर्ने मौका पाएँ। मलाई एकदम याद छ – राज्यले व्यापार गर्ने कि हो कि होइन भन्ने प्रश्न प्रबल बन्यो त्यो बेला। २०४६ सालमा आइपुग्दा नेपाल उदार अर्थतन्त्रको विश्वव्यापी संरचनामा प्रवेश गरिसकेको थियो। र, त्यसको विकल्प छैन भन्ने बहस नै प्रधान भयो। त्यो बेला हामी बाह्य ऋणमा, बाह्य दाताहरूमा, विदेशी अनुदानमा निर्भर हुन थालिसकेका थियौं। ऋण तिर्नुपर्ने बाध्यतामा हामी पसिसकेका थियौं। त्यसलाई बदलेर त्योभन्दा बाहिरको अर्थतन्त्रमा जान्छौं भन्न सक्ने स्थिति थिएन। त्यसैले त्यसलाई धेरै खलबल्याउन हुन्न भन्ने मत बलियो भयो। बजार थप खुला भयो। थप बैंक, बीमा, हवाईजहाज र अन्य कम्पनीहरू आए। निजी लगानी बढ्यो। ठूला-ठूला विद्युत आयोजनाको कुरा आयो। अब ठूलो लगानी ल्याउनुपर्छ। ठूलो ऋण लिनुपर्छ, विश्व बैंकसँग ऋण लिनुपर्छ भन्ने मान्यताहरू अघि बढे। त्यसो भन्दै गर्दा पनि त्यो बेलाको नेतृत्व, विशेषतः गिरिजाप्रसाद कोइरालाले भनिराख्नुहुन्थ्यो – 'स्मल इज ब्युटिफुल'।

ठूला-ठूला लगानीका आयोजना हामी धान्न सक्छौं कि सक्दैनौं भन्ने चिन्ता थियो उहाँलाई। ठूला आयोजनाका लागि चाहिने व्यवस्थापकीय क्षमता र 'साइन्टिफिक टेम्परामेन्ट' हामीसँग छ कि छैन भन्नुहुन्थ्यो उहाँ। म सम्झिन्छु – कुनै बेला अरूण जलविद्युत आयोजनाको ब्रिफिङ भइरहेको थियो। विज्ञहरूले भनिरहेका थिए – विराटनगरमा ठूलो एयरपोर्ट बन्छ। त्यहाँबाट ठूला-ठूला टर्बाइन आउँछन्। हेलिकप्टरले ती टर्बाइन अरूण नदीमा पुर्‍याउँछन्।

**त्यो बेला गिरिजाप्रसाद कोइरालाले भनेको सम्झन्छु – 'मेरो विराटनगर, यो सानो गाउामा जुन प्रतिस्पर्धा हुनेछ, जसरी जग्गाको भाउ बढ्नेछ, त्यसले गरिबको के हुन्छ? किसान कहाा जान्छन् ?'**

पार्टीले सधैं एउटा कुराको ख्याल राख्न पर्छ – आफ्ना नीतिहरूले तल्लो तहका मान्छेलाई छुनुपर्छ। उनीहरूलाई छाड्न हुन्न। सँगसँगै लोकतन्त्रले नागरिकहरूलाई व्यक्तिगत विकासको जुन अवसर दिन्छ, त्यसलाई पनि राज्यले अवरूद्ध गर्नु हुँदैन।

बिपी कोइरालाको सोचाइको केन्द्रमा, विकासको दृष्टिकोणको केन्द्रमा व्यक्ति थिए। नागरिक थिए। परम्परागत समाजवादीहरूको केन्द्रमा जसरी पार्टी हुन्छ, राज्य हुन्छ, बिपीको सोचमा त्यो थिएन। बिपीले र कांग्रेसले सधैं आफ्नो केन्द्रमा व्यक्तिलाई राखेको छ। उसको स्वतन्त्रता, उसको अधिकार र उसको सिर्जनशीलता राखेको छ। चाहे त्यो आर्थिक सिर्जनात्मकता होस्, चाहे साहित्यिक होस्, चाहे वैयक्तिक सिर्जनात्मकता होस्।

कांग्रेसले सधैं वैयक्तिक स्वतन्त्रतालाई रोक्न मिल्दैन भनेको छ। अहिले म कता-कता सुनिरहेको छु – कांग्रेसका कतिपय नेता-कार्यकर्ता र शुभेच्छुकहरूले समाजवाद भन्ने शब्दको दुरूपयोग भयो, वामपन्थीहरूले यसको नाममा जे-जे गरे र जसरी दुरूपयोग गरे, त्यसबाट हामी मुक्त हुनुपर्छ भनिरहेका छन्। हामीले के बुझ्न जरूरी छ भने, कुनै पनि पार्टी वा कुनै राजनीतिक समूहले राजनीतिक शक्तिका रूपमा काम गर्ने हो भने त्यो समाजको इच्छा, आकांक्षा र बृहत आर्थिक र सामाजिक परिवेशबाट अछुतो रहन सक्दैन। राष्ट्रियता भनेको के हो, प्रजातन्त्र भनेको के हो अथवा लोकतन्त्र भनेको के हो, सामाजिक लोकतन्त्र भनेको के हो अथवा प्रजातान्त्रिक समाजवाद भनेको के हो – यी विषयहरूप्रति उदासीन रहन सक्दैन। त्यसैले यी विषयमा नेतृत्वले यथेष्ट छलफल, बहस र विश्लेषण गर्ने अनि समाजलाई त्यसबारे बुझाउन सक्ने हैसियत आर्जन गर्नुपर्छ। पार्टीलाई त्यसैको आधारमा संगठित गर्नुपर्छ। नेपाली कांग्रेसले त्यो मुद्दामा विचारलाई लिएर जाने एउटा अर्गनाइजिङ प्रिन्सिपल के हुन्छ भन्ने कुरामा छलफल गर्नुपर्ने हुन्छ। हिजो हामीलाई तीनवटा मन्त्रले – राष्ट्रियता, प्रजातन्त्र, समाजवाद – ले यहाँ लिएर आयो। अबको १० वर्षमा हामीले यसलाई कहाँ लैजाने? मन्त्र त्यही भएर पनि महत्त्वपूर्ण छ। गायत्री मन्त्र मैले जानेदेखि परिवर्तन भएको छैन तर गायत्री मन्त्रका व्याख्याहरू परिवर्तन भएका छन्। त्यसैले स्लोगन वा नाराहरू परिवर्तन गर्नुअघि सोच्नुपर्छ। त्यो मन्त्र अनुसार बाँच्न सक्ने दृढता छ कि छैन? कुरा समाजवादको, लोकतान्त्रिक समाजवाद वा सामाजिक लोकतन्त्रको गर्ने तर व्यवहारमा लोकतन्त्रको गला घोट्न कति पनि बेर नलाग्ने हुनुभएन। अब सार्वजनिक नीतिहरू बनाउने सन्दर्भमा स्वतन्त्रता अक्षुण्ण हो, नन-नेगोसिएबल हो भन्ने कुरा चाहिँ कसरी उहाँहरूले देखाउनुहुन्छ, त्यो हेर्न जरूरी छ। मलाई लागेको अर्को महत्वपूर्ण पक्ष सभापति गगन थापाको विशेष महाधिवेशनको भाषणमा पनि थियो। उहाँले 'नेपाली कांग्रेस पार्टी होइन, नेपाली कांग्रेस विचार हो' भन्नुभएको थियो। चुनावमा पनि हार्ने-जित्ने त आफ्नो ठाउँमा छ, हामी जान्छौं भन्नुभयो। त्यो हो भने विचारको सबलीकरण कसरी हुन्छ भन्ने कुरा पनि महत्त्वपूर्ण छ। यो अधिवेशनले उहाँको नेतृत्वलाई संस्थागत गरोस् भन्ने मेरो कामना छ। उहाँले आफ्नो विचारले पनि र कामले पनि पार्टीलाई डोर्‍याउँदै हुनुहुन्छ। विचारको कुरामा चाहिँ मान्छे लचिलो हुन जरूरी छ। तर त्यो लचकताको नाउँमा एउटा मियो वा धार छोड्नु हुँदैन भन्ने लाग्छ।




त्यो के हो भने, राष्ट्रियता नेपालमा सजिलैसँग कुरा गरिने विषय हो। तर हाम्रो राष्ट्रियताको जटिल विषय भनेको, हामी दुईटा ठूला देशहरूको बीचमा छौं। ती देशहरू पहिले सभ्यताका शक्ति थिए, अहिले आर्थिक शक्ति बनेका छन्। प्रविधिका शक्ति बनेका छन्। यस्तो अवस्थामा चीन र भारतको बीचमा रहेको नेपालले आफ्नो वैदेशिक नीतिलाई कसरी निर्देशित गर्छ ? मेरो राष्ट्रिय स्वार्थ के हो? म कहाँ उभिने हो? मेरो राष्ट्रिय स्वायत्तता के हो ?

यसलाई हामी चाहे राष्ट्रियता भनौं, चाहे जे भनौं, तर यो कुरा पहिले प्रस्ट हुनुपर्छ।

हिजो खुकुरी लिएर हिंड्ने राष्ट्रवाद थियो भने अब चाहिँ विचारको राष्ट्रवाद छ। आफ्नो राष्ट्रिय अक्षुण्णतालाई, नेपाली नागरिकहरूको सम्मानलाई कसरी जोगाउने? नेपाली कांग्रेस यसमा प्रस्ट हुनुपर्छ। अहिले नेपाली कांग्रेसले समाजवाद छाड्दैछ भन्ने चर्चा पनि भइरहेको छ। तर हामीले त्यसलाई छाड्नुभन्दा पनि पुनर्परिभाषित गर्नुपर्छ भन्ने मलाई लाग्छ। अहिलेको महाधिवेशन एउटा महत्त्वपूर्ण समयमा भइरहेको छ। अहिले प्रविधिमा व्यापक परिवर्तन आइरहेको छ। हाम्रो जीवन, समाज र आर्थिक गतिविधिहरूमा यसले व्यापक रूपमा प्रभाव पारिरहेको छ।

**यो प्रविधि र परिवर्तनबारे पनि संसारभरि एउटा बहस चलिरहेको छ। एउटा नैतिक प्रश्न उठेको छ – प्रविधिले हामीलाई नियन्त्रित गर्छ कि स्वतन्त्र बनाउछ ?**

नेपाली कांग्रेसको यो महाधिवेशनमा यी महत्त्वपूर्ण विषयहरूमा पनि छलफल हुनुपर्छ। नेपाली कांग्रेसका साथीहरूले अहिले लेखेको, बोलेको देखिरहेको छु। धेरै जना संगठनमा को आउने, कुन पदमा को आउने भन्नेमै धेरै जना केन्द्रित हुनुहुन्छ। योभन्दा अघिका दुई अधिवेशन व्यक्ति केन्द्रित भए भनियो। अहिले पनि विचारमा त्यति बहस होला जस्तो देखिएको छैन। फेरि पनि नेपाली कांग्रेसको मूल नेताले जे सोच्छ, हाम्रो विचार त्यही हो भन्नेमा जालान् कि भन्ने चिन्ता लागिरहेको छ मलाई। भोलि वा पर्सि निर्वाचनमा होमिनेबित्तिकै विचार त गौण भएर जान्छ जस्तो लाग्छ।

अहिले हाम्रो मुलुकमा एउटा विशिष्ट परिस्थिति पनि छ। बाढी, पहिरोले जुन आर्थिक परिस्थिति सिर्जना गरेको छ, त्यसले अबका केही वर्ष यसमै केन्द्रित हुनुपर्ने परिस्थिति निर्माण गरेको छ। चाहे त्यो वातावरणीय मुद्दा होस् वा भौतिक र पूर्वाधार विकासको मुद्दा होस्। अबको नेतृत्वले आउने १० वर्षमा नेपालमा यिनै कुरामा काम गर्नुपर्छ। तर त्यसका लागि केवल नेतृत्व परिवर्तन पर्याप्त हुँदैन। विचारलाई पनि नयाँ सन्दर्भमा उभ्याउनुपर्छ। हिजोका प्रश्नको उत्तर दिएर मात्रै आजको नेपाल चल्दैन। आजको प्रश्न के हो, भोलिको प्रश्न के हुनेछ र त्यसको उत्तर दिन कांग्रेससँग के विचार छ – यो महाधिवेशनले त्यसको खोजी गर्नुपर्छ।

नेपाली कांग्रेसको सबभन्दा ठूलो शक्ति भनेको उसको ऐतिहासिक विरासत र विचारको निरन्तरता हो। त्यो ऐतिहासिक विरासत र विचारलाई जोगाउनु भनेको मालाभित्रको धागो जोगाउनुजस्तै हो। धागो चुँड्यो भने माला जतिसुकै बलियो स्फटिकको भए पनि त्यो रहँदैन। हिराकै भए पनि रहँदैन।

त्यस कारण राष्ट्रियता, प्रजातन्त्र र समाजवादको मन्त्रलाई जप्न दिइराख्न र भित्रबाट त्यसलाई नयाँ ढंगले परिभाषित गर्नुपर्छ भन्ने मेरो मान्यता छ। किनभने कांग्रेसका लागि विचार कुनै महाधिवेशनको दस्तावेजमा लेखिने कुरा मात्र होइन। त्यो संसदमा बोल्ने विषय हुनुपर्छ, सार्वजनिक नीति बनाउने आधार हुनुपर्छ, गाउँ-गाउँमा संगठन गर्न जाने नेताको राजनीतिक भाषा हुनुपर्छ र नागरिकले कांग्रेसलाई चिन्ने व्यवहार बन्नुपर्छ।

**अबको १० वर्षका लागि कांग्रेसले आफूलाई यही प्रश्न सोध्नुपर्छ – राष्ट्रियता, प्रजातन्त्र र समाजवादले हामीलाई हिजो कहाा ल्यायो? अब यही तीनवटा आधारले हामीलाई कहाा लैजान्छ ?**

यसका लागि नेताको चयन मात्र होइन, विचारको बहसलाई पनि यो महाधिवेशनले प्राथमिकता दिनुपर्छ। महाधिवेशन सकिएपछि नेपाली कांग्रेसले केवल नयाँ नेतृत्व पाएको अनुभूति गर्ने होइन, नयाँ विचारसहित नयाँ बाटो समातेको अनुभूति नेपाली समाजले गर्न सक्नुपर्छ। त्यो भयो भने मात्र इतिहास बोकेको कांग्रेसले आफ्नो इतिहासको सम्मान गर्दै भविष्यका लागि पनि आफूलाई सान्दर्भिक बनाउन सक्छ। यो लेख सेतोपाटीडटकमबाट साभार गरिएको छ।

# संशयवादी जेन-जी पुस्तालाई बीपीको समाजवाद कसरी बुझाउने ?



● सुरज सेजुवाल

परम्परागत संस्था, नेता, ठूला मिडिया र कर्पोरेट कम्पनीमाथिको संशय तथा हरेक प्रश्नको व्यावहारिक र वैज्ञानिक जवाफ खोज्ने प्रवृत्तिका कारण नवयुवा पुस्ता अर्थात् जेन-जी पुस्ता संशयवादी हुन्छन्। वादहरूको चक्रव्यूहमा रुमल्लिएको अघिल्लो पुस्ताविपरीत नवयुवा पुस्ताले तर्कसंगतता, प्रगतिशीलता, मानवतावाद, पर्यावरणवाद, व्यक्तिवाद र यथार्थवाद जस्ता सामाजिक-राजनीतिक विचारधाराको मिश्रित रूपलाई जानेर-नजानेर अंगीकार गरेको देखिन्छ।

यस्तो संशयवादी पुस्तालाई कुनैबेला चर्चाको केन्द्रमा रहेका राजनीतिक सिद्धान्त र विचारधारा बुझाउनु बिल्कुलै सहज छैन। तसर्थ विश्वमानचित्रमा प्रयोग र अभ्यासमा रहेका विचारधारालाई आजको परिवेशसँग समरूपताका माध्यमबाट व्याख्या गरिनुपर्छ।

पुस्ताको वर्गीकरणका आधारमा सन् १९१४ मा जन्म भई सन् १९८२ मा मृत्युवरण गरेका विश्वेश्वरप्रसाद कोइराला अर्थात् बीपी 'महान् पुस्ता' (ग्रेटेस्ट जेनेरेसन) का हुन्। यस पुस्ताका बीपी मार्क्सबाट प्रभावित भए पनि कम्युनिस्ट बनेनन्। बरु, उनी पुँजीवाद र मार्क्सवादी समाजवाद दुवै सिद्धान्तका आलोचनात्मक विश्लेषक बने। त्यस समय नेपालको आन्तरिक परिवेशतर्फ हेर्दा राणा शासनको निरङ्कुशता, विद्रोही राजनीतिक चेतनाको प्रारम्भ तथा विस्तार, प्रजा परिषद्को गठन, २००७ सालको क्रान्ति, प्रजातान्त्रिक प्रयोग, २०१७ सालको शाही कदम र २०१९ सालको पञ्चायत व्यवस्थासम्मका घटनाक्रम बीपीका प्रत्यक्ष भोगाइ थिए।

यिनै भोगाइको जगमा उभिएर उनले २०३६ सालको जनमतसंग्रहसम्म प्रत्यक्ष नेतृत्व गरे, जसले बीपीको अवसानपछि विकसित २०४६ सालको जनआन्दोलनको पृष्ठभूमि तयार पार्‍यो।

यस्तो बहुआयामिक परिवेशमा हुर्किएका बीपीका यथार्थवादी मनोवैज्ञानिक साहित्यकार र नेपालका पहिलो जननिर्वाचित प्रधानमन्त्रीका रूपमा मुख्य परिचय स्थापित भए। यही संघर्षशील जीवनका क्रममा कांग्रेसका संस्थापक नेताका रूपमा उनले अघि सारेको प्रजातान्त्रिक समाजवाद आज नेपाली राजनीतिक चिन्तनको एउटा महत्वपूर्ण आधारस्तम्भ बनेको छ।

बीपीको समाजवादलाई उत्पादनका स्रोत र साधनको सामूहिक स्वामित्वमा मात्र सीमित गरेर बुझ्नु पर्याप्त हुँदैन। वास्तवमा उहाँका लागि समाजवाद केवल एउटा आर्थिक प्रणाली वा समुन्नत समाज निर्माणको मार्गचित्र मात्र थिएन, यो त मानिसको स्वतन्त्रता, सम्मान, समानता, सामाजिक न्याय र नैतिक चेतनासँग प्रत्यक्ष जोडिएको जीवनदर्शन थियो।

आजको जेन-जी पुस्ता प्रविधिमय डिजिटल युगमा हुर्किरहेको छ। सामाजिक सञ्जाल, स्मार्टफोन, कृत्रिम बुद्धिमत्ता, डिजिटल अर्थतन्त्र र विश्वव्यापी सञ्चार उनीहरूको दैनिक जीवनका अभिन्न अंग बनेका छन्। यो पुस्ता सिद्धान्तका ठेली पढेर बस्ने धैर्य राख्दैन, उनीहरूलाई तत्काल देखिने ठोस नतिजा चाहिन्छ।

घरभित्रै बुबाआमाको फोनको सेटिङ मिलाइदिने र हजुर बुबाका पुराना कथा सुन्ने यो पुस्ता दुई संसारको मिलनबिन्दुमा उभिएको छ। पुस्ताको असली सौन्दर्य यही हो, नयाँ पुस्ता पुरानोको कार्बन कपी होइन र पुरानो पुस्ता नयाँको पर्खाल पनि होइन। त्यसैले जेन-जीले पुराना विचारलाई थोत्रो भनेर डिलिट गरिहाल्नु पर्दैन, तिनलाई आफ्नै स्क्रिनमा खोलेर आजका नयाँ प्रश्न सोध्नुपर्छ। बीपी र जेन-जीबीचको वास्तविक संवाद ठ्याक्कै यहीँबाट सुरु हुन्छ।

बीपीको प्रजातान्त्रिक समाजवादलाई बुझ्न तत्कालीन दुई प्रमुख वैचारिक धार मार्क्सवादी समाजवाद र पुँजीवादको सन्दर्भमा हेर्नुपर्छ। मार्क्सवादी चिन्तनले सामूहिक स्वामित्व र वर्गविहीन समाजको परिकल्पना गर्छ भने पुँजीवादी व्यवस्थाले निजी सम्पत्ति, व्यक्तिगत उद्यमशीलता र खुला बजारलाई आधार मान्छ।

बीपीको प्रजातान्त्रिक समाजवादले यी दुई धारबीच आर्थिक समानता र सामाजिक न्याय सुनिश्चित गर्दै व्यक्तिगत स्वतन्त्रता र लोकतान्त्रिक अधिकारको रक्षा गर्ने सन्तुलित बाटो रोज्यो। आजको जेन-जी पुस्ताले स्टार्टअप, निजी लगानी, उद्यमशीलता र व्यक्तिगत करियरलाई उत्तिकै महत्त्व दिए पनि समान अवसर, सामाजिक सुरक्षा र न्यायको बलियो अपेक्षा राख्छ। बीपीको दर्शनलाई 'व्यक्तिगत स्वतन्त्रता र सामाजिक न्यायलाई कसरी सँगसँगै लैजाने ?' भन्ने प्रश्नको उत्तर खोज्ने मध्यमार्गी दर्शन मान्न सकिन्छ।

बीपी कोइरालाको समाजवादी चिन्तन बुझ्न उहाँका साहित्यिक कृतिहरू पनि विचार र व्यक्तित्व बुझ्ने भरपर्दा माध्यम हुन्। कथा, उपन्यास र आत्मपरक लेखनमा प्रस्तुत पात्र, तिनको मनोविज्ञान, द्वन्द्व र सामाजिक परिवेशले बीपीको गहिरो मानवीय संवेदना प्रस्ट पार्छन्।

बीपीका साहित्यिक कृतिमा मानिस कुनै दलको झन्डा बोक्ने कठपुतली हुँदैन, ऊ आफ्ना इच्छा, कमजोरी, प्रेम, नैतिक द्वन्द्व र सामाजिक परिस्थितिसँग जुधिरहेको जीवित मान्छे हुन्छ। आजको पुस्ताले व्यक्तिगत स्वतन्त्रता, मानसिक स्वास्थ्य, लैङ्गिक पहिचान र आफ्नो छनोटको अधिकारलाई अत्यन्त गम्भीरतापूर्वक लिन्छ। बीपीका पात्रको भित्री द्वन्द्व बुझ्दा उहाँको विचार मानिसलाई नै केन्द्रमा राखेर सोचिएको दर्शन हो भन्ने प्रस्ट हुन्छ।

आजको जेन-जी पुस्ता सूचनाको विशाल सागरमा पौडिरहेको छ। तर, सूचना थुपार्नु र त्यसलाई विवेकमा बदल्नु बिल्कुलै फरक कुरा हुन्। प्राप्त सूचनाको सही विश्लेषण गर्ने र त्यसलाई उपयोगी सिर्जनामा बदल्ने क्षमता आजको वास्तविक आवश्यकता हो।

बीपीले आफ्ना समयका प्रश्नहरू अरूले भनेकै भरमा कहिल्यै दोहोर्‍याउनुभएन, ती प्रश्नलाई आफ्नै अध्ययन र चिन्तनबाट विश्लेषण गर्नुभयो। आज तपाईंसँग बीपीको समयभन्दा हजारौं गुणा बढी डेटा र प्रविधिको पहुँच छ। त्यसैले त्यो सूचनालाई मौलिक सोच र परिणाममुखी काममा रूपान्तरण गर्ने जिम्मेवारी आजको पुस्ताकै काँधमा छ।

आज अधिकारको लडाइँ सडकमा मात्र सीमित छैन। डिजिटल गोपनीयता, डेटा सुरक्षा, अभिव्यक्ति स्वतन्त्रता र इन्टरनेटमा समान पहुँचका विषय पनि उत्तिकै पेचिला बनेका छन्। डिजिटल दुनियाँमा नागरिकको अधिकार सुरक्षित गर्ने र प्रविधिको फाइदा सबै वर्गसम्म पुर्‍याउने कुरा आजको सामाजिक न्यायको अभिन्न अंग हो।

कृत्रिम बुद्धिमत्ताले काम र सिर्जनाको नयाँ ढोका खोलेको छ, तर यसले रोजगारी कटौती, डेटा चोरी र आम्दानीको असन्तुलनजस्ता गम्भीर प्रश्नहरू पनि उठाएको छ। यी नयाँ प्रविधिबारे नीति बनाउँदा बीपीले अघि सारेका मानवीय गरिमा, स्वतन्त्रता र सामाजिक न्यायका मूल्यहरू नै मुख्य आधार बन्न सक्छन्। जेन-जी पुस्ताको अर्को मुख्य चासो जलवायु परिवर्तन र पर्यावरण संरक्षण हो। हिमाल पग्लिनु, पानीका मुहान सुक्नु र जैविक विविधता घट्नु नेपालको अस्तित्वसँग जोडिएका साझा संकट हुन्। यसका साथै, यो पुस्ता पशुपन्छी र घरपालुवा प्राणीप्रति गहिरो स्नेह राख्छ। विकासलाई केवल नाफा र कङ्क्रिटको संरचनामा सीमित गर्दा प्राकृतिक स्रोतको दोहन मात्र हुँदैन, निरीह प्राणीको बासस्थानसमेत उजाडिन्छ।

बीपीको दृष्टिकोणलाई हेर्दा समृद्धिको मापन केवल कङ्क्रिटमा मात्र नभई मानिस, प्रकृति र अन्य जीवित प्राणीबीचको सन्तुलनमा खोजिनुपर्छ। यस्तो बेला आफ्ना राष्ट्रिय आवश्यकतासँगै विश्वव्यापी मानवीय उत्तरदायित्वको भावना पनि उत्तिकै बलियो हुनुपर्छ।

जेन-जीसँग कुरा गर्ने शैली फेर्नैपर्छ। मञ्चमा उभिएर गरिने पट्यारलाग्दो लामा भाषण र थोत्रा नाराले नयाँ पुस्ताको ध्यान तान्न सक्दैन। समाजवादलाई उनीहरूको फोनको स्क्रिन, दैनिक जीवनका समस्या र तत्काल देखिने परिणामसँग जोड्नुपर्छ।

सामाजिक सञ्जालमा डेटा सुरक्षा, एआईको नाफाको बाँडफाँट, आर्थिक स्वतन्त्रता र सामाजिक सुरक्षाबीचको सन्तुलन जस्ता व्यावहारिक प्रश्नमाथि बहस गरिनुपर्छ।

जेन-जीलाई बीपीका विचार अन्धभक्त भएर मान्न भन्नु हुँदैन, उनीहरूलाई प्रश्न गर्न र आफ्नै निष्कर्ष निकाल्न दिनुपर्छ। स्वतन्त्र विचार, आलोचनात्मक चेतना र विवेकपूर्ण निर्णय नै प्रजातान्त्रिक समाजवादको जग हो। त्यसैले जेन-जीलाई सोध्नुपर्ने अन्तिम प्रश्न यही होः तपाईं कस्तो समाज बनाउन चाहनुहुन्छ, जहाँ प्रविधि र विकासको अन्तिम लक्ष्य मानिसलाई स्वतन्त्र, सुरक्षित र सम्मानित बनाउनु होस् ? शिलापत्रडटकमबाट साभार गरिएको हो।

# व्यवसायीको सुझावमा सार्वजनिक खरिद ऐनको दोस्रो संशोधन : मन्त्री लम्साल

काठमाण्डु । पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले नेपाल निर्माण व्यवसायी महासङ्घको सुझाव अनुरुप नै सार्वजनिक खरिद ऐनको दोस्रो संशोधन गरिएको बताउनुभएको छ ।

सार्वजनिक खरिद ऐनको दोस्रो संशोधनका क्रममा महासङ्घको वर्तमान कार्य समितिबाट महत्वपूर्ण सुझावहरू आएकोमा सोका लागि मन्त्री लम्सालले धन्यवाद ज्ञापन गर्नुभयो । लगानी र विकासका लागि कानुन सुधार परामर्श कार्यशाला समापनका अवसरमा उहाँले वर्तमान सरकारले सरोकारवाला पक्षसँगै बसेर आवश्यक नीति नियम तर्जुमा गर्ने रणनीति अघि सारेको जानकारी दिनुभयो । कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले निजी क्षेत्रबाट प्राप्त सुझावलाई सरकारले महत्त्वपूर्ण दस्तावेजको रुपमा लिएको र त्यसैअनुसार कार्यान्वयन गरिने बताउनुभयो ।

पूर्वाधार विकास मन्त्रालयका सहसचिव एवं निर्माण व्यवसाय प्रवर्द्धन तथा व्यवस्थापन कार्यान्वयन समितिका अध्यक्ष कृष्णराज पन्तले विज्ञहरूबाट प्राप्त सुझावलाई राष्ट्रिय योजना आयोगका सदस्यको



संयोजकत्वमा रहेको समितिमार्फत थप परिमार्जन एवं परिष्कृत गरिने जानकारी दिनुभयो ।

नेपाल उद्योग वाणिज्य महासङ्घका निवर्तमान अध्यक्ष चन्द्र ढकालले निजी क्षेत्र र सरकारको सहकार्यबाट मात्रै आर्थिक समृद्धि सम्भव भएको बताउनुभयो । नेपाल निर्माण व्यवसायी महासङ्घका वरिष्ठ उपाध्यक्ष रामजी पन्तले वर्तमान सरकार निजी क्षेत्र मैत्री रहेको प्रतिक्रिया दिनुभयो ।

नेपाल उद्योग परिसङ्घका उपाध्यक्ष हेमराज ढकालले निजी क्षेत्रले दिएको सुझाव कार्यान्वयन हुने विश्वास व्यक्त गर्नुभयो । प्रधानमन्त्रीका नीति, प्रशासन तथा सुशासन सल्लाहकार सुदीप ढकालको अध्यक्षतामा भएको कार्यशालामा संसदीय समितिका सभापति तथा सदस्य, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका प्रतिनिधि, विभिन्न मन्त्रालयका प्रतिनिधि, विषयगत विज्ञ, निजी क्षेत्रका विभिन्न सङ्घ-संस्थाका प्रतिनिधि सहभागी हुनुहुन्थ्यो ।

कार्यशालामा लगानी प्रवर्द्धन, विकास निर्माणलाई प्रभावकारी बनाउने रणनीति, विद्यमान कानुनी व्यवस्थामा आवश्यक सुधार तथा सरलीकरण गर्ने विषयमा विस्तृत छलफल भएको थियो । त्यस अवसरमा विकास निर्माणका क्षेत्रमा देखिएका कानुनी तथा प्रक्रियागत जटिलता समाधान गर्दै लगानीमैत्री वातावरण निर्माण गर्ने विषयमा सहभागीबाट महत्वपूर्ण प्रस्तुत गरिएको थियो । रासस

# ब्रिटिस गोर्खाहरूलाई वंशजको नागरिकता दिन माग

**टुडे समाचारदाता**

काठमाण्डु । ब्रिटिश गोर्खा सैनिक तथा तिनका सन्तानहरूले नेपाली वंशजको नागरिकता दिनका लागि संविधान संशोधन गर्न सरोकारवालाहरूले माग गरेका छन् ।

काठमाण्डुमा सोमबार आयोजित कार्यक्रममा उनीहरूले संविधान संशोधन गरी नागरिकतालाई निरन्तरता दिनसमेत आग्रह गरेका छन् ।

ब्रिटिश गोर्खा तथा तिनका सन्तानहरूको नेपाली वंशजको नागरिकता निरन्तरता अभियान (सीएनसी बिजी-यूके) उपाध्यक्ष दलबहादुर बुढाथोकीले नेपालको संविधानले नै आफूहरूको नागरिकता पाउने अधिकार छिनेको आरोप लगाए । 'नागरिकता ऐन २०६३ को दफा १० को १ मार्फत कुनै नेपाली नागरिकले कुनै विदेशी मुलुकको नागरिकता प्राप्त गरेमा उसको नेपाली नागरिकता नहने भन्ने




व्यवस्थाले हाम्रो अधिकार गुमेको छ' बुढाथोकीले भने । आफूहरूको अधिकारका लागि २०७२ को संविधान संशोधन गरी अधिकार सुनिश्चित गर्न सरकारसँग माग गरे ।

भूतपूर्व सैनिक कल्याणकारी समिति, नेपालका अध्यक्ष हुमबहादु थापाले कानुनी तबरबाटै नागरिकता वञ्चित गरिएकोले त्यसैमार्फत नै अधिकार सुनिश्चित गर्न माग गरे ।

थापाले सरकारले आफूहरूलाई वंशजको नागरिकता निरन्तरतको एकसूत्रीय मागलाई सम्बोधन नगरे दसैं-तिहारपछि संसदमा विषय उठाउन पहल तथा सडक आन्दोलनसमेत गर्ने चेतावनी दिए ।

प्राडा सुरेन्द्र केसीले नेपाल, बेलायत र भारतबिच त्रिपक्षीय सन्धीमार्फत भर्ती भएका ब्रिटिश गोर्खाहरूलाई अभिछिन्न रुपले नेपाली वंशजको नागरिकता हुनुपर्नेमा जोड दिए । राज्यस्तरबाटै सहमति भएर भर्तीमा गएका ब्रिटिश आर्मीहरूप्रति राज्यको पूर्वाग्रहिता गलत छ, कानुनी हिसाबबाटै नागरिकता च्यूत गरिनु मानव अधिकारविपरीत पनि भएको डा. केसीको कथन छ । केसीले राज्यले सहजै नमान्ने भएले संघर्षको लागि तयरी गर्न सुझावसमेत दिए ।

वरिष्ठ अधिवक्ता दिनेश त्रिपाठीले संविधानमै एनआरएनएको दोहोरो नागरिकताको विषयमा उल्लेख हुँदा ब्रिटिश गोर्खा सैनिक तथा उनीहरूका परिवारको विषयमा उल्लेख नगरिनु दुर्भाग्य भएको बताए । बेलायती सैनिक सेवा रज्यद्वारा नै निर्देशित भएकोले एनआरनहरूको भन्दा ब्रिटिश गोर्खाहरूको विषय भिन्न प्रकृतिको भएको र उनीहरूलाई नेपाली वंशजको नागरिकता निरन्तर हुनुपर्ने त्रिपाठीको कथन छ ।

भूतपूर्व सैनिक कल्याणकारी समिति, नेपालका सचिव अधिवक्ता चेतबहादुर आलेले २०७२ को संविधान संशोधन गरी ब्रिटिश गोर्खाहरूको माग सम्बोधन गर्न सकिने धारणा राखे । सहसचिव पूर्णबहादुर रानाले नागरिकता नैसर्गिक अधिकार भएको र गोर्खा सैनिकहरूले अनिवार्य पाउनुपर्ने धारणा राखेका थिए ।

# प्रसाईको बन्दीप्रत्यक्षीकरण रिटमा सक्कल फाइल झिकाउन आदेश

**टुडे समाचारदाता**

काठमाण्डु । मेडिकल व्यवसायी दुर्गा प्रसाईको बन्दीप्रत्यक्षीकरण रिटमा सर्वोच्च अदालतले अनुसन्धान र म्याद थपको सक्कल फाइल झिकाउने आदेश दिएको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय नहकुल सुवेदी र बालकृष्ण ढकालको संयुक्त इजलासले विद्युतीय कारोवार ऐन, २०६३ को दफा ४७ बमोजिमको कसूरको जाहेरीमा भएको अनुसन्धान र म्याद थप सहितको सक्कल फाइल इजलासमा देखाई फिर्ता लैजाने गरी महान्यायाधिवक्ताको कार्यालय मार्फत झिकाउन आदेश दिएको हो । यसअघि न्यायाधीश हरिप्रसाद फुयाँलको एकल इजलासले प्रसाईलाई पक्राउ गर्नुको आधार र कारणसहित ४८ घण्टाभित्र लिखित जवाफ पेस गर्न आदेश दिएको थियो ।

प्रसाईलाई असार १२ मा प्रहरीको साइबर ब्युरोले पक्राउ गरेको थियो । राष्ट्रिय स्वतन्त्र पार्टीकी सांसद रचना खतिवडाको उजुरीको आधारमा प्रहरीले उनलाई विद्युतीय अपराध ऐन सम्बन्धी कसुरमा अनुसन्धान गरिरहेको छ ।रासस

# उद्योग क्षेत्रमा रहेका काननी तथा प्रक्रियागत अवरोध हटाउँछौँ: मन्त्री साह

काठमाण्डु । उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दीपक साहले उद्योग क्षेत्रमा रहेका कानुनी तथा प्रक्रियागत अवरोध हटाउँदै लगानीमैत्री वातावरण निर्माण गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको आजको बैठकमा उहाँले समयअनुसार कानुन, प्रक्रिया र कार्यशैलीमा सुधारको आवश्यकताबारे सरकार सचेत रहेको बताउनुभयो ।



सरकारको भूमिका सहजीकरण, नियमन र नीति निर्माण गर्ने तथा निजी क्षेत्र उत्पादन, लगानी, रोजगारी र नवप्रवर्तनको प्रमुख साझेदार रहेको उल्लेख गर्दै मन्त्री साहले सरकार र निजी क्षेत्र मिलेर समाधान खोज्नुपर्ने बताउनुभयो । उहाँले कानुन बाधक भए सुधार गर्ने, प्रक्रिया बाधक भए सरल बनाउने, समन्वयको कमी भए समन्वय र सहकार्य गर्ने तथा भ्रष्टाचार वा अनावश्यक हस्तक्षेपमा शून्य सहनशीलताको नीति अपनाउने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

डिजिटल अर्थतन्त्र, ई-कमर्स, आधुनिक आपूर्ति श्रृ॰ ला, अन्तरराष्ट्रिय प्रतिस्पर्धा र निजी क्षेत्रको बदलिँदो भूमिकालाई सम्बोधन गर्ने गरी कानुन तथा प्रक्रियालाई सरल, पारदर्शी, प्रविधिमैत्री र लगानीमैत्री बनाइने मन्त्री साहले प्रतिबद्धता जनाउनुभयो ।

औद्योगिक उत्पादकत्वमा असर परेकाले बिदा पुनरावलोकन गर्न आग्रह

बैठकमा उद्योगी व्यवसायीले सार्वजनिक तथा साप्ताहिक बिदाका कारण औद्योगिक उत्पादकत्वमा परेको असर परेकोबारे सरकारको ध्यानाकर्षण गराउँदै बिदासम्बन्धी व्यवस्थामा पुनरावलोकन गर्ने समितिमार्फत सरकारको ध्यानार्कषण गराउनुभयो ।

उद्योग सङ्गठन मोरङका अध्यक्ष नन्दकिशोर राठीले सार्वजनिक बिदाको स॰्या तथा साताको दुई दिने बिदालाई औद्योगिक उत्पादनको प्रकृतिसँग तादात्म्य मिल्ने गरी पुनर्विचार गर्न आग्रह गर्नुभयो ।

मोरङ उद्योग व्यापार सङ्घका अध्यक्ष अनिलकुमार शाहले बैंक बिदा कटौती गर्न तथा साप्ताहिक बिदाका कारण उद्योग व्यवसायमा परेको असरलाई सम्बोधन गर्न माग गर्नुभयो । उहाँले उधारो कारोबारसम्बन्धी कानुन तत्काल ल्याउन तथा सीमामा अनाधिकृत व्यापार नियन्त्रण गर्न आग्रह गर्नुभयो ।

वीरगञ्ज उद्योग वाणिज्य सङ्घका अध्यक्ष हरि गौतमले साप्ताहिक बिदाका कारण उद्योगी व्यवसायी मारमा परेको बताउँदै शिक्षा, स्वास्थ्य तथा उद्योग व्यवसायमा साप्ताहिक बिदाले उत्पादकत्वमा असर पारेको गुनासो गर्नुभयो ।

बैठकमा औद्योगिक ग्राम, दोहोरो कर, उद्योग तथा व्यवसाय दर्ता र नवीकरणका लागि एकद्वार प्रणाली, खुला सीमाबाट हुने चोरी पैठारी नियन्त्रण, सुक्खा बन्दरगाह तथा उद्योग सञ्चालनका लागि विद्युत् आपूर्तिलाई दिगो र भरपर्दो बनाउनेलगायत विषय उठेका छन् । विद्युत् आपूर्तिका लागि सबस्टेशन सञ्चालनलाई प्रभावकारी बनाउनुपर्ने माग उद्योगी व्यवसायीले राख्नुभयो । रासस

# सञ्चार क्षेत्रका लागि बलियो नियामक संयन्त्र आवश्यक : सञ्चारमन्त्री डा तिमिल्सिना

काठमाण्डु । सूचना तथा सञ्चारमन्त्री डा विक्रम तिमिल्सिनाले सञ्चार तथा पत्रकारिता क्षेत्रलाई व्यवस्थित, जिम्मेवार, व्यावसायिक र प्रभावकारी बनाउन बलियो तथा अधिकार सम्पन्न नियामक संयन्त्र आवश्यक रहेको बताउनुभएको छ ।

बागमती प्रदेशका सञ्चार रजिष्ट्रार रेवतीप्रसाद सापकोटा, गण्डकी प्रदेशका प्रेस रजिष्ट्रार बिमला भण्डारी र मधेस प्रदेश आमसञ्चार प्राधिकरणका अध्यक्ष जितेन्द्रकुमार खड्गासँग आज मन्त्रालयमा भएको भेटघाट तथा छलफलमा उहाँले सञ्चार क्षेत्रको नियमनलाई प्रभावकारी बनाउन नयाँ कानुनी तथा संस्थागत व्यवस्था गर्न लागिएको बताउनुभयो ।

सञ्चारमन्त्री डा तिमिल्सिनाले सञ्चारमाध्यमको स्वतन्त्रता कायम राख्दै पत्रकारिता क्षेत्रलाई थप जिम्मेवार र व्यावसायिक बनाउन नियामकीय संयन्त्र प्रभावकारी हुनुपर्नेमा जोड दिनुभयो । पत्रकार आचारसंहिताको प्रभावकारी कार्यान्वयन, सञ्चारमाध्यमको जिम्मेवारी तथा नियमनका विषयलाई स्पष्ट र व्यवस्थित बनाउनुपर्ने उहाँको भनाइ थियो । "मिडियालाई कसरी जिम्मेवार बनाउने भन्ने सन्दर्भमा हामी बढी जिम्मेवार हुनुपर्नेछ । आजको भन्दा व्यवस्थित बनाउनका लागि नयाँ ऐन-नियम चाहिएको हो," उहाँले भन्नुभयो । उहाँले सञ्चार क्षेत्रको नियमनका लागि प्रस्तावित प्रेस काउन्सिल विधेयक र आमसञ्चार विधेयकमार्फत नियामक निकायलाई अधिकार सम्पन्न, प्रभावकारी र कार्यान्वयनयोग्य बनाउनुपर्ने बताउनुभयो ।

नियमन गर्ने संस्थालाई प्रभावकारी बनाउँदै सञ्चार तथा पत्रकारिता क्षेत्रका विद्यमान समस्या समाधान गर्न सक्ने संस्थागत संरचना विकास गर्न सरकार तयार रहेको उहाँले



स्पष्ट पार्नुभयो । सञ्चारमन्त्री डा तिमिल्सिनाले आमसञ्चारसम्बन्धी विधेयक संसद् तथा संसदीय समितिमा पर्याप्त छलफलपछि आवश्यक परिमार्जनसहित बलियो र कार्यान्वयनयोग्य ऐनका रूपमा आउने विश्वास व्यक्त गर्नुभयो । विधेयक निर्माण तथा परिमार्जनका क्रममा सञ्चार क्षेत्रका सरोकारवालाका सुझावलाई समेत समेटेर अघि बढ्ने उहाँले बताउनुभयो ।

उहाँले विधेयकमार्फत् सङ्घ, प्रदेश र स्थानीय तहबीच सञ्चार क्षेत्रसँग सम्बन्धित अधिकार, जिम्मेवारी र समन्वयलाई स्पष्ट पारिने पनि उल्लेख गर्नुभयो । सङ्घीय संरचनाअनुसार सञ्चारसम्बन्धी कानुन र संस्थागत संरचनाबीच आवश्यक समन्वय हुन नसक्दा देखिएका समस्यालाई नयाँ कानुनबाट समाधान गरिने सञ्चारमन्त्री डा तिमिल्सिनाको भनाइ थियो ।

छलफलमा प्रदेशका सञ्चार तथा प्रेससम्बन्धी निकायका प्रमुखले आमसञ्चार क्षेत्रको नियमनसँग सम्बन्धित विद्यमान कानुनी तथा संस्थागत समस्याबारे सञ्चारमन्त्री डा तिमिल्सिनाको ध्यानाकर्षण गराउनुभएको थियो । उहाँहरूले संशोधनको क्रममा रहेको आमसञ्चारसम्बन्धी विधेयकमा सञ्चारमाध्यमको दर्ता, अभिलेखीकरण, अनुमतिपत्र तथा नियमनसम्बन्धी व्यवस्थालाई स्पष्ट पार्नुपर्ने सुझाव दिनुभयो । सङ्घीय संरचनाअनुसार सञ्चार क्षेत्रको अधिकार र जिम्मेवारी स्पष्ट नहुँदा प्रदेशस्तरमा काम गर्न समस्या भइरहेको उहाँहरूको भनाइ थियो ।

प्रदेशका प्रेस रजिष्ट्रार तथा आमसञ्चारसम्बन्धी निकायका पदाधिकारीले सङ्घीय कानुन र प्रदेश कानुनबीच आवश्यक सामञ्जस्य कायम हुन नसकेको विषय पनि उठाउनुभएको थियो । सङ्घीय कानुन निर्माणमा भएको ढिलाइका कारण प्रदेशले निर्माण गरेका कानुनी तथा संस्थागत व्यवस्थासँग समन्वय गर्न समस्या देखिएको उहाँहरूले बताउनुभयो ।रासस

# निगमलाई नतिजामुखी बनाउन जोड : पर्यटनमन्त्री पौडेल

काठमाण्डु । नेपाल वायुसेवा निगमलाई नतिजामुखी बनाउन पूर्ण स्वायत्त रुपमा काम गर्न दिनुपर्ने धारणा व्यक्त गरिएको छ ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खडकराज पौडेलले प्रतिनिधिसभा, अन्तरराष्ट्रिय सम्बन्ध र पर्यटन समितिको आजको बैठकमा राजनीतिक हस्तक्षेपका कारण निगम धरासायी बन्दै गएको जानकारी दिनुभयो ।

सांसदले निगमले भोग्नुपरेका चुनौती र समाधानका पक्षमा आआफ्नो सुझाव र जिज्ञासा राख्नुभएको थियो । निगमका बारेमा राखेको जिज्ञासाबारे मन्त्री पौडेलले जानकारी दिनुभएको थियो । मन्त्री पौडेलले वर्तमान सरकारले निगमलाई पूर्ण रुपमा स्वायत्तताका साथ काम गर्न दिएको र निर्णय प्रक्रियामा पूर्ण स्वतन्त्रता दिएको प्रष्ट पार्नुभयो ।

"स्वायत्तता पाउँदा कर्मचारीहरुले नतिजा दिन सक्छन्", उहाँले भन्नुभयो ।

निगमको नाफा घाटा मात्रै नभई राष्ट्रिय सम्मानको विषय भएकाले ऐतिहासिक साँख जोगाउनु राज्यको दायित्व रहेको बताउनुभयो । बैठकमा समितिका सभापति सुम्नीमा उदासले छलफल पश्चात निर्देशनात्मक सुझाव दिइने र त्यसैअनुसार निगमको व्यवस्थापकले कार्य सम्पादन गर्नुपर्ने प्रष्ट पार्नुभयो । रासस


## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय सिरहाको २१ दिने सूचना

सूचना प्रकाशित मिति :- २०८३/०६/२०

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्तिहरुले निम्न उद्देश्यका लागि बिभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, व्याज तथा बैंकले पाउनु पर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ दिन भित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मिति भित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असूली विनियमावली तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्तिहरुलाई बैंकबाट कर्जा लिन मञ्जूरीनामा दिनेहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराईएको छ ।

**सम्बन्धित कार्यालयको नाम :कृ.बि.बैंक लि. शाखा कार्यालय.सिरहा**

| क्र.सं. | नाम | पिता/पतिकोनाम | बाजे/ससुराकोनाम | ठेगाना | आइ.डि.नं. | मिसिल नं. | उद्देश्य | साँवा | २०८३/०६/१६ सम्मको बक्यौता | जम्मा रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | रास बती देवी मण्डल | झोला मण्डल | उमाकान्त मण्डल | लगदीगोठ ३ (हाल सिरहा १८) | ८४०२२६ | ७९५३ | घरायसी कर्जा | ३२५००० | ७३७९।२६ | ३३२३७९ |
| २ | तपेश्वर यादव | अच्छे यादव | रञ्जित यादव | बिष्णुपुर गा.पा. ०४, सिरहा | ८४२००४ | १९९६ | सरल कृषि कर्जा | २००००० | ४४६२।५४ | २०४४६३ |
| ३ | प्रमिला देवी कोइरीन | कुशेश्वर महतो (पति) | गर्भु महतो (ससुरा) | बिष्णुपुर ०७, सिरहा | ११२३१८४ | ९६०७ | घरायसी कर्जा | ७५०००० | १७२७२।६९ | ७६७२७३ |
| ४ | प्रमोद कुमार साह | महाविर साह | अनन्त लाल शाह | सिरहा ०७, सिरहा | १७७३६९० | १०२८६ | सरल कृषि कर्जा | ८००००० | १७५१५।६५ | ८१७५१६ |
| ५ | राम उदगार यादव | बुछन यादव | शिकनाथ यादव | लक्ष्मिपुर ०३, सिरहा | १८०४१८६ | १०३४९ | सरल कृषि कर्जा | १०००००० | २३३२८।१४ | १०२३३२८ |
| ६ | मिता देवी यादव | सुर्यनाथ यादव | रामचन्द्र यादव | लक्ष्मिनीया ०४, भजन्हा, सिरहा | १८२८९७९ | १०४१० | सरल कृषि कर्जा | ८००००० | १६८४९।३५ | ८१६८४९ |
| ७ | सुर्य नारायण महतो | अमन महतो कोइरी | बिल्टी महतो | अर्नामा ०९, सिरहा | ८४००२० | ७८२७ | सरल कृषि कर्जा | २०००००० | १४४५२९।६२ | २१४४५३० |
| ८ | सुर्यकला देवी कामाती | बद्रि नारायण कामती | धर्मनाथ कामती | सिरहा ११, सिरहा | ८४०८७२ | ९४४४ | घरायसी कर्जा | ४००००० | १३४४२।७३ | ४१३४४३ |
| ९ | जिबछ यादव | बहुरी यादव | संती यादव | सुखचैना ०५ हाल लक्ष्मिनीया ०६ | ८४०८९३ | ९४५२ | ओभरड्राफ्ट (व्यक्तिगत) | १०००००० | २१८५०।७७ | १०२१८५१ |
| १० | सुमिन्त्रा देवी राय | राम अवतार यादव | जबु राय | लक्ष्मिनीया ०९, सिरहा | ८४१०११ | ९५७२ | सरल कृषि कर्जा | १०००००० | ५५८६५।१२ | १०५५८६५ |
| ११ | भागवत यादव | पलट यादव | मातवर यादव | कृष्णापुर १, सिराहा | ८४१०३५ | ९५७७ | सरल कृषि कर्जा | १०००००० | २७३१२।०६ | १०२७३१२ |
| १२ | जितेन्द्र कुमार सिह | रामचन्द्र महतो | राम लखन महतो | अर्नामा ०४, लक्ष्मिपुर, सिरहा | १३४३१०१ | १०४७३ | सरल कृषि कर्जा | ३०००००० | ६६६८१७।७८ | ३६६६८१८ |
| १३ | जानकी एकिकृत कृषि फर्म (प्रो. राज कुमार मोची) | भगुता मोची | राम फल मोची | अर्नामा ०३, जमुवा, सिरहा | १४८६०२१ | ९८७६ | सरल कृषि कर्जा | १०००००० | ४३५८१।३१ | १०४३५८१ |
| १४ | पार्वती देवी यादव | बिन्देश्वर यादव | बतहु यादव | अर्नामा ०४, सिरहा | ५३२६१२८ | ११२१४ | सरल कृषि कर्जा | १०००००० | ३२८००।०१ | १०३२८०० |
| १५ | हर्साली कन्सट्रक्सन (प्रो. मनिष कुमार यादव) | शम्भु कुमार यादव | सिताराम यादव | पोखरविन्द ०९, सिरहा | १६३२१८३ | १००५२ | ओभरड्राफ्ट (संस्थागत) | १०००००० | ७६९८८५।९७ | १७६९८८६ |
| १६ | मो. हैदर अलि | मो. सवादर | गुणेश मिया | सिरहा १६, सिरहा | ८४००५६ | ७८४९ | घरायसी कर्जा | ५००००० | ८५०२।१ | ५०८५०२ |
| १७ | घुरन यादव | बाशुदेव यादव | झरी यादव | पिपरा ०१, सिरहा | ८४०८१० | ५४२६ | घरायसी कर्जा | ४००००० | ७४६४।३४ | ४०७४६४ |
| १८ | रानिवती यादव | राम उदगार यादव | राम भजन यादव | सन्हैठा ०७, सिरहा | १९२०६९८ | १०५१२ | सरल कृषि कर्जा | १०००००० | ४१६२३।५५ | १०४१६२४ |
| १९ | सुलभ एकिकृत कृषि फर्म (प्रो. राजाराम यादव) | खखन यादव | बिहारी यादव | अर्नामा ०३, हरकट्टा, सिरहा | १९१९१६१ | ७३७० | सहुलियत कर्जा | २५००००० | ३५७०३८ | २८५७०३८ |
| २० | धर्मेन्द्र पशुपालन फर्म (प्रो. धर्मेन्द्र कुमार यादव) | राम उदगार यादव | कुलदेव यादव | औरही ०४, इटाटार | ५२७७९५४ | १११५८ | भीटा सब्सिडी (टर्म लोन) | २९८८९९।२९ | १०७१९१ | ४०६०९० |
| २१ | सुभेक लाल यादव | सरुप लाल यादव | धामी यादव | हरकट्टी ०९, सिरहा | ८३९११६ | ७७२८ | घरायसी कर्जा | ५५०००० | २१८६९।३६ | ५७१८६९ |
| २२ | ललिता देवी गडेरी | इनद्रदेव गदेरी | सिताराम गदेरी | अर्नामा ०६, सिरहा | १९५२००९ | १०५८१ | सरल कृषि कर्जा | १०००००० | ६८५३९।९८ | १०६८५४० |

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय, जनकपुर**

## अमेरिकी मध्यावधि निर्वाचनमा प्रतिस्पर्धा

एएफपी। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको कार्यकालको बाँकी दुई वर्षको राजनीतिक दिशा निर्धारण गर्ने मध्यावधि निर्वाचन नोभेम्बर ३ मा हुँदैछ। राष्ट्रपतिको नाम मतपत्रमा नरहे पनि काङ्ग्रेसका दुवै सदन, ३६ राज्यका गभर्नर तथा हजारौं राज्यस्तरीय पदका लागि हुने निर्वाचनले उहाँको प्रशासनमा महत्त्वपूर्ण प्रभाव पार्नेछ।

प्रतिनिधि सभा (हाउस अफ रिप्रेजेन्टेटिभ्स) का ४३५ र सिनेटका ३५ सिटका लागि हुने निर्वाचनमा प्रतिनिधि सभाको बहुमतका लागि २१८ सिट आवश्यक छ। हाल प्रतिनिधि सभामा २१८ रिपब्लिकन र २१४ डेमोक्रेटिकसहित एक स्वतन्त्र र दुई रिक्त सिट छन्। सिनेटमा रिपब्लिकन ५३ र डेमोक्रेट ४७ सिटमा छन्। डेमोक्रेटलाई सिनेट नियन्त्रणका लागि चार सिट थप आवश्यक पर्नेछ।

सेप्टेम्बर १४-१५ को पीबीएस न्युज/एनपीआर/मारिस्ट सर्वेक्षणमा काङ्ग्रेसका उम्मेदवार छनोट गर्दा ५३ प्रतिशत दर्ता मतदाताले डेमोक्रेट र ४१ प्रतिशतले रिपब्लिकनलाई समर्थन गर्ने बताएका थिए। स्वतन्त्र मतदातामध्ये डेमोक्रेटको समर्थन ५७ प्रतिशत र रिपब्लिकनको ३२ प्रतिशत थियो। विभिन्न सेप्टेम्बर सर्वेक्षणमा राष्ट्रपति ट्रम्पको अनुमोदन दर ३२ देखि ४१ प्रतिशतबीच देखिएको छ।

# मतदाता सूची विवादमा निर्वाचन आयोगसँग सर्वोच्चको जवाफ माग

एएफपी। भारतको सर्वोच्च अदालतले मतदाता नामावलीको व्यापक पुनरावलोकनसम्बन्धी निर्णयबारे सरकार र निर्वाचन आयोगसँग स्पष्टीकरण माग गरेको छ।

पुनरावलोकनका क्रममा अनियमितता भएको आरोप लागेपछि अदालतले सोमबार यस्तो आदेश दिएको हो।




विपक्षी दल र अधिकारकर्मीले पुनरावलोकन प्रक्रियाको विरोध गर्दै भारतीय निर्वाचन आयोग (ईसीआई)का प्रमुख ज्ञानेश कुमारको राजीनामा माग गरेका छन्। उनीहरूले पुनरावलोकनका क्रममा लाखौं मानिसको नाम मतदाता नामावलीबाट अनुचित रूपमा हटाइएको आरोप लगाएका छन्।

आलोचकले कुमारले प्रधानमन्त्री नरेन्द्र मोदीको हिन्दू राष्ट्रवादी भारतीय जनता पार्टीको प्रभावमा काम गरेको आरोपसमेत लगाएका छन्। निर्वाचन आयोगले भने आफूविरुद्ध लगाइएका अनियमितताका आरोप अस्वीकार गर्दै आएको छ।

भारतको निर्वाचन गराउने संवैधानिक निकाय निर्वाचन आयोगका निर्णयलाई चुनौती दिँदै दायर भएका रिटमाथि सोमबार प्रधानन्यायाधीश सूर्यकान्तको नेतृत्वमा रहेको तीन सदस्यीय इजलासले सुनुवाइ गरेको थियो। इजलासले सरकार, निर्वाचन आयोग र कुमारका नाममा सूचना जारी गरेको हो।

यस विषयमा अर्को सुनुवाइ अर्को साता हुने अपेक्षा गरिएको छ। दायर गरिएको एक रिटमा निर्वाचन आयोगका निर्णय संवैधानिक व्यवस्थाअनुरूप भए-नभएको यकिन गर्न आयोगका अभिलेख छानबिन गर्न माग गरिएको छ।

गत महिना 'द इन्डियन एक्सप्रेस'मा प्रकाशित एउटा प्रतिवेदनपछि भारतका विभिन्न सहरमा पुनरावलोकन प्रक्रियाविरुद्ध प्रदर्शन हुँदै आएका छन्।

प्रतिवेदनमा निर्वाचन आयोगका तीन सदस्यमध्ये दुई जनाले मतदाता नामावली पुनरावलोकनसम्बन्धी प्रमुख निर्णयमा कम्तीमा १४ पटक औपचारिक असहमति जनाएको उल्लेख गरिएको थियो।

समाचारपत्रका प्रतिवेदनका आधारमा तत्काल आदेश जारी गर्न नसकिने उल्लेख गर्दै अदालतले सम्बन्धित पक्षसँग जवाफ मागेको छ। प्रतिवेदन सही वा गलत हुनसक्ने भन्दै अदालतले कानुन पालना नभएको पाइएमा सम्बन्धित निर्णय परिवर्तन गर्न सकिने जनाएको छ।

निर्वाचन आयोगका अनुसार गत वर्ष सुरु गरिएको पुनरावलोकन प्रक्रियाको उद्देश्य नक्कली रूपमा दर्ता भएका मतदाताको पहिचान गर्नु तथा गैरकानुनी विदेशी आप्रवासीलाई मतदानबाट रोक्नु हो। आलोचकले भने यस प्रक्रियाबाट सीमान्तकृत तथा अल्पसङ्ख्यक समुदाय, विशेषगरी मुस्लिम समुदाय, असमान रूपमा प्रभावित भएको आरोप लगाएका छन्।

भारतको प्रमुख विपक्षी दल काङ्ग्रेसले मङ्गलबार नयाँदिल्लीस्थित निर्वाचन आयोगको कार्यालयसम्म विरोध मार्च गर्ने जनाएको छ। त्यसपछि देशभर 'लोकतन्त्र बचाउ' र्‍याली आयोजना गर्ने तयारी गरिएको छ।

विरोध प्रदर्शनमा 'ककरोच जनता पार्टी' (सीजेपी) का समर्थक सहभागी हुँदै आएका छन्। मे महिनामा अनलाइनमार्फत सुरु भएको यो व्यङ्ग्यात्मक राजनीतिक अभियानले तत्कालीन शिक्षामन्त्रीलाई पदबाट हटाउने अभियान चलाएको थियो।

उक्त समूहले शनिबार राजधानीमा व्यापक जनपरिचालन गर्ने आह्वान गरेको छ।

नयाँदिल्लीको जन्तर मन्तरनजिकै सरकारले तोकेको प्रदर्शनस्थल वरपर प्रहरीले ठूलो सङ्ख्यामा सुरक्षाकर्मी परिचालन गरेको छ। सप्ताहन्तमा दर्जनौं प्रदर्शनकारीलाई केही समयका लागि नियन्त्रणमा लिइएको थियो।

# एकदिवसीय मान्यता जोगाउने चुनौतीमा नेपाली क्रिकेट टोली




काठमाण्डु। नेपाली राष्ट्रिय पुरुष क्रिकेट टोलीले केही दिनभित्र आइसिसी विश्वकप लिग-२ को अन्तिम श्रृंखला खेल्दैछ। एकदिवसीय मान्यता जोगाउन नेपालका लागि यो श्रृंखला महत्त्वपूर्ण छ।

हाल अङ्क तालिकाको सातौं स्थानमा रहेको नेपालले आसन्न श्रृंखलामा घरेलु टोली ओमान र क्यानडाको सामना गर्नेछ। नेपाली टोली श्रृङ्खलामा चारवटै खेल जित्ने लक्ष्यका साथ आज बिहान ओमान प्रस्थान गरिसकेको छ।

तालिकाको शीर्ष छ भित्र पर्न सके नेपालले सोझै एकदिवसीय मान्यता सुरक्षित गर्नेछ। यदि त्यो स्थान हासिल गर्न नसके नेपालले आइसिसी विश्वकप क्वालिफायर प्लेअफमा उत्कृष्ट प्रदर्शन गरेर एकदिवसीय मान्यता जोगाउनुपर्नेछ।

नेपाली टोली हालको लय कायम राख्दै ओमान भ्रमणमा उत्कृष्ट प्रदर्शन गरेर एकदिवसीय मान्यता जोगाउने लक्ष्यमा छ। टोलीका कप्तान सन्दीप लामिछाने खेलाडीमा उच्च आत्मविश्वास रहेकाले नेपालले आउँदो सिरिजमा उत्कृष्ट प्रदर्शन गर्नेमा विश्वस्त हुनुहुन्छ।

उहाँका अनुसार एसिसी प्रिमियर कपमा गरेको प्रदर्शन र ओमानमा यसअघिका खेलबाट प्राप्त अनुभवले टोलीलाई मनोवैज्ञानिक रूपमा बलियो बनाएको छ। "एसिसी प्रिमियर कप र त्यसअघि ओमानमा हाम्रो जुन प्रदर्शन रह्यो, त्यो हाम्रो लागि मनोवैज्ञानिक रूपमा सकारात्मक कुरा हो। त्यसलाई अझै राम्रो ऊर्जाका साथ अगाडि बढाउनेछौं। टिम अहिले एकदम राम्रो लयमा छ", कप्तान लामिछानेले भन्नुभयो, "मौसमले साथ नदिँदा एसियन गेम्समा हामी दुर्भाग्यवश रोकियौं। नत्र एकदम राम्रो तरिकाले अगाडि बढिरहेका थियौं।"

उहाँले राष्ट्रिय टोलीमा नयाँ खेलाडीको प्रवेशलाई पनि सकारात्मक रूपमा लिनुपर्ने बताउनुभयो। राष्ट्रिय टोलीमा स्थान बनाउनु आफैँमा ठूलो उपलब्धि भएकाले नयाँ खेलाडीलाई थप आत्मविश्वास र ऊर्जा दिन सञ्चारमाध्यम, क्रिकेट समर्थक तथा सम्बन्धित सबै पक्षको भूमिका महत्वपूर्ण हुने कप्तान लामिछानेको भनाइ छ।

"नयाँ खेलाडी टिममा आउँदा उनीहरूलाई मनोवैज्ञानिक रूपमा थप ऊर्जा दिन सकियो भने त्यसले खेलाडी र राष्ट्रिय टोली दुवैलाई फाइदा गर्छ। राष्ट्रिय टोलीलाई प्रतिनिधित्व गर्नु सानो कुरा होइन। यहाँसम्म आइपुग्न धेरै साहस चाहिन्छ र काँधमा ठूलो जिम्मेवारी हुन्छ", उहाँले भन्नुभयो, "यहाँ आइसकेपछि को सानो, को ठूलो, को कुन खेलाडी भन्ने हुँदैन। हामी सबै जना नेपालको राष्ट्रिय टोलीका लागि खेलिरहेका छौं। नेपालको लागि खेल्ने एउटै सपना हामी सबैको हो।" नेपाललाई आगामी विश्वकप क्वालिफायरसम्म पुर्‍याउने र त्यहाँ राम्रो प्रदर्शन गर्ने लक्ष्यमा टोली केन्द्रित रहेको कप्तान लामिछानेले बताउनुभयो।

त्यसका लागि सकारात्मक वातावरण निर्माण गर्नु सबैको साझा जिम्मेवारी भएको उहाँको भनाइ छ। "हामी सबैको सपना भनेको टिमलाई विश्वकप क्वालिफायरमा पुर्‍याउने र त्यहाँ गएर राम्रो गर्ने हो। आगामी प्रतियोगितामा राम्रो गर्न सकारात्मक वातावरण आवश्यक हुन्छ। त्यो वातावरण निर्माण गर्ने जिम्मेवारी हामी सबैको हो", उहाँले भन्नुभयो।

नेपाल क्रिकेट सङ्घ (क्यान) का सचिव पारस खड्काले टोलीबाट आगामी खेलमा राम्रो प्रदर्शनको अपेक्षा गरिएको बताउनुभयो। उहाँले 'एसियन कन्डिसन' मा हुने खेलमा नतिजाभन्दा पनि खेलाडीले खेलको दिन दबाबलाई कसरी व्यवस्थापन गर्छन् भन्ने कुरा महत्वपूर्ण हुने बताउनुभयो। सचिव खड्काले टोलीलाई आगामी खेलका लागि शुभकामना दिँदै क्यानले आवश्यक अन्तरराष्ट्रिय क्रिकेट तथा घरेलु प्रतियोगिताको संरचना तयार गरिरहेको जानकारी दिनुभयो।

"एसियन कन्डिसनमा खेल्दै गर्दा समग्र नतिजा हेर्नुभन्दा पनि त्यो दिन टिम र खेलाडीले कसरी प्रेसर ह्यान्डल गर्नुहुन्छ भन्ने कुरा महत्त्वपूर्ण हुन्छ। नेपाल क्रिकेट सङ्घको तर्फबाट यहाँहरूलाई आगामी खेलका लागि सबैभन्दा राम्रो शुभकामना छ", खड्काले भन्नुभयो। घरेलु क्रिकेटको संरचना पनि अन्तिम चरणमा पुगेको र धेरैभन्दा धेरै प्रतियोगिता आयोजना गर्ने तयारी भइरहेको उहाँले बताउनुभयो। खेलाडी तथा टोलीमाथि अपेक्षा धेरै रहेकाले त्यसलाई सही ढङ्गले व्यवस्थापन गर्नुपर्ने उहाँको भनाइ छ।

"अहिले अपेक्षा धेरै छन्। त्यो अपेक्षालाई टिमका रूपमा व्यवस्थापन गर्नुपर्छ। जसरी यहाँहरूले मैदानभित्र र मैदानबाहिर प्रदर्शन गर्दै आउनुभएको छ, त्यही स्पिरिटका साथ खेल्दै फेरि पनि नेपाललाई जिताउनुहुनेछ भन्ने विश्वासमा नेपाल क्रिकेट सङ्घ यहाँहरूको साथमा छ", सचिव खड्काले भन्नुभयो।

आसन्न विश्वकप लिग-२ श्रृंखलामा नेपालले २५ र ३१ गते क्यानडा तथा असोज २७ र कात्तिक २ गते ओमान विरुद्ध खेल्ने तालिका छ। रासस

# क्युबेकमा पृथकतावादीको परीक्षा

एएफपी। क्यानाडाको फ्रान्सेलीभाषी प्रान्त क्युबेकमा सोमबार हुने निर्वाचनले १२ वर्षदेखि विपक्षमा रहेको पृथकतावादी पार्टी क्युबेकोइस (पिक्यू) को पुनरागमनसँगै प्रधानमन्त्री मार्क कार्नीको राष्ट्रिय एकताको सन्देशसमेत परीक्षण गर्ने भएको छ।



हालैका सर्वेक्षणमा स्वतन्त्र क्युबेकका पक्षमा करिब ३० प्रतिशत समर्थन देखिएको छ। पिक्यूले पनि करिब ३० प्रतिशत समर्थन पाए पनि पहिलो हुने निर्वाचित हुने प्रणालीका कारण मत विभाजित हुँदा १२७ सदस्यीय राष्ट्रिय सभामा बहुमत हासिल गर्न सक्ने अवस्था रहेको बताइएको छ। विज्ञहरूका अनुसार पिक्यूको पुनरागमन क्यानाडाबाट अलग हुने चाहनाभन्दा महँगी, जीवनयापनको कठिनाइ र सार्वजनिक सेवामा आएको गिरावटप्रतिको असन्तुष्टिसँग बढी जोडिएको छ।

पिक्यू नेता पल सेन्ट-पियरे प्लामन्डनले निर्वाचित हुनुभएमा क्यानाडाबाट अलग हुने विषयमा जनमतसङ्ग्रह गराउने बताउनुभएको छ। उहाँले कम्तीमा सन् २०२९ सम्म जनमतसङ्ग्रह नगर्ने जनाउँदै क्युबेकको स्वतन्त्रताबारे 'सूचित र शान्त बहस' आवश्यक रहेको बताउनुभएको छ।

क्युबेकमा यसअघि सन् १९८० र १९९५ मा स्वतन्त्रतासम्बन्धी जनमतसङ्ग्रह भएका थिए। सन् १९९५ मा क्यानाडामै रहने पक्षले ५०.५८ प्रतिशत मत प्राप्त गरेको थियो।

प्लामन्डनले कार्नी नेतृत्वको सङ्घीय सरकारसँगको सम्बन्ध 'शक्तिको सन्तुलन' मा आधारित हुने बताउनुभएको छ। उहाँले क्युबेकलाई सम्मान गरिए मात्र सहयोग हुने उल्लेख गर्नुभएको छ। कार्नीले भने 'सहकारी सङ्घीयताको भावनामा अर्को क्युबेक प्रधानमन्त्रीसँग' काम गर्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ।

यसैबीच, क्युबेकमा पृथकतावादी शक्तिको सम्भावित पुनरागमनसँगै तेलसम्पन्न अल्बर्टा प्रान्तमा पनि यसै महिना स्वतन्त्रताबारे गैरबाध्यकारी मतदान हुँदैछ।

प्लामन्डनले ब्रिटिस राजतन्त्रको अन्त्य गर्ने प्रस्तावसमेत अघि सार्नुभएको छ। सन् २०२५ को लेगर सर्वेक्षणमा ८७ प्रतिशत क्युबेकवासीले बेलायती राजतन्त्रसँग लगाव नरहेको बताएका थिए। उहाँले लेफ्टिनेन्ट गभर्नरका लागि छुट्याइएको बजेट घरबारविहीनता न्यूनीकरणमा प्रयोग गर्ने प्रस्तावसमेत गर्नुभएको छ।

# व्यापार तनाव घटाउन इयु-चीन वार्ता

एएफपी। बढ्दो व्यापार असन्तुलन र औद्योगिक प्रतिस्पर्धाबीच (युरोपेली सङ्घ) इयु र चीन व्यापार तनाव कम गर्न वार्तामा जुट्ने भएका छन्। इयुका व्यापार प्रमुख मारोस सेफकोभिक बिहीबार दुईदिने वार्ताका लागि बेइजिङ जाने कार्यक्रम छ।

सन् २०२५ मा चीनसँग इयुको व्यापार घाटा करिब तीन खर्ब ६० अर्ब युरो पुगेको थियो। चीनबाट विद्युतीय तथा हाइब्रिड कार, मेसिनरी, कपडा, धातु र रसायनलगायत वस्तुको आयात बढिरहेकाले इयुले युरोपेली उद्योगको संरक्षणका उपाय अघि बढाइरहेको छ।

गत जुनदेखि जारी वार्तामा इयुले चिनियाँ आयात व्यवस्थापन, चीनमा युरोपेली निर्यात बढाउने तथा दुर्लभ पृथ्वीलगायत महत्त्वपूर्ण सामग्रीको निर्यातलाई सहज र पूर्वानुमानयोग्य बनाउने विषयमा प्रगति चाहेको छ। इयुले हाइब्रिड कारलगायत चिनियाँ उत्पादनमा स्वैच्छिक निर्यात सीमा तोक्ने विकल्प पनि अघि सारेको छ। तर चीनले आयात कोटा वा कडा प्रतिबन्धको विरोध गर्दै आएको छ।

यसैबीच, इयुले चीनमाथिको निर्भरता घटाउन आपूर्तिकर्ता विविधीकरण तथा आफ्ना उद्योगको संरक्षणका लागि नयाँ व्यापारिक उपाय तयार गरिरहेको छ।

बेइजिङले भने इयुका 'भेदभावपूर्ण प्रतिबन्धात्मक उपाय' विरुद्ध कडा प्रतिक्रिया दिने चेतावनी दिएको छ।

विज्ञहरूले यस साताको वार्ताबाट समग्र व्यापार सम्बन्धमा ठूलो उपलब्धिभन्दा विशिष्ट विषयमा सहमति हुन सक्ने बताएका छन्। जर्मन मार्शल फन्डकी पेनी नासले इयुसँग चीनबाट आएको चुनौती सामना गर्न थप आक्रामक कदम चाल्ने क्षमता भए पनि त्यसका लागि राजनीतिक इच्छाशक्ति कति छ भन्ने प्रश्न बाँकी रहेको बताउनुभएको छ।

# दशौँ राष्ट्रिय खेलकुद प्रतियोगितालाई भव्य र सभ्य बनाइने




कर्णाली। कर्णाली प्रदेशको राजधानी सुर्खेतमा आयोजना हुने दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालनका लागि गठित मूल आयोजक समितिले विभिन्न निर्णय गरेको छ।

शिक्षा तथा खेलकुदमन्त्री सस्मित पोखरेलको अध्यक्षतामा वीरेन्द्रनगरमा आइतबार बसेको आयोजक समितिको बैठकले खेलकुद प्रतियोगितालाई भव्य र सभ्य बनाउने उद्देश्यका साथ विभिन्न निर्णय गरेको हो। कर्णाली प्रदेशको सुर्खेतलगायतका जिल्लामा आगामी मङ्सिर १६-२७ गतेसम्म दशौँ राष्ट्रिय खेलकुद प्रतियोगिता हुँदैछ। बैठकले प्रतियोगिता आयोजना गर्ने सरकारको गत भदौ २२ को निर्णयलाई स्वागत गर्दै धन्यवाद ज्ञापन गरेको छ।

यस्तै, प्रतियोगितालाई भव्य, सभ्य र व्यवस्थित रूपमा सञ्चालन गर्ने प्रतिबद्धता जनाइएको छ। राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन निर्देशिका, २०८३ को अधिनमा रही प्रतियोगिताको पूर्वतयारीका सम्बन्धमा आवश्यक काम गर्न कार्यसम्पादन समितिलाई निर्देशन दिने निर्णय भएको राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित्र मेहताले जानकारी दिनुभयो।

उहाँका अनुसार प्रतियोगितामा सात प्रदेश, तीन विभागीय टोली र गैरआवासीय नेपाली सङ्घ गरी ११ टोली सहभागी हुनेछ। यस्तै ३२ खेल विधामा प्रतिस्पर्धा हुनेछ।

यस्तै, प्रथम पारा राष्ट्रिय खेलकुद प्रतियोगिता सञ्चालन तथा व्यवस्थापनसम्बन्धी आवश्यक कार्य सार्वजनिक निजी, साझेदारीको अवधारणा अवलम्बन गरी प्रायोजकसँग समझदारी कार्यान्वयन गराउने, खेल सम्पन्न गर्न विभिन्न विषयगत उपसमिति गठन गर्ने निर्णय बैठकले गरेको छ।

मूल आयोजक समितिको काम, कर्तव्य र अधिकारभित्र रही प्रतियोगितासम्बन्धी आवश्यक कार्य गर्न कार्यसम्पादन समितिलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय भएको सदस्यसचिव मेहताले बताउनुभयो। रासस

# इजरायलमा तीन वर्षमा १,३१८ सुरक्षाकर्मीको मृत्यु

एएफपी। इजरायलको रक्षा मन्त्रालयले सन् २०२३ अक्टोबर ७ मा सुरु भएको द्वन्द्वयता तीन वर्षको अवधिमा सैनिक, सुरक्षाकर्मी तथा उद्धार कार्यमा संलग्न गरी एक हजार ३१८ जनाको मृत्यु भएको जनाएको छ। मन्त्रालयले हमास नेतृत्वको आक्रमणको तेस्रो वार्षिकोत्सवअघि आइतबार सार्वजनिक गरेको तथ्याङ्कमा यस्तो विवरण उल्लेख गरेको हो।

मन्त्रालयका अनुसार मृतकमा सैनिक, प्रहरी अधिकारी, सिन बेट आन्तरिक सुरक्षा निकायका कर्मचारी, जेल सेवाका कर्मचारी, अग्निनियन्त्रक, उद्धारकर्मी, स्थानीय सुरक्षा संयोजक तथा आपत्कालीन प्रतिक्रिया टोलीका सदस्य छन्। यो तथ्याङ्कमा अक्टोबर ७ को आक्रमणपछि गाजा, कब्जा गरिएको पश्चिम किनारा, लेबनान, सिरिया र इराकमा इजरायलले सञ्चालन गरेका सैन्य कारबाही तथा यमनमा इरान र हुथी समूहविरुद्ध गरिएका कारबाहीमा मारिएका सुरक्षाकर्मीसमेत समावेश छन्।



सन् २०२३ अक्टोबर ७ मा हमास नेतृत्वको आक्रमणमा करिब एक हजार २०० जनाको मृत्यु भएको र २५१ जनालाई बन्धक बनाइएको इजरायलले जनाएको थियो। त्यसपछि इजरायलले गाजा पट्टीमा सैन्य कारबाही सुरु गरेको थियो र यो पछि क्षेत्रका अन्य स्थानमा समेत फैलिएको थियो।

यस अवधिमा गाजामा इजरायली सैन्य कारबाहीबाट ७४ हजार २२८ भन्दा बढी प्यालेस्टिनीको मृत्यु भएको र एक लाख ७५ हजार १८८ जना घाइते भएको गाजाको स्वास्थ्य मन्त्रालयले शनिबार जनाएको छ। संयुक्त राष्ट्रसङ्घीय राहत तथा कार्य एजेन्सी (युएनआरडब्लुए) का अनुसार गाजाका करिब ८२ प्रतिशत संरचना, अर्थात् झन्डै दुई लाख भवन, क्षतिग्रस्त भएका छन्। तीमध्ये करिब दुई तिहाइ पूर्ण रूपमा ध्वस्त भएका छन्।

पूर्वी जेरुसेलमसहित अधिकृत प्यालेस्टिनी क्षेत्रमा संयुक्त राष्ट्रसङ्घको स्वतन्त्र अन्तर्राष्ट्रिय अनुसन्धान आयोगले सन् २०२५ सेप्टेम्बरमा इजरायलले गाजामा प्यालेस्टिनीविरुद्ध नरसंहार गरिरहेको निष्कर्षसहितको प्रतिवेदन सार्वजनिक गरेको थियो। आयोगले गाजामा भइरहेका अत्याचार तत्काल रोक्न इजरायललाई आह्वान गरेको थियो।

द्वन्द्व गाजाबाहिर पनि फैलिएको छ। लेबनानको स्वास्थ्य मन्त्रालयले गत जुनमा सन् २०२४ मार्च २ यता इजरायली आक्रमणमा चार हजार ५७ जनाको मृत्यु र १२ हजार १२१ जना घाइते भएको जनाएको थियो।

इरानमा सरकारी समाचार संस्था इरनाले अप्रिलमा इरानी अधिकारीलाई उद्धृत गर्दै इजरायल र अमेरिकाविरुद्ध ४० दिन चलेको द्वन्द्वमा तीन हजार ४६८ जनाको मृत्यु भएको जनाएको थियो। मृतकमध्ये एक हजार ४६० जना सर्वसाधारण रहेको उल्लेख गरिएको थियो।

कब्जा गरिएको पश्चिम किनारामा पनि हिंसा बढेको छ। संयुक्त राष्ट्रसङ्घको तथ्याङ्कअनुसार सन् २०२३ अक्टोबर ७ देखि सन् २०२६ जुलाई २४ सम्म त्यहाँ एक हजार १२२ प्यालेस्टिनी मारिएका छन्।

सिरियामा बशर अल-असद सरकारको पतनपछि इजरायली सेना इजरायल र सिरियाबीचको बफर क्षेत्रमा प्रवेश गरेको छ। सन् १९७४ को विच्छेद सम्झौताअन्तर्गत स्थापित उक्त क्षेत्र संयुक्त राष्ट्रसङ्घको निगरानीमा रहेको असैन्यीकृत क्षेत्र हो।

यसैबीच, अन्तर्राष्ट्रिय फौजदारी अदालतले सन् २०२४ नोभेम्बरमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहु र तत्कालीन रक्षामन्त्री योव ग्यालेन्टविरुद्ध युद्ध अपराध तथा मानवताविरुद्धका अपराधको आरोपमा पक्राउ पुर्जी जारी गरेको थियो। इजरायलले उक्त निर्णय अस्वीकार गर्दै आएको छ।

# पर्यटक शुल्कबाट 'एक्याप'लाई वर्षमा पौने ६८ करोड आम्दानी



गण्डकी । अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)ले गत आव २०८२/०८३ मा पर्यटक शुल्कबाट ६७ करोड ७५ लाख ९० हजार नौ सय ८६ रुपैयाँ सङ्कलन गरेको छ । गत आवमा अहिलेसम्मकै धेरै विदेशी पर्यटक यस क्षेत्रमा भित्रिएपछि प्रवेश शुल्कबाट हुने आम्दानी पनि बढेको हो ।

आयोजना प्रमुख डा रविन कडरियाका अनुसार गत आवमा दक्षिण एसियाली मुलुकका तीन लाख ८४ हजार एक सय ४५ र अन्य मुलुकका एक लाख २४ हजार तीन सय ३१ रहेका छन् गरी कुल पाँच लाख आठ हजार चार सय ७६ विदेशी पर्यटकले अन्नपूर्ण संरक्षण क्षेत्रको भ्रमण गरेका थिए ।

तीमध्ये सबैभन्दा बढी तीन लाख ७५ हजार सात सय ९७ भारतीय पर्यटक थिए । 'एक्याप'ले दक्षिण एसियाली मुलुकका पर्यटकबाट रु. एक हजार र अन्य मुलुकका पर्यटकबाट रु. तीन हजार (भ्याटसहित) प्रवेश शुल्क लिने गरेको छ । "गत आवमा भारतीय पर्यटक धेरै आएका कारण पर्यटक शुल्कबाट उठ्ने रकम पनि बढ्यो", आयोजना प्रमुख डा कडरियाले भन्नुभयो ।

पर्यटक संख्यासँगै पर्यटक शुल्कबाट उठ्ने रकम पनि अहिलेसम्मकै धेरै रहेको उहाँले बताउनुभयो । आव २०८१/०८२ मा पर्यटकको प्रवेश शुल्क बापत जम्मा रु. ४६ करोड ४८ लाख ८१ हजार चार सय ८४ सङ्कलन भएको थियो । आव २०८०/०८१ मा ३८ करोड ९४ लाख ६१ हजार चार सय ८३ पर्यटक शुल्क उठेको थियो ।

गत आवमा भारतसहित एक सय ६९ देशका पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएको आयोजना कार्यालयको आँकडाले देखाएको छ । आव २०८१/०८२ को तुलनामा गत आवमा झण्डै दोब्बर बढी पर्यटक आएको आयोजना प्रमुख डा कडरियाले बताउनुभयो । आव २०८१/०८२ जम्मा दुई लाख ७८ हजार एक सय १३ पर्यटक अन्नपूर्ण क्षेत्रमा भित्रिएका थिए ।

पर्यटक शुल्कलगायतबाट हुने आम्दानीको ठूलो हिस्सा संरक्षण गतिविधि र पर्यटन प्रवर्द्धनका कार्यक्रममा खर्च हुने गरेको उहाँले बताउनुभयो । 'एक्याप'का लागि सरकारले छुट्टै बजेट नदिने र यहीँको आम्दानीबाट कार्यालय, कर्मचारी व्यवस्थापदेखि वार्षिक कार्यक्रम सञ्चालन हुने गरेको आयोजना प्रमुख डा कडरियाको भनाइ छ । स्थानीय स्तरमा रहेका संरक्षण क्षेत्र व्यवस्थापन समितिमार्फत बजेट र कार्यक्रम कार्यान्वयन हुने गरेको छ ।

'एक्याप'ले पदमार्ग निर्माण, फोहर व्यवस्थापन, साना सिँचाइ, खानेपानी आयोजना निर्माण, आयआर्जन, संरक्षण शिक्षालगायतका गतिविधि सञ्चालन गर्दै आएको छ । पर्यटक प्रवेश शुल्कबाट हुने आम्दानी 'एक्याप'मै रहने र जटिबुटी सङ्कलनलगायत प्राकृतिक स्रोतको उपयोग बापत उठ्ने रकम नेपाल सरकारको राजश्वमा जम्मा हुने गरेको आयोजना कार्यालयले जनाएको छ ।

'एक्याप'भित्र सञ्चालित जलविद्युत् आयोजनाको शुल्क, पर्वतारोहण शुल्क, निषेधित क्षेत्र प्रवेश शुल्क आदिबाट पनि राजश्व सङ्कलन हुँदै आएको छ । विदेशी नागरिकका लागि निषेधित उपल्लो मुस्ताङ र मनाङको नार फू क्षेत्रमा प्रवेश गर्ने पर्यटकबाट गत आवमा रु. २१ करोड ६९ लाख ९७ हजार पाँच सय प्रवेश शुल्क सङ्कलन भएको जनाइएको छ । निषेधित क्षेत्र प्रवेशको शुल्क अध्यागमन कार्यालयमार्फत सङ्कलन हुने गरेको छ ।

पदयात्रा पर्यटनका लागि विश्वप्रसिद्ध अन्नपूर्ण क्षेत्रमा दुई मुख्य पर्यटकीय याम असोज-कात्तिक र चैत-वैशाखमा पदयात्राका लागि बढी पर्यटक आउने गरेका छन् । वर्षात् र जाडो याममा यस क्षेत्रमा आउने पदयात्री पर्यटकको संख्या न्यून हुने गरेपनि अन्य सययमा भने आन्तरिक तथा बाह्य पर्यटकको चहलपहल हुने गरेको छ । सात हजार छ सय वर्ग किलोमिटरमा फैलिएको अन्नपूर्ण संरक्षण क्षेत्रमा कास्की, लमजुङ, मनाङ, म्याग्दी र मुस्ताङका १५ स्थानीय तहका ८७ वडा पर्छन् ।

मुक्तिनाथलगायत गन्तव्यमा जाने अधिकांश भारतीय पर्यटकले सडक मार्ग प्रयोग गरेपनि अन्य मुलुकका पर्यटकले भने पदयात्रा रुचाउने गरेका छन् । अन्नपूर्ण चक्रीय पदमार्गमा पर्ने अन्नपूर्ण आधार शिविर, कास्कीको मर्दी हिमाल, सिक्लेस, ल्वाङ, घान्द्रुक गाउँ, मनाङको तिलिचो ताल, थोरङ्ला भञ्ज्याङ, उपल्लो मुस्ताङ, मुक्तिनाथ क्षेत्र, म्याग्दीको घोडेपानी, पुनहिललगायतका गन्तव्यस्थलमा बर्सेनि लाखौं आन्तरिक तथा बाह्य पर्यटक पुग्ने गरेका छन् । रासस

# विपद्पछिको पुन:निर्माण र पुन:स्थापनाका लागि पाँच खर्ब स्वीकृतिका लागि अर्थ मन्त्रालयमा सिफारिस गर्ने निर्णय

काठमाण्डु । सरकारले भोटेकोशी बाढीसहित पछिल्लो मनसुनजन्य बाढीका कारण प्रभावित क्षेत्रमा पुनःनिर्माण र पुनःस्थापनाका लागि रु पाँच खर्बभन्दा बढी आवश्यक भएको जनाएको छ ।

सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा आज प्रधानमन्त्री वालेन्द्र शाहको अध्यक्षतामा बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को २१औँ बैठकले विभिन्न मन्त्रालय र निकायहरूबाट प्राप्त ५०४ वटा योजना तथा कार्यक्रमका लागि रु पाँच खर्ब ५९ अर्ब १७ करोड ७२ लाख २७ हजार स्वीकृतिका लागि अर्थ मन्त्रालयमा सिफारिस गर्ने निर्णय गरेको हो ।



आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ बमोजिम स्वीकृत यी योजनाहरूका लागि अर्थ मन्त्रालयमार्फत स्रोत व्यवस्थापन गरिने छ । यसैगरी, लागत अनुमान नखुलेका र प्राथमिकीकरण हुन बाँकी आयोजनाहरूको विवरण प्राप्त भएपछि आवश्यक बजेट व्यवस्थाका लागि अर्थ मन्त्रालयमा सिफारिस गर्न राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणलाई निर्देशन दिइएको प्रधानमन्त्रीको सचिवालयले जनाएको छ । बैठकमा प्रधानमन्त्री शाहले विपद् व्यवस्थापनको काम सङ्घ, प्रदेश र स्थानीय सरकारको समन्वयमा भइरहेको र अब पुनःनिर्माण र पुनःस्थापनाा पनि सोहीअनुसार गरिने बताउनुभयो । उक्त कार्यमा विपक्षी दल तथा नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्देम्बे र बागमती, गण्डकी, मधेस र कोशी प्रदेशका मुख्यमन्त्रीहरुले आफ्नो पूर्ण साथ रहेको उल्लेख गर्नुभयो ।रासस

# औद्योगिक क्षेत्रका लागि यथाशीघ्र जग्गा उपलब्ध गराउन आग्रह



काठमाण्डु । उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिले औद्योगिक क्षेत्रका लागि उपलब्ध हुन नसकेको जग्गाको विषय १४ दिनभित्र टुङ्गोमा पुर्याउन सरकारको ध्यानाकर्षण गराएको छ ।

समितिका सभापति रहबर अन्सारीले आज सरोकारवालासँगको छलफलपछि औद्योगिक विकास क्षेत्रका लागि सिमरा र मोरङमा जग्गा व्यवस्थापनको कामलाई प्राथमिकतामा राखी तत्काल सहजीकरण गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयसँग आग्रह गर्नुभयो । उहाँले सिमराको विशेष आर्थिक क्षेत्र (सेज) मा करिब ४०० बिघा जग्गा खाली रहेको उल्लेख गर्दै औद्योगिक विकास क्षेत्रले लिजमा लिन पाए दुई-तीन वर्षभित्र उद्योग स्थापना गर्न सक्ने बताउनुभयो ।

"लिनेले लिन खोजेको छ, दिनेले दिन खोजेको छ । हामीले सहजीकरण गर्ने हो भने सात दिनमा काम हुन सक्छ भन्ने आयो, सात दिन हैन समय थपेर १४ दिनमा गरौं, तर यो विषय टुङ्गो लगाउनुपर्छ", उहाँले भन्नुभयो । सभापति अन्सारीले औद्योगिक करिडोरका लागि पर्याप्त जग्गा हुँदाहुँदै पनि उपलब्ध हुन नसकेको भन्दै त्यस्ता जग्गा व्यवस्थापनको विषयलाई विशेष प्राथमिकतामा राख्न मन्त्री दीपककुमार साहको ध्यानाकर्षण गराउनुभयो ।

उहाँले मोरङ र बारामा उद्योग स्थापना गर्न सकिए रोजगारी र उत्पादनमा उल्लेख्य प्रगति हुने बताउनुभयो । बैठकमा मोरङ औद्योगिक करिडोरमा विशेष आर्थिक क्षेत्र (सेज) का लागि पर्याप्त जग्गा रहे पनि उपयोगमा आउन नसकेको विषयसमेत उठेको थियो ।

समितिले भन्सारमा रहेका स्क्यानरलाई तत्काल 'अपडेट' गरी चालु अवस्थामा ल्याउन अर्थ मन्त्रालयलाई निर्देशन दिएको छ । भन्सारमा भइरहेको अनियमितताका विषयमा समितिले चासो राखेको थियो । कबाडी करका विषयमा सरोकारवाला, अर्थ मन्त्रालय र उद्योग मन्त्रालयसँग छलफल गरी पुनरावलोकन गर्न सकिने विषयमा आवश्यक प्रक्रिया अघि बढाउनुपर्ने सभापति अन्सारीले बताउनुभयो । रासस


## भूमिसुधार तथा मालपोत कार्यालय, जनकपुरधाम, धनुषा

## मोहीको हकदावि सम्बन्धी ३५ पैतिस दिने सार्वजनिक सूचना

उपरोक्त सम्बन्धमा जि. महोतरी नैन्ही गा.वि.स. वा.नं.९ हाल जिल्ला धनुषा तुल्सीयाही निकास गा.वि.स. वा.नं.८ मा बस्ने शोभाकान्त झाको छोरी वेचन मिश्रको श्रीमती उषा मिश्रका नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमको जग्गाको मोही शोभाकान्त झा मोहीमा जोति कमाई रहनु भएको अवस्थामा मिति २०६३/९/१६ गतेमा स्वर्गीय भई सक्नु भएको निज स्व. बुवा शोभा कान्त झाको मृत्यु पश्चात पछिको अंश हकखाने मेरो आमा चनैर देवी झा र छोरी एकमात्र म निवेदीका उषा मिश्र बाहेक कोही कुनै हकदार नभएकोमा सो उल्लेखित जग्गा साविक ज.ध. मकसुदन साहू सुडीको नाउँबाट हकहस्तान्तरण हुँदै उक्त कि.नं. २८१ कि. का. भई हाल म निवेदीका उषा मिश्रको नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमको उल्लेखित कित्ता जग्गाको मोही महलबाट एका संगोलको मोही शोभाकान्त झा जिल्ला धनुषा तुल्सीयाही निकास-६ को नाउँ कट्टा गरि पाउँ भन्ने व्यहोराको निवेदीका ज.ध.को निवेदन माग दावी रहेको उक्त निवेदन उपर कार्वाही हुँदा मिति २०८३/०५/१५ गतेमा भएको आदेशानुसार उल्लेखित कित्ता जग्गाको मोही शोभाकान्त झाको मृत्यु पश्चात मृतक मोहीको श्रीमती चनैर देवी झाको पनि मृत्यु पश्चात मृतक मोहीको हक अपुताली खाने हकदारहरुमा यी निवेदीका बाहेक अरु कोही हकदारहरु भए यो हकदावि सम्बन्धि यो ३५ पैतिस दिने सार्वजनिक सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ पैतिस दिन भित्र आफ्नो सबुत प्रमाण लिई आफैं वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद भित्र नआएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम तपसिलमा उल्लेखित किता जग्गाको मोही लगत कट्टा हुनेछ पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि यो ३५ पैतिस दिने सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा अनुरोध छ।

**तपसिल**

| सि.नं. | जिल्ला | गा.वि.स. | वडा नं. | किता नं. | क्षेत्रफल | मोही |
|---|---|---|---|---|---|---|
| १. | धनुषा | तुल्सीयाही निकास | ८ | ७१० | ०-१-२-० | शोभा कान्त झा |
| २. | धनुषा | तुल्सीयाही निकास | ८ | ७१२ | ०-१-९-८ | शोभाकान्त झा |
| ३. | धनुषा | तुल्सीयाही निकास | ८ | ७२३ | ०-०-१९-८ | शोभाकान्त झा |



## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि. शाखा कार्यालय जलेश्वरको ३५ दिने सूचना

**सूचना प्रकाशन मिति :- २०८३/०६/२० गते**

तपसिलमा उल्लेखित यस बैंकका कर्जा ग्राहकले विभिन्न मितिमा लिएको कर्जाको सावा, ब्याज लगायतका बैंक लाई तिर्नु बुझाउनु पर्ने रकम समयमा नबुझाएका, बैंक संग कर्जा लिदाका वखतमा तोकिएका शर्त बन्देजहरुको पालना नगरी बैंक संगको सम्झौता उल्लङ्घन गरेको, बैंकले बारम्बार मौखिक तथा लिखित तर ताकेता गर्दा समेत बैंकको कर्जा नबुझाउन, बैंकले कर्जा बुझाउने बारेको २१ दिने सुचना प्रकाशन गर्दा समेत कर्जा बुझाउने तर्फ कुनै पहल नगरेको/कर्जा नबुझाएको कारण बाट निम्न उल्लखित ग्राहकहरुलाई बैंक तथा बित्तिय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ को उपदफा(११) तथा नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन, २०८० को ई.प्र.१२/०८० कर्जा सूचना तथा कालोसूची सम्बन्धी ब्यवस्थाको बुँदा ९ को उपबुँदा (१) खण्ड(क) र खण्ड (ज) बमोजिम ऋणी, फर्म र सोको प्रोप्राईटरलाई कर्जा सूचना केन्द्रको कालोसूचीमा नाम समावेश बारे ३५ दिने सूचना प्रकाशन गरिएको छ ।

**तपसिल**

१. कर्जा ग्रहकको नाम श्री रोशन फर्निचर उघोग (Cs.944745)

| ऋणीको नाम | ठेगाना | दर्ता नं.र मिति | दता भएको कार्यालय | पान नं. र मिति | भा.ना सावाँ रकम | बाँकी ब्याज २०८३ असोज १ गतेसम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|
| नरसिंह कन्स्ट्रसन प्र.लि | जलेश्वर ७ | २१३१५८/०७५/०७६ २०७६.०१.०३ | कम्पनी रजिष्टारको कार्यलय | ३०३४५०७७७ २०६६/०२/२१ | ४२५६८९११.३७ | ८५६५३०.२२ | ५११३४२१७५९ |

**संचालक/प्रोप्राईटर**

| नामथर | ठेगाना | ना.प्र नं.र मिति | जिल्ला | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| दिपेन्द्र झा | जलेश्वर ८ | ३९२३५२८२ २०५२.०३.११ | महोत्तरी | चन्द्रदेव झा | श्रीधर झा |
| सिकेन्द्र कुमार झा | जलेश्वर ७ | ३९२३५२८२ २०५६.०२.१८ | महोत्तरी | चन्द्रदेव झा | श्रीधर झा |
| अरबिन्द झा | जलेश्वर ७ | ३९२३७०८१/७२२ २०५८.०६.२३ | महोत्तरी | चन्द्रदेव झा | श्रीधर झा |

२. कर्जा ग्रहकको नाम श्री रोशन फर्निचर उघोग (Cs.944978)

| ऋणीको नाम | ठेगाना | दर्ता नं.र मिति | दता भएको कार्यालय | पान नं. र मिति | भा.ना सावाँ रकम | बाँकी ब्याज २०८३ असोज १ गतेसम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|
| रोशन फर्निचर उघोग | जलेश्वर १ | १३८३/५१/०५६ २०५६.०९.२१ | घरेलु तथा साना उघोग कार्यालय जलेश्वर | ३००४८२३७१ | ४८५००० | १६१२९९।६६ | ६४६२९९।६६ |

संचालक/प्रोप्राईटर

| नामथर | ठेगाना | ना.प्र नं.र मिति | जिल्ला | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| शिव शंकर साह | जलेश्वर ०८ | ३९२३४१५८ २०४६.०३.२७ | महोत्तरी | जिवछ साह | पुलकीत साह |

३. कर्जा ग्रहकको नाम श्री प्रिति ईम्पोरीयम (Cs.1712359)

| ऋणीको नाम | ठेगाना | दर्ता नं.र मिति | दता भएको कार्यालय | पान नं. र मिति | भा.ना सावाँ रकम | बाँकी ब्याज २०८३ असोज १ गतेसम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|
| प्रिति ईम्पोरीयम | जलेश्वर ९ | ४२५२/५७/०७४ २०७४.०९.२४ | बाण्जिय बिभाग | ६०७३७०८०३ २०७४/०९/२६ | १८००००० | ६६५४२२।२५ | २४६५४२२।२५ |

संचालक/प्रोप्राईटर

| नामथर | ठेगाना | ना.प्र नं.र मिति | जिल्ला | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| राजन साह | परिकोली ०५ | १८–०१–०१५/९३ २०६६.०१.१५ | महोत्तरी | भोला साह | राम लखन साह |

४. कर्जा ग्रहकको नाम श्री सान्ती देबि यादब (Cs.944466)

| ऋणीको नाम | ठेगाना | ना.प्र नं.र मिति | जिल्ला | बाबु /पतिको नाम | बाजे /ससुराको नाम | भा.ना सावाँ रकम | बाँकी ब्याज २०८३ असोज १ गतेसम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| सान्ती देबि यादब | नैन्ही ०१ हाल जलेश्वर ०७ | २५५६ २०३७.०२.१३ | महोत्तरी | रामनन्दन राय यादव | नथुनी राय यादब | ९००००० | ४४६७५९।५८ | १३४६७५९।५८ |

५. कर्जा ग्रहकको नाम श्री नथुनी साह (Cs.945601)

| ऋणीको नाम | ठेगाना | ना.प्र नं.र मिति | जिल्ला | बाबु /पतिको नाम | बाजे /ससुराको नाम | भा.ना सावाँ रकम | बाँकी ब्याज २०८३ असोज १ गतेसम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| नथुनी साह | जलेश्वर ०१ | ३९२३४१५९ २०४६.०३.२७ | महोत्तरी | जिवछ साह सोनार | पुलकीत साह | ३००००० | १२६०९६।७४ | ४२६०९६।७४ |

६. कर्जा ग्रहकको नाम श्री चन्द्रनरायण प्रासाद राउत (Cs.944983)

| ऋणीको नाम | ठेगाना | ना.प्र नं.र मिति | जिल्ला | बाबु /पतिको नाम | बाजे /ससुराको नाम | भा.ना सावाँ रकम | बाँकी ब्याज २०८३ असोज १ गतेसम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| चन्दुनरायण प्रसाद राउत | जलेश्वर ०१ | ३९२३६५०० २०३२.०२.९५ | महोत्तरी | हरीशरन प्रसाद राउत | रमा राउत | ५००००० | १०९९०५।९६ | ६०९९०५।९६ |

७. कर्जा ग्रहकको नाम श्री दशरथ भण्डारी (Cs. 944821)

| ऋणीको नाम | ठेगाना | ना.प्र नं.र मिति | जिल्ला | बाबु /पतिको नाम | बाजे /ससुराको नाम | भा.ना सावाँ रकम | बाँकी ब्याज २०८३ असोज १ गतेसम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| दशरथ भण्डारी | जलेश्वर ०५ | ८३३६०२५० २०३४.०२.१३ | महोत्तरी | नथुनी भण्डारी | बिलट भण्डारी | ९४७६१० | ११४०८५।२९ | १०६१६९५।२६ |

८. कर्जा ग्रहकको नाम श्री शिव महिमा कन्स्ट्रक्सन (Cs.944220)

| ऋणीको नाम | ठेगाना | दर्ता नं.र मिति | दता भएको कार्यालय | पान नं. र मिति | भा.ना सावाँ रकम | बाँकी ब्याज २०८३ असोज १ गतेसम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|
| शिव महिमा कन्स्ट्रक्सन | हखोरी ०७ हाल जलेश्वर १ | ०३/०६३/०६४ २०६४.०२.१३ | जिल्ला बिकस समिती महोत्तरी | ३००२६३३३० २०५८/०५/३१ | २६५०००० | २८१८४६।५२ | २९३१८४६।५२ |

संचालक/प्रोप्राईटर

| नामथर | ठेगाना | ना.प्र नं.र मिति | जिल्ला | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| राजेशव्र राई | परिकोली ०५ | ८५०८११६८ २०४३.०३.२९ | महोत्तरी | अनुरोध राय | अंश राय |

९.कर्जा ग्रहकको नाम श्री स्वराज हार्डवेयर (Cs.1360550)

| ऋणीको नाम | ठेगाना | दर्ता नं.र मिति | दता भएको कार्यालय | पान नं. र मिति | भा.ना सावाँ रकम | बाँकी ब्याज २०८३ असोज १ गतेसम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|
| स्वराज हार्डवेयर | पिपरा ०४ | १३६४/३७५/०६८/०६९ २०६८.०७.२५ | जिल्ला बिकस समिती महोत्तरी | ३००२६३३३० २०५८/०५/३१ | २६५०००० | २८१८४६।५२ | २९३१८४६।५२ |

संचालक/प्रोप्राईटर

| नामथर | ठेगाना | ना.प्र नं.र मिति | जिल्ला | बाबुको नाम | बाजेको नाम |
|---|---|---|---|---|---|
| रामजी चौधरी | परिकोली ०५ | ७३९५२९३९ २०३८.०३.११ | महोत्तरी | रामजी चौधरी | गंगाराम चौधरी |

१०. कर्जा ग्रहकको नाम श्री रबिन्द्र पाण्डे भुमिहार (Cs.945559)

| ऋणीको नाम | ठेगाना | ना.प्र नं.र मिति | जिल्ला | बाबु /पतिको नाम | बाजे /ससुराको नाम | भा.ना सावाँ रकम | बाँकी ब्याज २०८३ असोज १ गतेसम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| रबिन्द्र पाण्डे भुमिहार | जलेश्वर १२ | २७२७०४०४ २०४१.०४.०१ | महोत्तरी | बुभावन पाण्डे | मुकुन्देव पाण्डे | ३००००० | ३५४३७६५ | ३३५४३७६५ |

११. कर्जा ग्रहकको नाम श्री बिष्णुदेव यादब (Cs.944652)

| ऋणीको नाम | ठेगाना | ना.प्र नं.र मिति | जिल्ला | बाबु /पतिको नाम | बाजे /ससुराको नाम | भा.ना सावाँ रकम | बाँकी ब्याज २०८३ असोज १ गतेसम्म | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| बिष्णुदेव यादब | अंकार ०७ | ०१२३०९२१ २०४०.०२.२५ | महोत्तरी | महाबिर यादव | जदु राय | ९७९३६३ | २१९७२१।८४ | ११९९०८५।४३ |

**कृषि विकास बैंक लि.**
**मधेश प्रदेश कार्यालय, जनकपुर**

# दुधमतिमा साप्ताहिक आरती शुरु



**टुडे समाचारदाता**

जनकपुरधाम । ऐतिहासिक तथा धार्मिक महत्व बोकेको दुधमती नदीको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले धनुषाको क्षिरेश्वरनाथ नगरपालिकाको महेन्द्रनगरस्थित अर्जनवामा साप्ताहिक दुधमती महाआरती शुभारम्भ गरिएको छ।

मधेश प्रदेश सभाका सभामुख रामअशिष यादवले जलपूजन गर्दै एक विशेष समारोहबीच महाआरतीको शुभारम्भ गरेका हुन्।

महाआरतीको शुभारम्भपछि सम्बोधन गर्दै सभामुख यादवले प्रकृति र संस्कृतिको संरक्षणलाई मुख्य उद्देश्य बनाएर दुधमती महाआरतीको थालनी गरिएको बताए। उनले नदी, जलस्रोत तथा धार्मिक सांस्कृतिक सम्पदाको संरक्षणका लागि राज्य र समाजबीच सहकार्य आवश्यक रहेको बताए।

छाता इनिसिएटिभका अध्यक्ष अमरेन्द्रकुमार यादवको संयोजकत्वमा सुरु गरिएको साप्ताहिक महाआरतीको पहिलो दिनको कार्यक्रममा संघीय सांसद राजकिशोर महतो, बृहत्तर जनकपुरधाम क्षेत्र विकास परिषदका अध्यक्ष कौशलेन्द्र झा, महोत्तरीका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादव, वडाध्यक्ष जीबछ मण्डल, सेभ हिस्टोरिकल जनकपुरधामका अध्यक्ष अधिवक्ता राजकुमार महासेठ, वृक्षमानव सुरेश शर्मा, दुधमती गरिमा संरक्षण समितिका अध्यक्ष सुदीप मण्डललगायतको उपस्थिति थियो।

दुधमती महाआरती अब प्रत्येक शनिबार साँझ ६ बजे सञ्चालन हुनेछ। दुधमती नदीको उद्गमस्थल मानिएको अर्जनवामा सुरु गरिएको महाआरतीले नदीको धार्मिक महत्वसँगै यसको संरक्षण र सरसफाइप्रति स्थानीयस्तरमा जनचेतना अभिवृद्धि गर्ने विश्वास गरिएको छ।

महाआरतीको पहिलो दिन स्थानीय बासिन्दाको उल्लेखनीय तथा उत्साहजनक सहभागिता रहेको थियो। धार्मिक आस्था, सांस्कृतिक पहिचान र प्राकृतिक सम्पदा संरक्षणलाई जोड्दै सुरु गरिएको महाआरतीलाई निरन्तरता दिने आयोजकले जनाएको छ।

# मधेशमा भ्रष्टाचार सम्बन्धी १० हजारभन्दा बढी उजुरी दर्ता

**प्रदेशगत रूपमा मधेस बागमती प्रदेशभन्दा पछाडि दोश्रो स्थानमा रहेका छन् । मधेसमा प्रदेश सरकार र स्थानीय तहसँग सम्बन्धित उजुरीको संख्या अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी रहेको प्रतिवेदनमा उल्लेख छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेशसँग सम्बन्धित भ्रष्टाचार सम्बन्धी १० हजार ७ सय ४६ उजुरी अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएको छ।

सोमबार मधेस प्रदेश प्रमुख सुरेन्द्रलाल कर्णसक्षम अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय बर्दिबासले प्रस्तुत गरेको ३६ औं वार्षिक प्रतिवेदन अनुसार देशभर दर्ता भएका कुल ४० हजार ८ सय ४२ उजुरीमध्ये मधेस प्रदेशको मात्रै २६.३१ प्रतिशत उजुरी रहेको छ।

प्रदेशगत रूपमा मधेस बागमती प्रदेशभन्दा पछाडि दोश्रो स्थानमा रहेका छन् । मधेसमा प्रदेश सरकार र स्थानीय तहसँग सम्बन्धित उजुरीको संख्या अन्य प्रदेशको तुलनामा सबैभन्दा बढी रहेको प्रतिवेदनमा उल्लेख छ।

मधेसमा दर्ता भएका १० हजार ७ सय ४६ उजुरीमध्ये स्थानीय तहसँग सम्बन्धित मात्रै ७ हजार ३ सय ७० (६८.५८) प्रतिशत छन्। प्रदेश सरकारसँग सम्बन्धित १ हजार ४ सय ७५ (१३.७२) प्रतिशत र संघीय सरकारसँग सम्बन्धित १ हजार ९ सय १ (१७.६९) प्रतिशत उजुरी दर्ता रहेको बताइएको छ।

देशभर सबैभन्दा बढी उजुरी पर्ने जिल्लामा काठमाडौं पहिलो स्थानमा रहेको देखाएको छ भने मधेसको धनुषा २ हजार १ सय १ उजुरीसहित दोस्रो स्थानमा छ।

देशभर धेरै उजुरी पर्ने प्रमुख १० जिल्लामध्ये कास्कीबाहेक अधिकांश जिल्ला मधेस प्रदेशका छन् । प्रतिवेदनमा पर्सामा १ हजार ४ सय ४, महोत्तरीमा १ हजार ३ सय ९३, बारामा १ हजार ३ सय १८, सप्तरीमा १ हजार २ सय ३, सिरहामा १ हजार १ सय ७६ र रौतहटमा १ हजार १ सय ४९ उजुरी दर्ता भएको देखाइएको छ।



मधेसमा परेका उजुरीमध्ये अधिकांश स्थानीय तहको बढी रहेको देखिन्छ । देशभरका स्थानीय तहसँग सम्बन्धित उजुरीमध्ये मधेस प्रदेशमा मात्रै ७ हजार ३ सय ७० (३६.८०) प्रतिशत उजुरी परेको आयोगको प्रतिवेदनमा उल्लेख छ।

त्यस्तै स्थानीय तहपछि प्रदेश सरकारसँग सम्बन्धित उजुरीको तथ्यांकमा पनि मधेस अग्रणी स्थानमा देखिएको छ । देशभर प्रदेश सरकारसँग सम्बन्धित ५ हजार ३ सय ५ उजुरीमध्ये मधेस प्रदेशसँग मात्रै १ हजार ४ सय ७५ (२७.८०) प्रतिशत उजुरी रहेको प्रतिवेदनमा देखाइएको छ।

मधेसका सर्लाही, महोत्तरी, धनुषा र सिरहा गरी चार जिल्लासहित नौ जिल्लाको जिम्मेवारी अख्तियारको बर्दिबास कार्यालयले हेर्दै आएको छ भने बागमतीका दुई र कोशीका तीन जिल्ला हेर्दै आएको छ।

बर्दिबास कार्यालयका सूचना अधिकार प्रकास पोखरेलले आर्थिक वर्ष २०८२/८३ मा कार्यालयमा अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका तथा सो अवधिमा दर्ता भएका गरी जम्मा ३ हजार ८ सय ३६ उजुरी रहेकोमा तीमध्ये २ हजार ५ सय ८ ( ६५.३८) प्रतिशत उजुरी फछ्र्योट भएको बताए।

उनका अनुसार बाँकी १ हजार ३ सय २८ उजुरी आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सरेका छन्। आयोग मातहतका आठ कार्यालयमध्ये बर्दिबासमा सबैभन्दा बढी ९.३९ प्रतिशत उजुरी दर्ता भएको उनको भनाइ छ।

कार्यालयमा परेको उजुरीमध्ये शिक्षा क्षेत्रसँग सम्बन्धित १४.६७ प्रतिशत, गैरकानुनी सम्पत्ति आर्जनसँग सम्बन्धित ७.०८ प्रतिशत र अन्य विविध विषयसँग सम्बन्धित उजुरी १०.४६ प्रतिशत रहेको प्रतिवेदनमा उल्लेख छ।

प्रतिवेदन बुझ्दै प्रदेश प्रमुख कर्णले उजुरीको चाप धेरै देखिएकाले यसको निरुपणतर्फ आयोगले थप अग्रसर भएर काम गर्नुपर्नेमा जोड दिएका छन्।

आर्थिक वर्ष २०८२/८३ मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मुख्यालय र सबै कार्यालयमा विभिन्न माध्यमबाट ३३ हजार ५ सय १० नयाँ उजुरी दर्ता भएका थिए। अघिल्लो आर्थिक वर्षबाट जिम्मेवारी सरेका ७ हजार ३ सय २३ उजुरीसमेत गरी कुल ४० हजार ८ सय ४२ उजुरी कायम भएका थिए। तीमध्ये ३२ हजार ८ सय २३ अर्थात् ८०.३७ प्रतिशत उजुरी प्रारम्भिक छानबिनबाट फछ्र्योट भएका छन् भने ८ हजार १९ उजुरी आगामी आर्थिक वर्षका लागि जिम्मेवारी सरेका छन्।

तहगत रूपमा स्थानीय तहसँग सम्बन्धित उजुरी सबैभन्दा धेरै २० हजार २५ (४९.०३) प्रतिशत छन् । संघसँग सम्बन्धित १५ हजार ५ सय १२ (३७.९८) प्रतिशत र प्रदेशसँग सम्बन्धित ५ हजार ३ सय ५ ( १२.९९) प्रतिशत उजुरी दर्ता भएका छन् । आयोगले विस्तृत अनुसन्धान सम्पन्न गरी निर्णय गरेका ७ सय ८७ उजुरीमध्ये १ सय ७५ वटा मुद्दा विशेष अदालतमा दायर गरिएको प्रतिवेदनमा उल्लेख छ । दायर भएका मुद्दामध्ये संघसँग सम्बन्धित ६८, प्रदेशसँग सम्बन्धित ३० र स्थानीय तहसँग सम्बन्धित ७७ वटा छन् । प्रदेशगत रूपमा सबैभन्दा धेरै मुद्दा बागमती प्रदेशसँग सम्बन्धित ४४ वटा दायर भएका छन् भने मधेस प्रदेशसँग सम्बन्धित ४० वटा मुद्दा दायर भएका छन्।

आयोगमा परेका उजुरीमध्ये सबैभन्दा ठूलो हिस्सा संघीय मामिला तथा स्थानीय तहसमेतको भूमि प्रशासनसँग सम्बन्धित रहेको छ। यस्तो उजुरी ६.७७ प्रतिशत छन् । गृह प्रशासनसँग सम्बन्धित ४.५ प्रतिशत, वन तथा वातावरणका ४.०७ प्रतिशत, भौतिक पूर्वाधार तथा यातायातका ३.६७ प्रतिशत, स्वास्थ्यका ३.६४ प्रतिशत, नक्कली शैक्षिक प्रमाणपत्रका ३.३९ प्रतिशत, ऊर्जा, जलस्रोत तथा सिँचाइका २.५० प्रतिशत, अर्थसँग सम्बन्धित २.२४ प्रतिशत तथा संस्कृति, पर्यटन तथा नागरिक उड्डयनसँग सम्बन्धित १.५७ प्रतिशत उजुरी परेको प्रतिवेदनमा उल्लेख छ।

# जानकी आँखा अस्पतालको संयोजकमा राय र कोषाध्यक्षमा साह

**टुडे समाचारदाता**

जनकपुरधाम। नेपाल रेडक्रस सोसाइटी अन्तर्गत सञ्चालित जनकपुरधामस्थित जानकी आँखा अस्पताल सञ्चालन समितिमा नयाँ पदाधिकारी मनोनीत गरिएको छ।

रेडक्रस सोसाइटीको केन्द्रीय तदर्थ समितिको बैठकको निर्णयअनुसार रघुवीर रायलाई संयोजक र संजयपसाद साहलाई कोषाध्यक्ष पदमा मनोयन गरेको छ।



नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयले जारी गरेको छुट्टाछुट्टै पत्रअनुसार दुवैलाई चार वर्षको कार्यकालका लागि जिम्मेवारी दिइएको छ । साह यसअघि पनि सञ्चालन समितिको कोषाध्यक्ष पदको जिम्मेवारी सम्हालिसकेका छन् । उनको कार्यकालमा अस्पतालले आर्थिकतर्फ राम्रो फड्को मारेको थियो । अस्पतालको सुधार र विकासमा पनि उनले राम्रो भूमिका उनले निर्वाह गरेका थिए।

रेडक्रस सोसाइटी केन्द्रीय तदर्थ समितिको २०८३ असोज ७ गते बसेको बैठकको निर्णयअनुसार नेपाल रेडक्रस सोसाइटी आँखा अस्पताल सञ्चालन नियमावली, २०८१ (पहिलो संशोधन २०८३) को नियम ५.१ को (क) र (ग) मा भएको व्यवस्थाबमोजिम शाहलाई जानकी आँखा अस्पताल सञ्चालन समितिको कोषाध्यक्ष पदमा मनोनीत गरिएको पत्रमा उल्लेख छ।

नेपाल रेडक्रस सोसाइटीका महामन्त्री ऋषिराम खनालद्वारा हस्ताक्षरित पत्रमा मनोनीत पदाधिकारीहरूले नेपाल रेडक्रस सोसाइटीको प्रचलित विधान तथा आँखा अस्पताल सञ्चालन नियमावली, २०८१ (पहिलो संशोधन २०८३) बमोजिम आफ्नो कार्यसम्पादन गर्ने विश्वास व्यक्त गरिएको छ।

जानकी आँखा अस्पताल जनकपुरधाममा लामो समयदेखि आँखा उपचार सेवा प्रदान गर्दै आएको महत्वपूर्ण स्वास्थ्य संस्था हो । अस्पतालको सञ्चालन, व्यवस्थापन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउन सञ्चालन समितितर्फको तर्फ महत्वपूर्ण भूमिका निर्वाह गर्ने साहले बताएका छन्।

मनोनयनसँगै उनले अस्पतालको व्यवस्थापन तथा प्रशासनिक कामलाई थप व्यवस्थित बनाउने प्रतिबद्धता जनाएको छ। रेडक्रस सोसाइटीले मनोनीत दुवै पदाधिकारीलाई तोकिएको जिम्मेवारी अनुसार अस्पताल सञ्चालन तथा व्यवस्थापनमा प्रभावकारी भूमिका निर्वाह गर्न आग्रह गरेको छ।

यसअघि छोटो अवधिका लागि अस्पतालको संयोजकको जिम्मेवारी नेपाल रेडक्रस सोसाइटी धनुषाका अध्यक्ष पंकज महतोलाई दिइएको थियो । रिक्त पदपूर्तिपछि उनको जिम्मेवारी अस्पतालबाट अब समाप्त हुन गएको छ।

# सवारी चाप नियन्त्रणमा गर्न एकतर्फी पार्किँग

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधामको प्रमुख बजार क्षेत्रमा बढ्दो सवारी चापलाई व्यवस्थित गर्न एकतर्फी यातायात सञ्चालन (वन वे) सँगै एकतर्फी पार्किङ व्यवस्था पनि लागू ट्राफिक प्रहरीले लागू गरेको छ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाले रामानन्द चोकदेखि जनक चोकसम्म एकतर्फी यातायात सञ्चालन र पिडारी चोकदेखि मिल्सेरिया चोकसम्म एक साइड पार्किङको व्यवस्था गरिएको जनाएको छ।

यातायात र पार्किङ व्यवस्थालाई प्रभावकारी बनाउन चालक, व्यवसायी तथा सर्वसाधारणको सहयोग आवश्यक रहेको बताए।

उनका अनुसार सडकमा जथाभावी पार्किङ गर्दा सवारी आवागमन प्रभावित हुनुका साथै पैदलयात्रीलाई समेत समस्या हुने गरेको छ। त्यसैले ट्राफिक नियमको पालना गर्दै तोकिएको स्थानमा मात्रै पार्किङ गर्ने र एकतर्फी सडकको नियम अनिवार्य रूपमा पालना गर्न उनले आग्रह गरे।

प्रहरी निरीक्षक दाहालले भने,



मुख्य बजार क्षेत्रमा अव्यवस्थित पार्किङका कारण हुने सवारी जाम तथा आवागमनमा देखिएको समस्या न्यूनीकरण गर्ने उद्देश्यले उक्त व्यवस्था लागू गरिएको ट्राफिक प्रहरीले जनाएको छ । नयाँ व्यवस्था अनुसार सवारी चालक तथा व्यवसायीले सडकमा जथाभावी सवारी पार्किङ नगरी तोकिएको स्थानमै पार्किङ गर्नुपर्नेछ।

जिल्ला ट्राफिक प्रहरी कार्यालय धनुषाका प्रमुख प्रहरी निरीक्षक खगेन्द्रकुमार दाहालले एकतर्फी

'व्यवस्थित यातायातका लागि ट्राफिक प्रहरीले मात्रै प्रयास गरेर सम्भव हुँदैन। चालक, व्यवसायी र सर्वसाधारण सबैले नियमको पालना र सहयोग गरे मात्रै जनकपुरधामको यातायात व्यवस्थापन प्रभावकारी बन्न सक्छ।'

ट्राफिक प्रहरीले सडकको एकतर्फी नियम उल्लङ्घन नगर्न, सडक तथा फुटपाथ अवरुद्ध हुने गरी सवारी पार्किङ नगर्न र ट्राफिक व्यवस्थापनमा सहयोग गर्न सबैमा आग्रह गरेको छ।

# यादवको पुस्तक 'पाइल फाउण्डेशन फर ब्रिज' बीईका लागि सिफारिस

**टुडे समाचारदाता**

जनकपुरधाम । इन्जिनियरिङ शिक्षा र पूर्वाधार विकासका क्षेत्रमा महत्वपूर्ण मानिने 'पाइल फाउण्डेशन फर ब्रिज' भन्ने पुस्तकको तेस्रो संस्करण त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थानको ब्याचलर अफ इन्जिनियरिङ (बीई) कार्यक्रमका लागि सन्दर्भ पाठ्यपुस्तकका रूपमा सिफारिस गरिएको छ।

इन्जिनियर तथा नेपाल सरकारका पूर्वसचिव एर. तनुकलाल यादवद्वारा लिखित उक्त पुस्तक पुल निर्माण तथा पुलको जग (फाउण्डेशन) सम्बन्धी प्राविधिक ज्ञान हासिल गर्न चाहने विद्यार्थी, इन्जिनियर तथा प्राविधिक क्षेत्रका अध्येताका लागि उपयोगी सन्दर्भ सामग्रीका रूपमा मानिएको छ।

पुस्तकको तेस्रो संस्करणलाई त्रिभुवन विश्वविद्यालय अन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थानको स्नातक तहको इन्जिनियरिङ अध्ययनमा सन्दर्भ सामग्रीका रूपमा समावेश गरिनुले नेपालमा पुल तथा पूर्वाधार निर्माणसँग सम्बन्धित प्राविधिक ज्ञानलाई शैक्षिक अध्ययनसँग जोड्ने प्रयासका रूपमा लिने सकिने दाबी गरिएको छ।

सो पुस्तक मुख्यतः पुल निर्माणमा प्रयोग हुने पाइल फाउन्डेसनसँग सम्बन्धित प्राविधिक विषयमा केन्द्रित छ। पुलको संरचनात्मक स्थायित्व, जग निर्माणका प्रविधि तथा सम्बन्धित इन्जिनियरिङ अवधारणालाई अध्ययनका दृष्टिले समेटिएको पुस्तक इन्जिनियरिङका विद्यार्थी तथा व्यावसायिक क्षेत्रमा कार्यरत इन्जिनियरका लागि सन्दर्भ सामग्रीका रूपमा उपयोगी हुने अपेक्षा गरिएको छ।

नेपालमा सडक, पुल तथा अन्य भौतिक पूर्वाधार निर्माणको काम तीव्र रूपमा भइरहेका बेला दक्ष प्राविधिक जनशक्ति उत्पादन र




नेपाली परिवेशअनुकूल प्राविधिक सन्दर्भ सामग्रीको आवश्यकता पनि बढ्दै गएको छ । यस्तो अवस्थामा नेपाली इन्जिनियरबाट लेखिएको प्राविधिक पुस्तक विश्वविद्यालयको इन्जिनियरिङ अध्ययनमा सन्दर्भ सामग्रीका रूपमा प्रयोग हुनु महत्वपूर्ण विषय भएको लेखकको भनाइ छ।

पुस्तकका लेखक तनुकलाल यादव नेपाल सरकारका पूर्वसचिव हुन् । लामो समय सरकारी सेवामा रहेर पूर्वाधार तथा प्राविधिक क्षेत्रमा काम गरेका यादवले आफ्नो व्यावसायिक अनुभव र इन्जिनियरिङ ज्ञानलाई पुस्तकमार्फत प्रस्तुत गरेका हुन्।

पुस्तकको तेस्रो संस्करण सन्दर्भ पुस्तकका रूपमा निर्धारित भएपछि इन्जिनियरिङ क्षेत्रका विद्यार्थी तथा प्राविधिकहरूका लागि यसको पहुँच अझ विस्तार हुने विश्वास गरिएको छ । लेखक यादवले पुस्तकलाई इन्जिनियरिङ अध्ययनमा सन्दर्भ सामग्रीका रूपमा स्थान दिएकोमा त्रिभुवन विश्वविद्यालयअन्तर्गत इन्जिनियरिङ अध्ययन संस्थानप्रति आभार व्यक्त गरेका छन्।

उनका अनुसार नेपालमा पूर्वाधार विकासको गति बढिरहेको अवस्थामा पुल निर्माणसँग सम्बन्धित आधुनिक तथा व्यावहारिक प्राविधिक ज्ञानलाई विद्यार्थी तहदेखि नै व्यवस्थित रूपमा अध्ययन गराउनु आवश्यक छ।

नेपालमा भौतिक पूर्वाधार विकासको महत्वपूर्ण हिस्सा सडक र पुल निर्माण हो। भौगोलिक रूपमा जटिल भू-बनोट भएको नेपालमा पुल निर्माण गर्दा जगको डिजाइन, माटोको अवस्था, भार वहन क्षमता तथा निर्माण प्रविधि अत्यन्त महत्वपूर्ण मानिन्छ।

यसै सन्दर्भमा पुलको पाइल फाउन्डेसनसम्बन्धी विषयलाई केन्द्रमा राखेर तयार गरिएको पुस्तक इन्जिनियरिङ शिक्षाका विद्यार्थीका लागि सैद्धान्तिक ज्ञानसँगै व्यावहारिक पक्ष बुझ्न सहयोगी हुने लेखक यादवको विश्वास छ।

# हराएका बालिकाको दिल्लीबाट उद्धार

**टुडे समाचारदाता**

राजविराज । सप्तरीको हनुमाननगर कंकालिनी नगरपालिका-८ जोगिनियाँबाट हराएका दुई बालिकालाई भारतको नयाँ दिल्लीबाट सकुशल उद्धार गरी पहरीले परिवारको जिम्मा लगाएको छ।

जोगिनियाँकी १६ वर्षीया अनिसा कुमारी यादव र सोही उमेरकी बबिता कुमारी गोठिया गत भदौ ११ गतेदेखि सम्पर्कविहीन भएका थिए। उनीहरू हराएको भन्दै परिवारले जिल्ला प्रहरी कार्यालय सप्तरीमा खोजतलासका लागि निवेदन दिएका थिए।

निवेदनपछि प्रहरीले खोजी सुरु गरेको थियो। अनुसन्धानका क्रममा दुवै बालिका भारतको नयाँ दिल्लीमा रहेको जानकारी प्राप्त भएपछि जिल्ला प्रहरी कार्यालय सप्तरीले त्यहाँस्थित 'किड इन्डिया' संस्थाकसँग समन्वय गरेको थियो । समन्वयपछि




संस्थाका निर्देशक नवीन जोशीले दुवै बालिकालाई नेपाल ल्याई जिल्ला प्रहरी कार्यालय सप्तरीमा बुझाएका थिए । प्रहरी नायब उपरीक्षक हेमराज घिमिरेका अनुसार आवश्यक समन्वय र प्रक्रियापछि बालिकाहरूलाई आइतबार साँझ परिवारको जिम्मा लगाइएको हो।

प्रहरी कार्यालयमा ल्याइएका दुवै बालिकाका अभिभावकलाई बोलाएर आवश्यक प्रक्रिया पूरा गरेपछि उनीहरूलाई सुरक्षित रूपमा परिवारको जिम्मा लगाइएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

**जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.**द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, **जि.प्र.का.ध.द.नं.** ९१/०५७/५८